सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१९ भदौ २०८२, बिहीबार (4 Sep 2025, Thursday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १९ ■ अंक १४४ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

■ डेढ वर्षदेखि फरार छिपछिपे सहकारी ठगीमा संलग्न राप्रपा सांसद बस्नेत १५ लाख धरौटीमा रिहा

एमाले नेता ऋषिकेश पोखरेलकी पत्नीकै शैलीमा अदालतमा उपस्थित भएकै दिन बयान, थुनछेक बहस र धरौटीमा रिहा



सांसद बस्नेतविरुद्ध चितवनमा पनि अर्को मुद्दा दायर छ। आफूविरुद्ध मुद्दा दायर भएपछि संसद्बाट उनी बिरामी बिदा लिएर बसेकी छिन्। प्रहरीले पनि डेढ वर्षसम्म उनलाई पत्राउ गर्न चासो दिएन।

■ छिपछिपेमा पनि जिबीकै शैलीमा गरिएको थियो ठगी

सहकारी ठगीका मुद्दामा चयनमुखी अनुसन्धान र अभियोजन गर्दै आएको आरोप खेपिरहेको प्रहरीले छिपछिपे सहकारी ठगी प्रकरणमा पनि उस्तै भूमिका देखाएको छ। बचतकर्ताको पैसा विभिन्न निजी कम्पनीमा लगानी गर्दा छिपछिपे सहकारी डुबेको थियो। तर, प्रहरीले यसमा संगठित अपराध तथा सम्पत्ति शुद्धीकरणतर्फ अनुसन्धान गरेको छैन। जबकि जिबी राईका सहकारीबाट यसैगरी रकम दुरुपयोग हुँदा प्रहरीले सहकारीका सञ्चालक मात्र होइन, पैसा गएका कम्पनीका तत्कालीन सञ्चालकलाई समेत मुख्य प्रतिवादी बनाएर मुद्दा दायर गरेको थियो। छिपछिपे सहकारीको ठगीमा प्रहरीले सुरुमा संगठित अपराधतर्फ पनि अनुसन्धान गरेको थियो। तर, संगठित अपराध मुद्दा लगाउँदा पीडितहरूले बचत फिर्ता पाउन कठिन हुन सक्ने भन्दै सरकारी वकिल कार्यालयले सहकारी ठगी मुद्दा मात्र चलाएको थियो।

नयाँ पत्रिका

सहकारी ठगी प्रकरणमा डेढ वर्षदेखि फरार राप्रपा सांसद गीता बस्नेत अदालतमा हाजिर भएकै दिन १५ लाख धरौटीमा रिहा भएकी छिन्। पूर्वी नवलपरासी (नवलपुर) को कावासोतीस्थित छिपछिपे सहकारीको ठगी प्रकरणमा बुधबार जिल्ला अदालत नवलपुरका न्यायाधीश कमलप्रसाद ज्ञवालीको इजलासले उनलाई धरौटीमा रिहा गरेको हो।

बस्नेत हाजिर भएकै दिन बयान सकिएपछि थुनछेक आदेश जारी भएको थियो। अदालतको आदेशअनुसार १५ लाख रुपैयाँ बैंक ग्यारेन्टी बुझाएर उनी तारेखमा रिहा भएकी हुन्। लामो समय फरारपछि अदालतमा उपस्थित भएकी उनी एक दिन पनि थुनामा बस्नुपरेन।

यसअघि एमाले नेता तथा संसद्को सार्वजनिक लेखा समितिका सभापति ऋषिकेष पोखरेलकी पत्नीको मुद्दामा पनि राज्यले यस्तै व्यवहार गरेको थियो। मोरङको उमागौरी सहकारीको रकम हिनामिनामा प्रत्यक्ष जोडिएकी उनकी पत्नी अञ्जला कोइरालालाई पनि प्रहरीले फरार बनाएर मुद्दा दायर गरेको थियो। जबकि उनी घरमै थिइन्। उनी एकैपटक जिल्ला अदालतमा उपस्थित भइन्। त्यही दिन उनको पेसी तोकियो, त्यही दिन थुनछेक बहस भयो र त्यही दिन १० लाख धरौटीमा रिहा भइन्।

राप्रपा सांसद गीतालाई पनि बयान र थुनछेक बहस सकिएपछि बुधबारै धरौटीमा रिहा गरिएको जिल्ला अदालत नवलपुरका सेरेस्तेदार प्रेमप्रसाद पौडेलले बताए। 'उहाँ आजै अदालतमा उपस्थित हुनुभएको थियो। बयान र थुनछेक सकिएपछि अदालतको आदेशअनुसार १५ लाख रुपैयाँ धरौटी बैंक ग्यारेन्टीमार्फत बुझाएर तारेखमा रिहा हुनुभएको छ,' सेरेस्तेदार पौडेलले भने।

प्रहरीले अनुसन्धान थालेलगत्तै उनी फरार थिइन्। उनी राप्रपाकी समानुपातिक सांसद हुन्। यसअघि एमाले सांसद ऋषिकेश पोखरेलकी श्रीमती अञ्जला कोइराला पनि यसैगरी हाजिर भएकै दिन धरौटीमा छुटेकी थिइन्।

बस्नेतविरुद्ध २० जेठ ०८१ मा मुद्दा दायर भएको थियो। तीन हजार १०९ जना बचतकर्ताको १६ करोड ५६ लाख ९४० रुपैयाँ हिनामिना गरेको अभियोगमा ३५ जनाविरुद्ध मुद्दा दायर भएको थियो।

सहकारीको पैसा सांसद बस्नेत सञ्चालक रहेको बर्दियाको कृष्णसार रिसोर्टमा लगानी गरिएको थियो। उनका ज्वाइँ रहेका नगेन्द्रबहादुर रिसाल सो सहकारी र रिसोर्ट दुवैका सञ्चालक हुन्। यसरी सहकारीको पैसा धितोसमेत नराखी रिसोर्टमा लगानी गरिएको भन्दै बस्नेतलाई पनि प्रतिवादी बनाइएको थियो।

» पृष्ठ २ मा क्रमशः

■ सभामुख घिमिरेको भूमिकामाथि पटक-पटक प्रश्न

प्रधानमन्त्रीको अभिव्यक्तिमाथि प्रश्न उठाउने सांसदले बोल्दाबोल्दै काटे माइक

■ संसद्मै उठ्दै आएको छ सभामुखको तटस्थतामाथि प्रश्न

● **३१ वैशाखको बैठकमा नेमकिपाका सांसद प्रेम सुवालले सभामुखलाई भनेका थिए,** 'सभामुखज्यूले सरकारको प्रवक्ता भएर बोल्ने होइन।' भूमिसम्बन्धी विधेयकमा विरोधको सूचना प्रस्तुत गरिरहँदा सभामुख घिमिरेले रोकेपछि उनले यस्तो चेतावनी दिएका थिए।

● **१ असारको बैठकमा आजपाका अध्यक्ष प्रभु साहले पनि जनाएका थिए आपत्ति–** सभामुख तटस्थ र सबैको साझा हुनुपर्छ। चौथो र पाँचौं दल विरोधमा हुँदा जुन व्यवहार भइराखेको छ, गलत भइराखेको छ।



सभामुख घिमिरे

● **३० असारको बैठकमा राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देनले चेतावनी नै दिए–** यो संसद्का दुई महत्त्वपूर्ण दलले लामो समयदेखि विरोध जनाइराख्दा जबर्जस्त संसद् चलाउने प्रयास भइराखेको छ। केवल सरकारको अकर्मण्यताको कुरा मात्र होइन सभामुख महोदय तपाईंको आफ्नो कार्यकालको सबैभन्दा कालो समयको रूपमा पनि यो उल्लेख रहनेछ। प्रतिपक्ष दलहरूले उठाएको आवाजलाई सम्बोधन गराउने प्रयास गर्नुहोस्। कुनै पनि जनताको आवाजलाई निमोठेर जानुहुँदैन।

● **गत फागुनमा भारतको ओडिसामा नेपाली छात्राको मृत्यु प्रकरण र न्याय माग्दा नेपाली विद्यार्थीमाथि भएको अमानवीय व्यवहारका सन्दर्भमा बोल्न खोज्दा सभामुख घिमिरेले ११ फागुन ०८१ मा रास्वपा सांसद सुमना श्रेष्ठलाई समय नै दिएनन्। जबकि बोल्ने विषयवस्तुबारे उनले अग्रिम जानकारी गराउँदै समय मागेकी थिइन्। त्यस्तै, विधायन व्यवस्थापन विधेयकमा सरकारले सदनलाई बाइपास गरेको विषयमा बोल्न खोज्दा २८ माघ ०८१ मा सभामुख घिमिरेले रास्वपाकै सोविता गौतम, राप्रपाका ध्रुव प्रधान र नेमकिपाका प्रेम सुवाललाई पनि बोल्न समय दिएनन्। त्यस्तै, सरकारले ल्याएको चालू आर्थिक वर्षको बजेटमाथिको छलफल संसद्को चौथो र पाँचौं दलको विरोधबिच चलाएको भन्दै सत्तापक्षकै सांसदहरूले पनि सभामुखको कार्यशैलीमाथि आपत्ति जनाएका थिए।**

कमलराज भट्ट/नयाँ पत्रिका

तटस्थता र निष्पक्ष भूमिकामाथि निरन्तर प्रश्न उठिरहे पनि सभामुख देवराज घिमिरेले सदनमा प्रतिपक्षी आवाज थुन्ने प्रयास जारी राखेका छन्। यसैलाई लिएर विपक्षीको आरोप छ- अभिव्यक्ति स्वतन्त्रता र प्रतिपक्षी आवाज सुन्ने संसदीय संस्कृति कमजोर पार्दै सभामुख

» पृष्ठ २ मा क्रमशः

■ बोल्दाबोल्दै माइक काटिएकी सांसद छिरिङ ल्हामु तामाङ भन्छिन्–

सडकमा जनता बोल्दा पक्रिने, सदनमा बोल्दा माइक काट्ने ?



सभामुख सबै सांसदको अभिभावक हो। तर, उहाँ सरकारको कठपुतलीजस्तो देखिनुभयो। निरंकुश नै हुनुभयो। सभामुखको प्रस्तुतिले हिजो जसरी राज्यले कर्णालीलाई हेर्‍यो, आज पनि हेर्ने नजर फेरिएको रहेनछ भन्ने महसुस भयो। कर्णालीको विषयमा सडकमा जनताले बोल्दा समाल्ने, सदनमा बोल्दा माइक काट्ने ? प्रधानमन्त्रीले बोलेको कुराको खण्डन कहाँ गर्ने ? सभामुखज्यूलाई जे सुन्न मन लाग्यो, त्यो हामीले बोलिदिनुपर्ने ? हामीले त जनताको कुरा बोल्ने हो। उहाँको र उहाँको पार्टीको कुरा बोल्ने होइन नि !

■ के भन्छन् दलहरू ?



● **श्याम घिमिरे**, प्रमुख सचेतक, कांग्रेस

दुरुपयोग सत्तापक्षबाट पनि भएको छ। तर, प्रतिपक्षीको ज्यादा छ। आकस्मिक विषय बाहिर गयो भने सभामुखले रोक्नुपर्‍यो। सभामुखको भूमिका पारदर्शी र संयमित ढंगले नै सभा चलाउने छ।



● **हितराज पाण्डे**, प्रमुख सचेतक, माओवादी

विषयवस्तुमा बोल्दै छु भन्दाभन्दै सांसदको माइक काट्नु उपयुक्त होइन। सभामुखज्यूमा अलिकति निष्पक्षता देखिँदैन। उहाँ प्रतिपक्षीलाई नजरअन्दाज गर्दै अगाडि बढिरहेको महसुस भएको छ। दुईवटा प्रतिपक्षीले उठाएको आवाज सम्बोधन गराउन सभामुखले ठोस पहल नै गर्नुभएको छैन।



● **महेश बर्तौला**, मुख्य सचेतक, एमाले

आकस्मिक समय माग्ने र आफूखुसी विषय राख्ने गरेर दुरुपयोग भयो। सभामुखले एकपटक दुरुपयोग गरेको नोटिस भयो भने अर्कोपटक दिँदा सोच्नुपर्छ। अर्को विषयान्तर गर्दा लाइन काटिदिने गर्नुभयो भने रोकिन्छ। सभामुखले समान व्यवहार गरिरहनुभएको छ।



● **मनीष झा**, प्रवक्ता, रास्वपा

आकस्मिक समय सत्तापक्षले दुरुपयोग गरेको यथेष्ट रेकर्ड छ। प्रतिपक्षीलाई गाली गर्न सर्धै प्रयोग गरिरहनुभएको छ। तथ्यमा होइन, पक्षको आधारमा मूल्यांकन गरिरहनुभएको छ। सभामुखबाट अलि सुधारिएको अभ्यास अपेक्षा गर्छौं।



● **शेखर अधिकारी**, सभामुखका सञ्चारविज्ञ

सचेत गराउँदा पनि विषयमा नआएपछि माननीय छिरिङ ल्हामु लामालाई सभामुखज्यूले रोक्नुभएको हो। आकस्मिक समयको दुरुपयोग बढेको भनेर कार्यव्यवस्था तथा परामर्श समितिमा कुरा पनि उठेको छ।

६ वर्षमा आधा पनि भएन फास्ट ट्रयाकको काम



निर्धारित समयमै पूरा गर्न प्रतिमहिना २.८५ प्रतिशतले कामको रफ्तार बढाउनुपर्ने

(विस्तृत पृष्ठ ३)

सरकारले दिएको म्यादभित्र सम्पर्कमा आएनन् फेसबुक, एक्सलगायतका सामाजिक सञ्जाल

सञ्चार मन्त्रालयमा सूचीकृत नभए पनि कर कार्यालयमा भने भइसकेका छन् दर्ता

(विस्तृत पृष्ठ ६)

NIMB AUTO LOAN @6.29% p.a.

■ मन्त्री यादवलाई प्रश्न गर्दा पत्राउ परेकी किरणको स्वास्थ्यमा समस्या

१६ घण्टामा दुईपटक अस्पताल भर्ना

वीरगन्जमा **तिवारी यादव**

खानेपानीमन्त्री प्रदीप यादवको पदीय जिम्मेवारीप्रति प्रश्न उठाउँदा पत्राउ परेकी किरण साहको स्वास्थ्यमा समस्या देखिन थालेको छ। गत शनिबारदेखि जिल्ला प्रहरी कार्यालय पर्साको हिरासतमा रहेकी साहको स्वास्थ्य बिग्रन थालेपछि उनलाई पछिल्ला १६ घण्टामा दुईपटक वीरगन्जस्थित नारायणी अस्पताल पुऱ्याइएको छ।



खानेपानीमन्त्री प्रदीप यादव



किरण साह

प्रहरी हिरासतमा रहेकी उनको शरीर कमजोर बन्नुका साथै पेट दुख्ने र ग्यास्ट्रिकको समस्या भएको हो। हैजाले वीरगन्ज आक्रान्त बनेका वेला परिवारका बिरामी सदस्य कुरेर अस्पतालमा रहेकै समयमा उनी प्रत्राउ परेकी थिइन्।

शरीर कमजोर हुनुका साथै पेट दुख्ने र ग्यास्ट्रिकको समस्या देखिएपछि मंगलबार राति ८ बजे र बुधबार बिहान ११ बजे अस्पताल पुऱ्याइएको पर्सा प्रहरीका डिएसपी किशोर लम्सालले बताए। 'स्वास्थ्यमा समस्या आएपछि अस्पताल लगेका हौं। चिकित्सकले स्वास्थ्य अवस्था ठिक भएको भनेपछि पुनः हिरासतमा ल्याएका छौं,' उनले भने।

नारायणी अस्पतालको आकस्मिक कक्षमा कार्यरत डा. अविनाश श्रीवास्तवका अनुसार मंगलबार राति साहलाई शारीरिक कमजोरीका कारण ल्याइएको थियो। रक्तचाप जाँच गरी स्लाइन दिएपछि एक घण्टामा डिस्चार्ज गरिएको उनले बताए। बुधबार बिहान भने ग्यास्ट्रिक र पेट दुख्ने समस्या देखिएपछि फेरि ल्याइएको थियो।

'शारीरिक कमजोरी भएको भन्दै अस्पतालमा ल्याइएको थियो। ब्लडप्रेसर चेक गरेर स्लाइनपानी दिएपछि एक घण्टामा पठाइएको हो,' उनले भने, 'बुधबार बिहान ११ बजे फेरि ल्याइएको थियो। अल्ट्रासाउन्ड गरेर हेर्दा समस्या नदेखिएपछि तीन घण्टामा डिस्चार्ज गरिएको हो।' उपचारको क्रममा किरणले भोक नलागेकाले भोक लाग्ने खालको औषधि लेखिदिन आग्रह गरेपछि सोहीअनुसार औषधि लेखिएको उनको भनाइ छ।

मन्त्री यादवले किरणविरुद्ध आफ्नो सचिवालयमार्फत उजुरी दिन लगाएपछि गत शनिबार पत्राउ परेकी थिइन्। कलैया उपमहानगरपालिका- २६, सिस्वा महेशपुरकी किरणविरुद्ध प्रहरीले तीन कसुरमा अनुसन्धान गरिरहेको छ। मन्त्री यादवले मंगलबार उनीविरुद्ध जिल्ला प्रहरी कार्यालयअगाडि कार्यकर्ता उतारेर प्रदर्शन नै गराएका थिए।

यसअघि आइतबार थप भएको तीन दिनको म्याद सकिएपछि मंगलबार जिल्ला अदालतले तीन दिन म्याद थपेको थियो। उनीविरुद्ध विद्युतीय अपराधसम्बन्धी कसुर, संघीय सांसदलाई धम्की दिन नहुने कसुर र झुटा कुराको अफवाह फैलाएको कसुर मुद्दामा म्याद थप भएर अनुसन्धान भइरहेको उनले बताए।

■ जुम्लामा भेडापालन संकटमा

पुस्तौनी पेसा छाड्दै नयाँ पुस्ता

चरनको अभावदेखि राज्यको उपेक्षासम्मले किसान भेडापालन व्यवसाय त्याग्दै, नयाँ पुस्ता वैदेशिक रोजगारी र अन्य व्यवसायतर्फ आकर्षित

भेडापालन छाडेका जुम्लाको सिँजा गाउँपालिका ६ का **मनिचन्द्र रावत** भन्छन्-



बाजे, बुबा र मैले गरी तीन पुस्ताले भेडापालन गरेर बितायौं। म ६० वर्षको भएँ। भएका ४९ वटा भेडा नौ हजार पाँच सयका दरले बेच्चैं। अब यो पेसा पनि टुंग्याएँ। जसोतसो मैले धाने पनि अब छोराछोरीले यो व्यवसाय गर्दैनन्। भेडापालनमा दुःख धेरै छ। कतैबाट सहयोग पाइँदैन।

जुम्लामा **मानदत्त रावल**

जुम्लाका किसान तीन पुस्तादेखि जीवनयापनको आधार बनेको भेडापालन छाड्दै छन्। उनीहरूका अनुसार भेडापालनमा दुःख धेरै, तर राज्यबाट सहयोग अपेक्षित छैन। भएका योजना पनि पहुँचविहीन किसानसम्म पुग्दैनन्।

चरन क्षेत्र अभाव, बाढी-पहिरो र चट्याङले हुने क्षति र हरेक वर्ष कर तिर्नुपर्ने, तर राहत नपाउने अवस्थाले किसान निराश छन्। यति मात्र होइन, नयाँ पुस्ता पढाइ, वैदेशिक रोजगारी र अन्य व्यवसायतर्फ आकर्षित हुँदै भेडापालन त्याग्न थालेका छन्।

मनिचन्द्र रावतले ६० वर्षको उमेरमा ४९ वटा भेडा बेच्दै व्यवसाय अन्त्य गरे। उनका छोराहरूले पनि पुख्र्यौंली पेसा अगाडि नबढाउने घोषणा गरेका छन्। सिँजा गाउँपालिका- ६ का रावतले ४९ वटा भेडा नौ हजार पाँच सयका दरले बिक्री गर्दै यो पेसा टुंग्याए, जबकि बाजे, बुबा र उनी गरी तीन पुस्तासम्म भेडापालन व्यवसाय थियो।



'अहिले ६० वर्षको उमेर भयो। जसोतसो मैले धाने पनि अब छोराछोरीले यो व्यवसाय गर्दैनन्,' उनले भने, 'भेडापालनमा दुःख धेरै छ। कतैबाट सहयोग पाइँदैन।'

चार वर्षअघि ०७९ मा भेडापालन फर्म दर्ता गरे पनि कहींकतैबाट सहयोग नपाएको उनको गुनासो छ। कर्णाली प्रदेश सरकारले वार्षिक २७ हजार रुपैयाँ गोठालो भत्ता दिने भने पनि आफूले नपाएको उनले गुनासो गरे। हरेक वर्ष

» पृष्ठ २ मा क्रमशः

जुम्लामा कति छन् भेडापालक किसान ?

पशु अस्पताल तथा पशु सेवा कार्यालय जुम्लाको तथ्यांक अनुसार जुम्लामा ५० वटा भन्दामाथि भेडा पालेका २६१ जना किसान छन्। गतवर्ष २२९ जना किसानले प्रोत्साहन रकम (गोठालो भत्ता) पाएका हुन्। कार्यालय प्रमुख ज्ञानेन्द्रसिंह बुढाथापाका अनुसार कार्यविधि अनुसार प्रक्रियामा आएर मापदण्डमा पुगेका सबै किसानलाई प्रोत्साहन रकम (गोठालो भत्ता) वितरण गरिएको हो। 'कार्यविधिमा भेडा मात्रै ५० भन्दामाथि पालेका किसानलाई बार्षिक १८ हजार रुपियाँ प्रोत्साहन (गोठालो भत्ता) दिने व्यवस्था छ। सोही बमोजिम किसानलाई उपलब्ध गराएको हो ,' उनले भने।

५० भन्दा माथि र ५० भन्दा कम भेडापालन गरेका जुम्लामा ३१० जति किसान रहेको पशु अस्पताल तथा पशुसेवा कार्यालय जुम्लाले जनाएको छ। चालु आर्थिक वर्ष ०८२/०८३ मा प्रोत्साहन कार्यक्रम अर्न्तगत ७७ लाख बजेट विनियोजन भएको छ। जुम्लामा ८८ हजार भेडाको रहेको तथ्यांक पशु अस्पताल तथा पशुसेवा कार्यालयसँग छ। यसमध्ये १७ हजार भेडा आंशिक रुपमा उन्नत जातका छन्। ४९ हजार बाख्रा छन्।

समाज कल्याण परिषद् खारेज गरी विभाग गठनको तयारी

तीन ऐन मर्ज गरी नयाँ छाता ऐनको गृहकार्य



● गृह मन्त्रालयका प्रवक्ता **आनन्द काफ्ले** भन्छन्-

कार्यान्वयनमा रहेका तीन फरक-फरक ऐनलाई एउटै छाता ऐनअन्तर्गत ल्याउन आवश्यक देखियो

संघसंस्थासँग सम्बन्धित फरक-फरक तीनवटा ऐन कार्यन्वयनमा छन्। यी सबैलाई एउटै छाता ऐनअन्तर्गत ल्याउन आवश्यक देखियो। यसैअनुसार विधेयक तयार भएको छ र सुझाव लिने काम भइरहेका छन्। विधेयकमा समाज कल्याण परिषद् विघटन र त्यसको ठाउँमा समाज कल्याण विभाग गठनको प्रस्ताव छ।



टेकराज थामी/नयाँ पत्रिका

सरकारले संघसंस्थासम्बन्धी तीनवटा ऐन समेटेर नयाँ छाता ऐनको विधेयक तयार गरेको छ। गृह मन्त्रालयले तयार गरेको प्रस्तावित विधेयकअनुसार राष्ट्रिय निर्देशन ऐन, २०१८, संस्था दर्ता ऐन, २०३४ र समाज कल्याण ऐन, २०४९ लाई मर्ज गरिएको हो।

प्रस्तावित विधेयकमा हालको समाज कल्याण परिषद् विघटन गरी त्यसको ठाउँमा समाज कल्याण विभाग गठन गर्ने प्रावधान छ। संघसंस्था दर्ता, नियमन तथा व्यवस्थापनसम्बन्धी कानुनलाई संशोधन तथा एकीकरण

» पृष्ठ २ मा क्रमशः

■ दलसम्बद्ध संघसंस्थालाई छुट

राजनीतिक दलसँग सम्बद्ध जनवर्गीय, पेसागत वा भ्रातृ वा भगिनी संस्थाको हकमा भने यो कानुन लागू हुनेछैन। विधेयकको दफा ५३ मा भनिएको छ, 'कुनै पनि राजनीतिक दलसँग सम्बन्धित त्यस्ता दलका विभिन्न जनवर्गीय, पेसागत वा भ्रातृ वा भगिनी संस्था वा प्रचलित कानुनबमोजिम दर्ता हुने ट्रेड युनियन यस ऐनबमोजिम दर्ता हुन सक्नेछैन र त्यस्ता संस्थाका सम्बन्धमा यस ऐनको व्यवस्था लागू हुनेछैन।'

बिहीबार १९ भदौ ०८२
www.nayapatrikadaily.com
नयाँ पत्रिका

अनियमिततामा मुछिएका कर्मचारीलाई नै सहकारी नियमन गर्ने जिम्मा

भवन लिज लगाउँदा अनियमितता गरेको निष्कर्षसहित सहकारी मन्त्रालयले नै कारबाही सिफारिस गरेको र अख्तियारले छानबिन गरिरहेको अवस्थामा उपसचिवद्वय टाइन्द्र अधिकारी र मुकेश कर्ण तथा अधिकृत विनिता धितालालाई सोमबार राष्ट्रिय सहकारी नियमन प्राधिकरणमा जिम्मेवारी

नयाँ पत्रिका

सहकारी विकास बोर्डमा छँदा अनियमिततामा मुछिएका र अख्तियारको अनुसन्धानमा तानिएका कर्मचारीले नै सहकारी नियमन गर्ने जिम्मा पाएका छन् । भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको छानबिनले अनियमिततामा मुछिएको निष्कर्ष निकालेपछि कारबाहीको सिफारिसमा परेका उपसचिवस्तरका टाइन्द्र अधिकारी र मुकेश कर्ण तथा अधिकृत विनिता धितालालाई सोमबार राष्ट्रिय सहकारी नियमन प्राधिकरणले जिम्मेवारी दिएको हो ।

लगनखेलस्थित भवन लिजमा लगाउँदा तत्कालीन सहकारी विकास बोर्डलाई करोडौं नोक्सान पुऱ्याएको भन्दै मन्त्रालयले छानबिन गरेर कारबाहीका लागि सिफारिस गरेको थियो । मन्त्रालयको सिफारिसपछि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अहिले उनीहरूमाथि छानबिन गरिरहेको छ । अधिकारी र कर्णले प्राधिकरणमा पनि बोर्डमा छँदा सम्हालेको उपनिर्देशककै जिम्मेवारी पाएका छन् ।

बोर्डमा कर्मचारीले शृंखलाबद्ध रूपमा अनियमितता गरेको उजुरीपछि मन्त्रालयले ०८१ वैशाखमा सहसचिव ज्ञानराज सुवेदीको नेतृत्वमा छानबिन गरेको थियो । छानबिनमा अधिकारी, कर्ण र धितालको मिलेमतो देखिएको भन्दै उनीहरूलाई मन्त्रालय तानिएको थियो । विस्तृत अनुसन्धानका लागि मन्त्रालयले छानबिन प्रतिवेदन अख्तियारमा पठाएको थियो । त्यसै आधारमा अख्तियारले तीनै कर्मचारीमाथि छानबिन गरिरहेको छ । छानबिन अन्तिम चरणमा पुगेका वेला प्राधिकरण नेतृत्वले नै उनीहरूलाई जिम्मेवारी दिएको हो । नियमन गर्ने निकायमै अनियमिततामा संलग्न कर्मचारी राखेपछि प्राधिकरण नेतृत्वमाथि प्रश्न उठेको छ ।

प्राधिकरणका कार्यकारी निर्देशक शेषनारायण पौडेल लामो समयदेखि जिम्मेवारी नदिई तलब दिन नमिल्ने भएकाले तीन कर्मचारीलाई जिम्मेवारी दिइएको बताउँछन् । 'अनियमितताको आरोप लागेका कर्मचारीमाथि मन्त्रालयले छानबिन गरेको रहेछ, उनीहरूलाई हामीले निलम्बन गर्ने अधिकार छैन,' उनी भन्छन्, 'कुनै जिम्मेवारी नदिई तलब दिँदा पनि समस्या हुने भएकाले प्राधिकरणको बोर्डले जिम्मेवारी दिने निर्णय गरेको हो ।'

कहाँ, कसरी गरेका थिए अनियमितता

लगनखेलमा रहेको भवन लिजमा लगाउँदा ठेकेदारसँग मिलेर उपसचिव (उपनिर्देशक)द्वय टाइन्द्र अधिकारी र मुकेश कर्ण तथा अधिकृत विनिता धितालले अनियमितता गरेको मन्त्रालयको छानबिनमा उल्लेख छ । २ वैशाख ०७८ मा बोर्डले प्रतीक ढकालसँग मासिक सात लाख १८ हजार पाँच सय रुपैयाँ भाडा तिर्ने गरी लिज सम्झौता गरेको थियो । तर, त्यो सम्झौता कार्यान्वयन हुन नसक्दा बोर्डले करोडौं नोक्सान व्यहोर्दै आएको छ ।

ठेक्का लिने ढकालले एक महिनामै सम्झौता रद्द गर्न बोर्डमा निवेदन दिएका थिए । सम्झौता रद्द गर्दा उनले बोर्डलाई दिनुपर्ने क्षतिपूर्ति हालसम्म बुझाएका छैनन्, उल्टै बोर्डविरुद्ध जिल्ला अदालत, ललितपुरमा मुद्दा दिए । जसमा अदालतले बोर्डकै पक्षमा फैसला गरिसकेको छ ।

ढकालले यहीबिचमा व्यवसायीहरूसँग सम्झौता गरेर सो भवनबाट भाडा भने उठाएका थिए । त्यतिवेला बोर्डले आफैँ भाडा उठाएको रसिद खडा गरेर कर्मचारीले ढकाललाई बुझाएका थिए । अर्कोतर्फ, ठेक्का लिने व्यक्ति त्यसवेला बोर्डमै कार्यरत कर्मचारीका दाइ भएकाले पनि यसमा मिलेमतो देखिएको हो । ढकाललाई उभ्याएर भवन लिजमा दिने र आफैँ सबलिजमा लगाएर कमाउने योजनाअनुसार काम भएको, तर योजनाअनुसार भाडा नउठेपछि सम्झौता रद्द गर्ने प्रयास भएको थियो । तर, हालसम्म नयाँ ठेक्का नलाग्दा यसबाट बोर्डले भाडा गुमाइरहेको छ भने व्यवसायीहरूले पुरानै भाडादरमा भाडा तिरिरहेका छन् ।

बोर्डको बैठकले २ भदौ ०७८ बाट सम्झौता रद्द गर्ने निर्णय गर्दै सोही अवधिको ५३ लाख बुझाउन पत्राचार गरेको थियो । सो मुद्दामा पनि बोर्डका प्रशासन तथा लेखाका कर्मचारीको भूमिका शंकास्पद देखिएको छानबिन प्रतिवेदनमा उल्लेख छ । ढकाललाई फाइदा हुने गरी कर्मचारीहरूले अदालतमा गोप्य सरकारी कागजपत्र बुझाएकोसमेत भेटिएको छ । सो बोलपत्रसँग सम्बन्धित टिप्पणी आदेश, बोलपत्रको सूचना, बोर्डका निर्णयलगायतका बलिया प्रमाण हटाएर अदालतमा कागजपत्र पठाइएको थियो ।

साथै, सम्झौता रद्द नहुँदै बोर्डले नै भाडा उठाएको रसिद खडा गरेरसमेत बोर्डविरुद्धकै गतिविधिमा कर्मचारीको संलग्नता देखिएको थियो । केही कर्मचारीले त व्यक्तिगत रूपमा आफैँ भाडा उठाएकोमा पछि छानबिन भएपछि बोर्डको खातामा दाखिला गराएका थिए । यस्ता गतिविधिमा संलग्न कर्मचारीलाई प्राधिकरणमा सहकारी क्षेत्रको नियमनमा खटाउन जिम्मेवारी दिइएको हो ।

सात महिनामा पनि सुरु भएन प्राधिकरणको काम

सहकारी क्षेत्रको नियमनका लागि स्थापना भएको राष्ट्रिय सहकारी नियमन प्राधिकरणले अझै नियमनको काम सुरु गरेको छैन । प्राधिकरण अझै कर्मचारी व्यवस्थापनमै अल्झिएको छ ।

१४ माघ ०८१ मा प्राधिकरणको स्थापना भएको थियो । सहकारीलाई जरिवाना गर्ने अधिकारसहित प्राधिकरणको स्थापना भए पनि उद्देश्यअनुसार काम हुन सकेको छैन ।

प्राधिकरणका कार्यकारी निर्देशक पौडेल बोर्डले हालै पूर्णता पाएको र कर्मचारी व्यवस्थापनको काम भइरहेको बताउँछन् । 'दरबन्दीअनुसार कर्मचारी व्यवस्थापनको काम भइरहेको छ,' उनी भन्छन्, 'त्यसपछि हामी अनुगमनको कामलाई अघि बढाउँछौँ ।'

नेपाल राष्ट्र बैंकबाट मात्र बोर्डमा २४ कर्मचारीको दरबन्दी तोकिएको छ । तर, हालसम्म चारजना मात्र खटिएका छन् । कानुन सेवाका उपसचिवसहितको दरबन्दी भए पनि सरकारले हालसम्म कोही पनि पठाउन सकेको छैन । सरकारले नै उपेक्षा गर्दा प्राधिकरणले गति लिन नसकेको एक अधिकारी बताउँछन् । प्राधिकरणको अध्यक्षमा भने डा. खगराज शर्मा र सदस्यहरूमा गुरुप्रसाद पौडेल, मदन कोइराला, डा. रमेश चौलागाईं र महेश खनाल नियुक्त भएका छन् ।

फर्किए प्रधानमन्त्री ओली

नयाँ पत्रिका

पाँचदिने चीन भ्रमण पूरा गरेर प्रधानमन्त्री केपी ओली बुधबार स्वदेश फर्किएका छन् । चीनका राष्ट्रपति सी जिनपिङको निमन्त्रणामा सांघाई सहयोग संगठन (एससिओ)को शिखर सम्मेलन तथा बुधबारै बेइजिङमा जापानमाथि चीनको विजयको ८०औँ वार्षिकोत्सवका अवसरमा आयोजित सैन्य परेडमा समेत सहभागी भई उनी स्वदेश फर्किएका हुन् ।

भ्रमणका क्रममा प्रधानमन्त्री ओलीले राष्ट्रपति सी जिनपिङलगायत अन्य विदेशी समकक्षीसँग भेटवार्ता गरेका थिए । ती भेटमा नेपालका प्राथमिकता स्पष्ट रूपमा प्रस्तुत गरिएको परराष्ट्र मन्त्रालयले जनाएको जनाएको छ । 'यस भ्रमणको मूल उद्देश्य चीनको तियान्जिन सहरमा आयोजित एससिओ शिखर सम्मेलनमा भाग लिई सो संगठनमा नेपालको सहभागिताको स्तर अभिवृद्धि गर्नुका साथै सोमार्फत नेपालको राष्ट्रिय हित प्रवर्द्धन गर्नु रहेको थियो,' परराष्ट्रले भनेको छ ।

प्रधानमन्त्री ओलीले चीन पुगेकै दिन १४ भदौमा चिनियाँ राष्ट्रपति सीसँग तियान्जिनमा भेटवार्ता गरेका थिए । दुईपक्षीय सम्बन्ध, सहयोग र प्राथमिकताका विषयमा खुला र हार्दिकतापूर्ण छलफल भएको परराष्ट्रले जनाएको छ । प्रधानमन्त्री ओलीले लिपुलेक नेपालको भूमि भएको स्पष्ट पार्दै त्यसबारेमा भारत र चीनले गरेको सहमतिप्रति आपत्ति जनाएका थिए ।

'बिआरआईअन्तर्गत सहमति भएका लगायत विभिन्न परियोजनाको शीघ्र कार्यान्वयन हुनेमा आशा व्यक्त गर्दै उहाँले रासायनिक मल, पेट्रोलियम अन्वेषण, मानव संसाधन विकास, जलवायु परिवर्तनको प्रभावसँग जुध्ने क्षमता अभिवृद्धि तथा जनस्तरको सम्बन्ध सुदृढीकरणजस्ता क्षेत्रमा सहयोगका लागि प्रधानमन्त्रीले अनुरोध गर्नुभयो,' सीसँगको भेटवार्ताबारे परराष्ट्रले दोहोऱ्याएको छ, 'नेपालको भूभाग लिपुलेक नाकामार्फत सीमा व्यापार गर्नेसम्बन्धी भारत र चीनबिच हालै भएको समझदारीप्रति प्रधानमन्त्रीज्यूले आपत्ति जनाउँदै उक्त समझदारी कार्यान्वयन नगर्न चीनका राष्ट्रपतिलाई अनुरोध गर्नुभयो ।'

चीनका राष्ट्रपति सीले समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकांक्षा पूरा गर्ने कार्यमा चीनको सहयोग रहने अभिव्यक्ति दिएको परराष्ट्रले जनाएको छ । चीनले संयुक्त राष्ट्रसंघ र सांघाई सहयोग संगठनलगायत बहुपक्षीय मञ्चहरूमा नेपालसँग सहकार्य गर्ने पनि सीको भनाइ थियो । सीले दुई देशबिच सहमति भएका उच्च गुणस्तरीय बिआरआई परियोजनाको कार्यान्वयनमार्फत नेपालको विकासमा चीनको निरन्तर सहयोग रहने दोहोऱ्याए ।

चीनको ग्लोबल डेभलपमेन्ट इनिसिएटिभ (जिडीआइ)लाई नेपालले सहयोग गरेको , जिडिआईको ग्रुप अफ फ्रेन्ड्समा नेपाल रहेको तर बाँकी चिनियाँ पहलकदमीलाई नेपालले समर्थन नगरेको परराष्ट्र सचिब राईले बताए । चिनियाँ विदेश मन्त्रालयको विज्ञप्तिबारे परराष्ट्रसचिव अमृतबहादुर राईले भने, हामीले जे भनेका हौँ, यही नै हुन्छ । बाँकी कुरा हुँदैन ।

एससिओका सदस्य राष्ट्रहरू, पर्यवेक्षक राष्ट्र, संवाद साझेदारहरू तथा अन्य अतिथिसमेत गरी २४ मुलुकका राष्ट्र/सरकार प्रमुखहरू उपस्थित शिखर सम्मेलनलाई प्रधानमन्त्री ओलीले १५ भदौमा सम्बोधन गरेका थिए । उनले एससिओको सदस्यता दाबी गर्दै नियममा आधारित बहुपक्षीयताको भविष्य-विस्तारित सम्पर्क सञ्जाल, परामर्श र सहकार्यमा आधारित हुनुपर्नेमा जोड दिएका थिए ।

प्रधानमन्त्रीले रुसी महासंघका राष्ट्रपति भ्लादिमिर पुटिनसँगको भेटवार्तामा नेपाल-रुस सम्बन्ध अझ सुदृढ तुल्याउने र व्यापार, लगानी, शिक्षा तथा संस्कृतिका साथै हवाई सम्पर्कका क्षेत्रमा परस्पर लाभदायक सहयोग प्रवर्द्धन गर्ने विषयमा छलफल गरेको परराष्ट्रले जनाएको छ । प्रधानमन्त्री ओलीले रुसी राष्ट्रपतिलाई नेपाल भ्रमणका लागि निमन्त्रणा गरेका छन् ।

परराष्ट्रसचिव राईले रुसी राष्ट्रपतिसँग रुसी सेनामा रहेका नेपालीबारे प्रधानमन्त्री ओलीले रुसी राष्ट्रपतिसँग कुरा राखेको सञ्चारकर्मीसँग बताए । 'कुरा राख्नुभएको छ । तर, विस्तृतभन्दा पनि कूटनीतिक रूपमा यो विषयको समाधान गर्ने भन्ने भएको छ,' राईले भने ।

जनवादी प्रजातान्त्रिक गणतन्त्र लाओसका राष्ट्रपति थोन्लोउन सिसउलिथसँगको भेटमा संस्कृति, कृषि र जनस्तरको सम्बन्धका क्षेत्रमा सहयोग अभिवृद्धि गर्नेबारे छलफल गरेका छन् । उनीहरूबिच भूपरिवेष्टित विकासोन्मुख मुलुक तथा अतिकम विकसित मुलुकका हित प्रवर्द्धनका लागि अन्तर्राष्ट्रिय मञ्चहरूमा सहकार्य गर्ने सहमति भयो ।

माल्दिभ्सका राष्ट्रपति मोहम्मद मोइजुसँग भएको भेटमा दुवै नेताहरूले कृषि, पर्यटन, शिक्षा तथा जनस्तरको सम्बन्धका क्षेत्रमा सहयोग अभिवृद्धि गर्ने विषयमा छलफल भएको परराष्ट्रले जनाएको छ । प्रधानमन्त्रीले भियतनाम र कम्बोडियाका प्रधानमन्त्रीसँगपनि छलफल गरेका थिए । प्रधानमन्त्री ओली र मोदीबिच राष्ट्रपति सीले आयोजना गरेको रात्रिभोजका क्रममा भेट भएको थियो ।

प्रधानमन्त्रीले मंगलबार बेइजिङ पुगेपछि उपराष्ट्रपति हान झेनसँग द्विपक्षीय भेट गरे । चिनियाँ कम्युनिस्ट पार्टीको वरीयतामा पोलिटब्युरो सदस्य मात्रै रहेका उपराष्ट्रपति झेङले प्रधानमन्त्री ओलीको सम्मानमा रात्रिभोज आयोजना गरेका थिए । 'चिनियाँ राष्ट्रपति एवं उपराष्ट्रपतिसँग भएको द्विपक्षीय भेटघाट र वार्ता तथा अन्य विभिन्न राष्ट्रका राष्ट्र तथा सरकार प्रमुखसँग भएको वार्ताबाट अन्तर्राष्ट्रिय जगत्मा नेपालको प्रतिष्ठालाई थप अभिवृद्धि गर्ने कार्यमा उल्लेखनीय योगदान पुगेको छ,' परराष्ट्रले भनेको छ । प्रधानमन्त्री ओली बुधबार चीन सरकारद्वारा बेइजिङमा जापानविरुद्ध चीनले विजय हासिल गरेको ८०औँ वर्षमा आयोजित सैन्य परेडमा सहभागी भए ।

प्रधानमन्त्रीको...

पृष्ठ १ बाट क्रमशः

सरकारको कठपुतली बनेका छन् । आरोपलाई बल पुग्ने गरी नै बुधबार मात्रै सभामुख घिमिरेले प्रधानमन्त्री केपी ओलीको अभिव्यक्तिको खण्डन गर्न खोज्दा माओवादी सांसद छिरिङ ल्हामु लामा (तामाङ) को माइक काटिदिएका छन् । प्रतिनिधिसभा बैठकमा तामाङले आकस्मिक समयमा कर्णालीका सडकमा बजेट नदिँदा सडक अवरुद्ध भएको र स्याउ कुहिएको विषय उठाउँदै प्रधानमन्त्रीको टिप्पणीमा प्रश्न उठाएकी थिइन् ।

आफ्नो सम्बोधनका क्रममा तामाङले केही दिनअघि प्रधानमन्त्री ओलीले 'कर्णालीका सांसद सडकमा छन्, सदनमा देखिँदैनन्' भनेर दिएको अभिव्यक्तिको खण्डन गर्न खोजेकी थिइन् । कर्णालीका सडकलाई बजेट दिनुस् भनेर सदनमा कराउँदा-कराउँदा नसुनेको, बजेटजति झापातिर लगेको र अहिले आएर प्रधानमन्त्रीले कर्णालीका सांसद सदनमा देखिँदैनन्, कुरा उठाउँदैनन् भनेर बोलेको विषयको खण्डन गर्न खोज्दा सभामुखले रोकेको उनले बताइन् ।

'कर्णालीमा चार दिनसम्म सडक अवरुद्ध भयो । सयवटा गाडीमा स्याउ थियो । २३ वटा ट्रक नै थिए । बाटोमै १३-१४ करोडको स्याउ कुहियो । त्यसको क्षतिपूर्ति त राज्यले दिनुपऱ्यो । साथसाथै त्यो सडक बनाउन बजेट नदिने काम भइरहेको छ, यसको अन्याय कर्णालीले व्यहोरिरहेको छ भनेर भूमिका बाँधेर बोलिरहेकी थिएँ,' सदनमा उनले भनेकी थिइन्, 'अस्ति जुरुक्क कर्णाली कार्यक्रममा प्रधानमन्त्री ओलीले कर्णालीका माननीय सडकमा छन्, सदनमा छैनन् भन्नुभयो । सडकमा बजेट हाल भनेर सदनमा कराउँदा-कराउँदा घाँटी सुकिसक्यो । यही विषय उठाउन खोजेकी थिएँ । तर, सभामुखज्यू प्रधानमन्त्रीविरुद्ध बोल्यो भनेर रिसाउनुभयो । यो आकस्मिक विषय हो कि होइन ?'

प्रधानमन्त्री ओलीले जुरुक्क उठ्छ कर्णाली कार्यक्रममा कर्णालीका सांसद सदनमा नभेटिने गरेको र सदनमा नभेटिने प्रतिनिधि पठाएर कर्णालीले गल्ती गरेको टिप्पणी गरेका थिए । 'कर्णालीले प्रतिनिधि यस्ता पठाउँछ संसद्मा भेटिँदैनन्, बाहिर भेटिन्छन् । कर्णालीका कुरा संसद्मा उठ्दैनन्, बाहिर उठ्छन् । कलाकारले उठाउनुपरेको छ, प्रतिनिधि संसद्मा भए पो । हामी त कर्णालीका कुरा थाहा पाउन कर्णाली पुग्नुपर्छ । किनभने तपाईंको प्रतिनिधि त खै के खै के,' ओलीले भनेका थिए । सो कार्यक्रममा सभामुख घिमिरे पनि सहभागी थिए । उनकै अगाडि ओलीले कर्णालीका सांसदले सदनमा कर्णालीको कुरा नउठाएको अभिव्यक्ति दिएका थिए ।

सांसद तामाङले सभामुखले अभिभावकीय भूमिका निर्वाह नगरेको गुनासो गरिन् । 'चार दिनसम्म सडक अवरुद्ध भएर बाटोमै स्याउ कुहिएको छ । सडकमा बजेट नदिने काम राज्यले नै गरेको छ । सबै पैसा झापा र रूपन्देही लगिएको छ । सडकमा पैसा हालेन भनेर बोलिरहँदा सभामुखले एक मिनेटमै माइक काटिदिनुभयो,' उनले नयाँ पत्रिकासँग भनिन्, 'विषयमा आउँदै छु भन्दा पनि सुनिएन । सभामुख सबै सांसदको अभिभावक हो । तर, उहाँ सरकारको कठपुतलीजस्तो देखिनुभयो । निरंकुश नै हुनुभयो ।'

कर्णालीका विषय सडकमा बोल्दा थुन्ने र सदनमा पनि बोल्न नपाएपछि कहाँ राख्ने भनेर उनले प्रश्न गरिन् । 'सभामुखको भूमिकाबाट मलाई हिजो जसरी राज्यले कर्णालीलाई हेर्थ्यो, आज पनि हेर्ने नजर फेरिएको रहेनछ भन्ने महसुस भयो । कर्णालीको विषयमा सडकमा बोल्दा पक्रेर लाने, सदनमा बोल्न नपाउने ? सडकमा जनताले बोल्दा समात्ने, सदनमा बोल्दा माइक काट्ने ? प्रधानमन्त्रीले बोलेको कुराको खण्डन कहाँ गर्ने ? हाम्रो पनि कुरा होला नि ! सभामुख सबैको हो भन्ने व्यवहार देखिएन,' उनले भनिन् ।

सांसद तामाङले आफूहरू सभामुखलाई के मन पर्छ भन्दा पनि जनताको कुरा बोल्न आएको तर्क गरिन् । 'सभामुखज्यूलाई जे सुन्न मन लाग्यो, त्यो हामीले बोलिदिनुपर्ने ? हामीले त जनताको कुरा बोल्ने हो । उहाँको र उहाँको पार्टीको कुरा बोल्ने होइन नि ! त्यो (जुरुक्क कर्णाली) कार्यक्रममा सभामुखज्यू आफैँ हुनुहुन्थ्यो । विषयमा आउँछु भन्दाभन्दै माइक काटियो । अन्याय भयो । यो सिंगो कर्णालीमाथिको अन्याय हो । एकातिर बजेट नदिने अर्कोतिर बोल्न पनि नदिने ?' उनले सोधिन् ।

सभामुखले अहिले मात्र होइन, पहिलादेखि नै विपक्षी सांसदहरूलाई बारम्बार रोक्ने प्रयास गरेका छन् । सभामुख घिमिरेले माओवादी सांसद अमनलाल मोदीलाई ३१ साउनको बैठकको आकस्मिक समयमा सरकारको आलोचना गर्दा रोकेका थिए । उत्तराखण्ड बाढीमा नेपाली नागरिक परेको भन्दै सरकारसँग जवाफ मागेका मोदीले बाँकी रहेको आफ्नो समयमा सरकारको आलोचना गरेका थिए ।

'कुनै लोकसेवा वा हाजिरीजवाफमा देशमा अहिलेसम्मकै सबभन्दा सेटिङ र काण्डैकाण्डको सरकार कुन हो भन्दा अहिलेको सरकार देखिन्छ,' मोदीले यति बोलिसक्दा सभामुखले रोक्दै भनेका थिए, 'यहाँको आकस्मिक समयमा आकस्मिकमै रहेर बोल्नुस् ।'

त्यसपछि आकस्मिकमै बोलिरहेको भन्दै मोदी थप्छन्, 'यो कहाँ जोडिएको छ भने चाहे कुलिङ पिरियड होस्, चाहे मन्त्रीहरूको आर्थिक लेनदेनको काण्ड होस्, चाहे भिजिट भिसाको कुरा होस् वा किसानलाई मलको कुरा होस् वा मधेशमा सुक्खा क्षेत्र घोषणा गरेर पानी पाउनुपर्ने कुरा आजसम्म पाएका छैनन् । र, सेटिङद्वारा धेरै कुरा छन् । चाहे पासपोर्टको कुरा होस्, अहिले...।'

सभामुख घिमिरेले यो नीतिगत कुरा मात्रै भयो, बस्नुस् भन्छन् । मोदीले भ्रष्टाचारसँग जोडिएको कुरा उठाउनुपर्छ भनेर प्रतिवाद गरेका थिए । त्यसपछि बसेका थिए ।

सभामुखको कार्यशैलीप्रति नेमकिपाका प्रेम सुवालले पनि पटक-पटक प्रश्न उठाएका छन् । भूमिसम्बन्धी विधेयकमा विरोधको सूचना प्रस्तुत गरिरहँदा सभामुख घिमिरेले रोकेपछि ३१ वैशाखको बैठकमा सुवालले सभामुखलाई सरकारको प्रवक्ता नबन्न चेतावनी दिएका थिए, 'सभामुखज्यूले सरकारको प्रवक्ता भएर बोल्ने होइन ।'

विपक्षीसँग कठोर सभामुख सत्तापक्षका लागि उदार

सदनमा विपक्षीसँग कठोर देखिने सभामुख सत्तापक्षका सांसदहरूप्रति भने अस्वाभाविक उदार छन् । सत्तापक्षले जुनसुकै विषयमा बोल्दा पनि सभामुखले समय दिने गरेका छन् । भिजिट भिसामार्फत मानव तस्करीमा दिनहुँ अवरोध गरिरहेको रास्वपाको आलोचना गर्नसमेत सभामुखले सत्तापक्षका सांसदलाई आकस्मिक समय दिइरहेका छन् । रास्वपाको आलोचना गर्दा सत्तारूढ दलका मुख्य सचेतक र सचेतकले असंसदीय शब्दसमेत प्रयोग गरेका छन् । त्यसमा सभामुखले आँखा चिम्लिएको भनेर रास्वपाले प्रश्न नै उठाएको छ ।

१ असारको बैठकमा कांग्रेस प्रमुख सचेतक श्याम घिमिरेले आकस्मिक समयमा रवि लामिछानेलाई सभापति पदमा राखिरहने रास्वपाले नैतिकता सिकाउन नमिल्ने जिकिर गरेका थिए । सांसद नागिना यादवले निरूपण भइसकेको नागरिकता र पासपोर्ट प्रकरणसमेत उप्काएर काण्डैकाण्डले गन्हाएको नेतृत्वमा बस्ने सांसदहरूले नैतिकता सिकाउने भनेर असंसदीय शब्द प्रयोग गरेकी थिइन् । त्यसमा टिप्पणी गर्दै रास्वपा सांसद शिशिर खनालले सत्तापक्षले असंसदीय शब्द प्रयोग गर्दा पनि सभामुख मौन रहनु दुर्भाग्य भएको बताएका थिए ।

प्रतिनिधिसभा नियमावलीको नियम १५ मा 'अघिल्लो बैठक र प्रारम्भ हुन लागेको बैठकबिचको अवधिको कुनै गम्भीर प्रकृतिको घटना वा विषयको सन्दर्भमा सरकारको ध्यानाकर्षण गराउन सदस्यले ढ्याप-ढ्याप गरी समय माग गरेमा सभामुखले आकस्मिक समय उपलब्ध गराउन सक्ने' भनिएको छ । तर, सत्तापक्षबाट उल्लंघन हुँदा सभामुख चुपचाप बसेको भन्दै सांसद खनालले आपत्ति जनाएका थिए ।

राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देनले अवरोधबिच सदन नचलाउन सभामुखलाई भन्दै आएका छन् । राप्रपा प्रमुख सचेतक ज्ञानबहादुर शाहीले नीति, नियम र नियमावलीविपरीत गएर सभामुखले दादागिरी शैलीमा सदन चलाएको टिप्पणी गरेका थिए ।

विपक्षीको अवरोध बेवास्ता गर्दै सदन चलाइरहेका छन् सभामुख

भिजिट भिसा प्रकरणमा रास्वपा र राप्रपाले १३ जेठदेखि सदनमा अवरोध गरिरहेका छन् । तर, विपक्षीको अवरोधलाई बेवास्ता गर्दै सभामुख घिमिरेले निरन्तर सदन चलाइरहेका छन् । विपक्षीका माग सम्बोधन हुने गरी सत्तापक्षसँग सार्थक संवाद गरेका छैनन् । सरकार सत्तापक्षको, सदन प्रतिपक्षीको मान्यतालाई भत्काउँदै घिमिरेले सरकारको अनुकूलतामा सदनको कारबाही अगाडि बढाइरहेका छन् । प्रतिपक्षी उठेका वेला सदन अवरुद्ध मानिने अभ्यासलाई नजरअन्दाज गरिरहेका छन् । जसको विपक्षीहरू र सत्तारूढ कांग्रेसकै सांसदले विरोध गर्दै आएका छन् ।

आफ्नो कुरा सुनुवाइ नभएपछि रास्वपा र राप्रपाले बैठक बहिष्कार गर्दै आएका छन् । यसअगाडि रास्वपा र राप्रपाको अवरोधबिच सदन चलाएको भन्दै एकीकृत समाजवादीका उपाध्यक्ष राजेन्द्र पाण्डेले बैठकमै सभा चलाउने तरिका नमिलेको भनेर सभामुखको आलोचना गरेका थिए । संवाद गर्न अपिल गरेका थिए । आजपा अध्यक्ष प्रभु साहले पनि अवरोधबिच सदन चलाउने सभामुखको भूमिकामाथि प्रश्न उठाएका थिए । 'सभामुख तटस्थ भूमिकामा हुनुपर्छ, उहाँ सबैको साझा हुनुपर्छ । तर, सभामुखको व्यवहारबाट म दुःखी छु । चौथो र पाँचौँ दल विरोधमा हुँदा जुन व्यवहार भइराखेको छ, गलत भइराखेको छ,' उनले भनेका थिए ।

सांसद तामाङ बोल्दाबोल्दै माइकको लाइन काट्दै सभामुख भन्छन्- माननीय सदस्य तपाईं बस्नुस्

सांसद तामाङ : सरकारले कर्णाली क्षेत्रका सडकमा बजेट र साधन-स्रोत उपलब्ध गराउँदैन । बजेट विनियोजन गर्दा झापालाई नेपाल देख्छ, तर सम्माननीय प्रधानमन्त्रीज्यूलाई यो सदनबाट हामी कर्णालीबाट प्रतिनिधित्व गर्ने माननीयहरूले नेपाल भनेको कर्णालीसहितको भूगोल हो, कर्णालीको विकास नगरी समृद्ध नेपाल बन्दैन भनेर पटक-पटक भनिराखेका छौँ । तर, प्रधानमन्त्रीज्यू अधुरो तथ्यको सहारा लिँदै, कार्यकर्ताको मनगढन्ते कुरा सुन्दै कर्णालीको विकासबारे धारणा बनाएर गलत व्याख्या गर्नुहुन्छ । केही दिनअघि सिस्नोपानी नेपालले आयोजना गरेको जुरुक्क कर्णाली कार्यक्रममा... ।

सभामुख : माननीय सदस्य यहाँको आकस्मिक समयलाई ध्यानमा राखेर बोल्नुहोला... ।

सांसद तामाङ : म बोल्दै छु, सभामुखज्यू !

सभामुख : जे विषय माग गर्नुभएको छ, त्यही विषयमा जानका लागि म तपाईंलाई निर्देशन गर्दछु ।

सांसद तामाङ : विषयमा आउँदै छु, सभामुख महोदय ! अब सदनको हरेक बैठकमा प्रधानमन्त्रीको अनिवार्य उपस्थिति हुनुपर्ने व्यवस्था गरियोस् । सभामुखज्यू स्वयंले सुन्नुभयो, हाम्रा प्रधानमन्त्रीले कर्णालीका मुद्दा सदनमा नउठेको देख्नुभयो । मेरो विषय आउँदै छ, सभामुख महोदय ! मलाई बोल्न दिनुस् । सम्माननीय प्रधानमन्त्रीज्यूले जुरुक्क कर्णालीको कार्यक्रममा उजागर गरेको विषय... ।

सभामुख बोलिरहेको माइकको लाइन काट्दै भन्छन्– माननीय सदस्य तपाईं बस्नुस् । लिएको समय र विषय मिलेन, त्यसकारण बस्नुस् । त्यसपछि सांसद तामाङ बसिन् ।

पुस्तौनी पेसा...

पृष्ठ १ बाट क्रमशः

फर्म नवीकरण कर तिर्दै १० हजार रुपैयाँ खर्च हुने, तर राज्यबाट सहयोग नपाइने भएपछि फर्म नै खारेज गर्न थालेको उनले बताए । रावतको घरमा श्रीमती, तीन छोरा, एक छोरी र नातिनातिना गरी ११ जना छन् । भेडापालन व्यवसायबाट वार्षिक एक लाखभन्दा बढी आम्दानी हुने गरेको थियो । घरपरिवारको खर्च छोराछोरीको स्वास्थ्य, शिक्षा यसै व्यवसायबाट चलाउँदै आएका थिए ।

बाउबाजेले थालेको भेडापालन छोरानातिले अँगालेको पाइँदैन । सिँजाका मनीचन्द्रले ४९ भेडा बेच्नुको एउटा कारण यो पनि हो । मनीचन्द्रका जेठा छोरा खाम्मा रावत भन्छन्, 'हामी तीन भाइ छौँ । अरू नै काम गऱ्यौँ, तर बुवाको भेडापालन व्यवसाय अँगाल्न सकिएन । पछिल्लो समय हामीले मात्रै होइन । धेरैजसो पछिल्लो पुस्ताका मानिसले पुर्खाले गर्दै आएको व्यवसाय अँगालेको देखिँदैन ।'

भेडापालनमा खर्च बढी हुने र आम्दानी कम, चरनको अभावका कारण पनि नयाँ पुस्ता वैकल्पिक व्यवसायतिर लागेको उनको भनाइ छ । 'पछिल्लो पुस्ताका धेरैजसो पढेलेखेका हुन्छन् । जागिरदेखि अन्य व्यवसाय गर्न चासो दिन्छन् । कोही कतै वैदेशिक रोजगारीतिर पनि लागे,' उनले भने ।

त्यस्तै, कनकासुन्दरी गाउँपालिका –७ का खड्कबहादुर रोकायाले पनि ०७७ मा भेडापालन उद्योग दर्ता गरेका थिए । उनले पनि उद्योग बन्द गर्ने प्रक्रिया थालेका छन् । 'राज्यकोषबाट राहत प्राप्त नहुने, तर हरेक वर्ष कर तिर्नुपर्ने मात्रै स्थिति आयो । हामीजस्ता निमुखा पहुँच नभएका व्यक्तिले राहत प्राप्त गर्नु आकाशको फल भयो,' उनले भने, 'फर्म दर्ता छ । व्यावसायिक रूपमा भेडापालन गरेका छौँ । प्रक्रियामा जाँदा पनि कर्णाली प्रदेश सरकारले प्रदान गर्ने गोठालो भत्तासमेत पाउन सकेनौँ । अरू आशा गर्नु व्यर्थ रहेछ ।' उनीहरूजस्तै धेरैजसो भेडापालन व्यवसायी किसानले फर्म (उद्योग) खारेज गर्न प्रक्रिया थालेका छन् ।

बाढीपहिरो र चट्याङका कारण भेडापालन व्यवसायमा नोक्सानी हुने गरेको छ । जुम्लामा तीन वर्षमा मात्र बाढीपहिरो र चट्याङबाट ४०२ वटा भेडाबाख्रा मरेका छन् । गत वर्ष असारमा त पाटन क्षेत्रमा रहेका भेडाको बथानमा चट्याङ पर्दा एकैसाथ २८७ वटा भेडाबाख्रा मरेका थिए । यसबाट झन्डै दुई करोड ८७ लाख क्षति हुन पुगेको थियो ।

आर्थिक वर्ष ०८०/८१ मा चट्याङले ६४ भेडाबाख्रा मरेका छन् । आर्थिक वर्ष ०७९/०८० मा बाढीले १५ वटा, पहिरोले ४० वटा र चट्याङले ५१ वटा गरी १०६ वटा मरेका हुन् । गत दुई वर्षमा मात्र बाढीपहिरो र चट्याङले १७० वटा भेडाबाख्रा मरेका छन् । जसको प्रतिगोटा १० हजार न्यून मूल्यका दरले १७ लाखबराबरको क्षति भएको छ । तर, भेडाबाख्रा पालक किसानले भने राहत पाएनन् । किसानले पशुचौपायाको बिमा पनि गरेका छैनन् । राज्यबाट विपत्सम्बन्धी क्षतिपूर्ति र राहत पनि नपाउने भएपछि व्यवसायप्रति वितृष्णा जाग्दै आएको देखिन्छ ।

भेडापालन किसानले पहिले बर्खायाममा आफ्नै क्षेत्रमा चरिचरन गर्ने र हिँउदे याममा औल लिने गर्दथे । औल भनेको हिउँदे याममा पनि न्यानो हुने ठाउँ दैलेख, जाजरकोट, सुर्खेत जिल्ला हुन् । यिनै जिल्लामा हिउँदमा न्यानो पनि हुने र चरन क्षेत्र पनि पर्याप्त हुने भएर ५/६ महिना राख्ने गरिन्थ्यो । चन्दननाथ नगरपालिका - ७ जुम्लाका ७० वर्षीय कृष्णबहादुर रावल भन्छन्, 'उहिले हिउँद औल र बर्खा भोट (चीन) पशुचौपाया लिने चलन थियो । त्यतै पालन पनि गर्ने र नुन चामल ल्याउने गरिन्थ्यो । त्यति वेला चरन क्षेत्र पर्याप्त हुन्थ्यो । पशुचौपाया पालन गर्न सहज पनि थियो । अहिले त्यस्तो छैन । भोट (चीन) लैजाने चलन करिब तीन दशकअघिदेखि छुटिसक्यो । औल (दैलेख, जाजरकोट र सुर्खेत) लिने चलन पनि छैन । डेढ दशकसम्म हामी आफैँ जाने गर्दथ्यौँ । त्यो पनि अहिले छैन ।'

स्थानीय सरकार आएपछि चरिचरन क्षेत्रको पनि कर उठाउन थालेपछि पशुचौपाया औल लैजाने चलन हटेको उनले बताए । तर, किसानलाई बजारदेखि चरिचरन क्षेत्रमा विभिन्न कर तिर्नुपर्ने बाध्यता छ ।

समाज कल्याण...

पृष्ठ १ बाट क्रमशः

गर्न बनाइएको विधेयकअनुसार मुलुकभर दर्ता हुने सबै गैरसरकारी संघसंस्था विभागमातहत रहनेछन् ।

गृह मन्त्रालयका प्रवक्ता आनन्द काफ्लेले विधेयकमा अहिले सुझाव लिने काम भइरहेको छ । 'संघसंस्थासँग सम्बन्धित फरक-फरक तीनवटा ऐन कार्यन्वयनमा छन् । यी सबैलाई एउटै छाता ऐनअन्तर्गत ल्याउन आवश्यक देखियो,' उनले भने, 'यसैअनुसार विधेयक तयार भएको छ र सुझाव लिने काम भइरहेका छन् । विधेयकमा समाज कल्याण परिषद् विघटन र त्यसको ठाउँमा समाज कल्याण विभाग गठनको प्रस्ताव छ ।'

प्रस्तावित विधेयकअनुसार विभाग महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयअन्तर्गत रहनेछ । र, मुलुकभर दर्ता भएका सबै संघसंस्था विभागअन्तर्गत रहनेछन् । विभागको नेतृत्व सहसचिवले गर्नेछन् । कर्मचारी संघीय निजामती सेवाका रहनेछन् । परिषद्मा कार्यरत स्थायी प्रकृतिका कर्मचारी नियुक्ति हुँदाका सेवा, सर्त र सुविधा पाउने गरी विभागमा सर्नेछन् ।

प्रस्तावित विधेयकअनुसार कुनै पनि अन्तर्राष्ट्रिय तथा राष्ट्रियस्तरको गैरसरकारी संस्थाले कुनै पनि विदेशी सरकार वा निकाय, अन्तर्राष्ट्रिय अन्तरसरकारी संस्था वा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाबाट वस्तुगत, प्राविधिक, आर्थिक वा अन्य कुनै सहयोग वा अनुदान प्राप्त गर्नुअघि विभागबाट अनिवार्य स्वीकृति लिनुपर्नेछ ।स्वीकृतिविना प्राप्तसहयोग गैरकानुनी मानिनेछ । र, त्यस्ता सहयोग कुनै पनि गैरसरकारी संस्थाले चलाउन पाउनेछैनन् ।

सहयोग वा अनुदान लिनुअघि सम्बन्धित संघसंस्थाले कार्यक्रमसँग सम्बन्धित संघीय निकाय, मन्त्रालय, आयोग वा समितिको सहमति लिनुपर्नेछ । कार्यक्रम प्रदेश वा स्थानीय तहमा सञ्चालन गरिने हो भने सम्बन्धित प्रदेश वा स्थानीय तहको सहमति लिनुपर्नेछ । र, उनीहरूले परियोजना कार्यान्वयन गर्न आवश्यक हुने रकमको विवरण पनि सम्बन्धित निकायमा पेस गर्नुपर्नेछ ।

प्रस्तावित विधेयकअनुसार कुनै पनि अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले नेपालस्थित विदेशी दूतावास वा नियोग, संयुक्त राष्ट्रसंघ वा मातहतका विशिष्टीकृत निकायका आवासीय कार्यालय, अन्तर्राष्ट्रिय वित्तीय संस्था वा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाबाट प्राप्त हुने आर्थिक सहयोग वा अनुदान प्राप्त सोझै खर्च गर्न पाउनेछैनन् । उनीहरूले नेपालमा दर्ता भएका गैरसरकारी संस्थामार्फत मात्रै त्यस्ता आर्थिक सहयोग वा अनुदान खर्च गर्न पाउनेछन् ।

प्रस्तावित विधेयकको दफा ३२(२) अनुसार नेपालमा काम गर्ने वा परियोजना सञ्चालन गर्ने विदेशी गैरसरकारी संस्था वा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले कुनै कार्यक्रम सञ्चालन गर्दा लागतको बढीमा २० प्रतिशतसम्म मात्र प्रशासनिक खर्च गर्न पाउनेछन् ।त्यस्तै, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले प्राप्त सहयोग वा अनुदान स्वीकृत भएको शीर्षकमा मात्रै खर्च गर्न पाउनेछन् । यदि कुनै संघसंस्थाले स्वीकृत भएको शीर्षकभन्दा बाहिर गएर खर्च गरे त्यो गैरकानुनी ठहरिनेछ ।

राष्ट्रिय निर्देशन ऐन, २०१८ अनुसार दर्ता भएका संघसंस्था पनि अब विभागमा अनिवार्य रूपमा आबद्ध हुनुपर्नेछ । उनीहरूले प्रत्येक तीन-तीन वर्षमा विभाग गएर संस्था नवीकरण गराउनुपर्नेछ । प्रस्तावित विधेयकअनुसार सोही प्रकृतिका अन्य संस्था खोल्न सकिनेछैन ।

सरकारले बनाइएको विधेयक नियमन गर्नेभन्दा पनि नियन्त्रण गर्ने उद्देश्यले ल्याइएको भन्दै गैरसरकारी महासंघले भने विरोध गरेको छ । महासंघका अध्यक्ष अर्जुन भट्टराईले सरकारले बनाएको विधेयक कार्यान्वयनमा रहेका वर्तमान ऐनभन्दा पनि पश्चगामी भएको भन्दै खारेज गरिनुपर्ने बताए ।

'गैरसरकारी संघसंस्थालाई नियमन गर्न जरुरी छ । तर, नियन्त्रण गर्ने होइन । अहिलेको विधेयक नियमनभन्दा पनि नियन्त्रण गर्ने उद्देश्यले ल्याएको देखियो । संविधानले प्रत्येक नागरिकलाई संघसंस्था खोल्ने अधिकार दिएको छ,' उनले भने, 'तर, यो विधेयकले नागरिकको त्यो अधिकारलाई कुण्ठित गर्ने देखियो । त्यसो हुँदा यो विधेयक खारेजी गरिनुपर्छ ।'

विशेषगरी महासंघको विधेयकमा व्यवस्था गरिएको संस्था दर्ता प्रक्रिया र दाताबाट सहयोग वा अनुदान लिँदा समाज कल्याण विभागको अनिवार्य रूपमा अनुमित लिनुपर्ने प्रावधानप्रति विरोध छ । प्रस्तावित विधेयकको दफा ५ को उपदफा ३(१) मा कार्य क्षेत्रअनुसार संस्था स्थानीय, जिल्ला, प्रदेश र संघमा दर्ता गर्न सकिने भनिएको छ । जसका लागि सम्बन्धित निकायका पञ्जिकाधिकारसमक्ष निवेदन पेस गर्नुपर्ने, दर्ता भएका संस्थाको उनैले प्रमाणपत्र दिन सक्नेभनिएको छ ।

गैरसरकारी महासंघका पूर्वअध्यक्ष शर्मिला कार्कीले पनि सरकारले बनाएको विधेयक नियन्त्रणमुखी रहेको बताइन् ।सत्तारूढ दल एमाले केन्द्रीय सदस्यसमेत रहेकी उनले भनिन्,'मुलुकको परिवर्तनमा नागरिक समाजको महत्त्वपूर्ण भूमिका छ । समाज विकासमा पनि उनीहरूले सिर्जनात्मक भूमिका खेलेका छन् । तर, सरकारले बनाएको विधेयकमा त्यस्ता संस्थालाई नियन्त्रण गर्ने नियत देखियो । त्यसो हुँदा यो विधेयक संशोधन होइन, खारेज गरिनुपर्छ ।'

एमाले नेता...

पृष्ठ १ बाट क्रमशः

बस्नेतकै मिलेमतोमा एकपटक सहकारीको ९५ लाख र अर्कोपटक ५४ लाख रुपैयाँ हिनामिना भएको अभियोगपत्रमा उल्लेख छ । साथै, अन्य समयमा पनि सहकारीको रकम हिनामिनामा उनको भूमिका रहेको भनेर सहकारी सञ्चालकले बयान दिएका थिए ।

सहकारीका अध्यक्ष तथा कार्यालय प्रमुख योगेन्द्र पाण्डेको बयानमा भनिएको छ, '...कृष्णसार रिसोर्ट प्रालिका सञ्चालकहरूमा गीता बस्नेत, निजका ज्वाइँ तथा यस सहकारीका सचिव नगेन्द्रबहादुर रिमाल र सञ्जीवकुमार महतो र म बर्दिया जिल्लाको कृष्णसार रिसोर्ट प्रालिको सञ्चालक थियौँ । तर, उक्त रिसोर्टमा लगानी गर्नेलगायत विभिन्न क्षेत्रमा सहकारीको रकम प्रयोग गर्ने कार्य गीता बस्नेत र नगेन्द्रबहादुर रिमालको नै सल्लाहमा हुने थियो ।'

छिपछिपे मात्र नभई चितवनको सनराइज सहकारी ठगीमा पनि बस्नेतको योजना र भूमिका देखिएको छ । पाण्डेको बयानमा थप भनिएको छ, 'चितवनको सनराइज सहकारीको करोडौं रकम नगेन्द्रबहादुर रिमाल र गीता बस्नेतको नै योजनामा लगेको पुष्ट्याइँ गर्ने दाखिला भौचरसमेत छानबिनकर्तालाई उपलब्ध गराएको छु ।' रिमाल आफैँले पनि सहकारीको पैसा रिसोर्टमा लगेर लगानी गर्नु गल्ती भएको बयान दिएका छन् । सांसद बस्नेतविरुद्ध चितवनमा पनि अर्को मुद्दा दायर छ । आफूविरुद्ध मुद्दा दायर भएपछि संसद्बाट उनी बिरामी बिदा लिएर बसेकी छिन् । प्रहरीले पनि डेढ वर्षसम्म उनलाई पक्राउ गर्न चासो दिएको थिएन ।

६ वर्षमा आधा पनि भएन फास्ट ट्रयाकको काम

निर्धारित समयमै पूरा गर्न प्रतिमहिना २.८५ प्रतिशतले कामको रफ्तार बढाउनुपर्ने

● **अशोकराज सिग्देल**, प्रधानसेनापति



असार मसान्तमा फास्ट ट्रयाकको भौतिक प्रगति ४२.१३ प्रतिशत पुगेको छ। वित्तीय प्रगति ४४ प्रतिशत छ। सुरुङमार्गको प्रगति पनि आशातीत छन्। बाँकी काम सजिला छन्। काम हुँदै छ। हामी बाँकी काम सयममै पूरा गर्छौं। त्यसैअनुसार अघि बढिरहेका छौं।

(२९ साउनको संसदीय समितिमा)

टेकराज थामी/नयाँ पत्रिका

बहुप्रतीक्षित काठमाडौं-निजगढ द्रुतमार्ग (फास्ट ट्रयाक) को काम अझै ५७ प्रतिशत बाँकी छ। हालसम्म भौतिक प्रगति ४२.१३ प्रतिशत मात्रै छ। निर्माण सम्पन्न गर्न सेनाले पाएको डेडलाइन एक वर्ष आठ महिना बाँकी छ। तर, कामको सुस्ततालले फास्ट ट्रयाक निर्धारित समयमै सम्पन्न हुनेमा शंका पैदा गरेको छ।

प्रधानसेनापति अशोकराज सिग्देलले भने फास्ट ट्रयाक निर्धारित समयमै पूरा हुने प्रतिबद्धता दोहोऱ्याएका छन्। २९ साउनमा संघीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समितिका बैठकमा उनले हालसम्म ४३ प्रतिशत काम सम्पन्न भएको मात्रै उल्लेख गरेनन्, बाँकी रहेका ५७ प्रतिशत काम प्राविधिक रूपमा सजिलो प्रकृतिका भएकाले निर्धारित समयमै पूरा हुने दाबीसमेत गरे। 'फास्ट ट्रयाकको हालसम्म ४३ प्रतिशत काम सम्पन्न भएको छ। बाँकी काम सजिला छन्। काम हुँदै छ। हामी बाँकी काम सयममै पूरा गर्छौं। त्यसैअनुसार अघि बढिरहेका छौं,' उनले भने।

तर, तथ्यले प्रधानसेनापति सिग्देलको भनाइ खण्डन गर्छ। सेनाले फास्ट ट्रयाक निर्माणको जिम्मा २१ वैशाख ०७४ मा पाएको थियो। दुई वर्ष विनाडिपिआर (विस्तृत परियोजना प्रतिवेदन) काम गऱ्यो। कोरियन कम्पनीले बनाएको डिपिआर १ भदौ ०७६ मा बल्ल स्वीकृत भयो। सेनाले सोही दिनलाई फास्ट ट्रयाक निर्माणको प्रस्थानविन्दु मान्दै आएको छ। सोही दिनबाट गणना गर्दा पनि सेना फास्ट ट्रयाक निर्माणमा संलग्न भएको ६ वर्ष बितिसकेको छ। यस अवधिमा फास्ट ट्रयाक निर्माणको प्रतिवर्ष भौतिक प्रगति ७.०२ प्रतिशत मात्रै देखिन्छ। बाँकी ५७ प्रतिशत काम आगामी एक वर्ष आठ महिनामा पूरा गर्न मुस्किल पर्ने देखिन्छ। निर्धारित समयमा नै काम सक्ने हो भने सेनाले प्रतिमहिना २.८५ प्रतिशतले कामको रफ्तार बढाउनुपर्ने हुन्छ, जुन सहज छैन।

फास्ट ट्रयाक निर्माणका लागि कुल बजेट दुई खर्ब ११ अर्ब निर्धारण भएको छ। जसमध्ये ९२ अर्ब ८४ करोड रुपैयाँ खर्च भइसकेको छ। जुन कुल बजेटको ४४ प्रतिशत हो। महासेनानी हरि



विश्वकर्माले फास्ट ट्रयाकको भौतिक प्रगति आशालाग्दो ढंगले वृद्धि भएको र निर्धारित समयभित्रै सक्ने गरी काम भइरहेको बताए। 'असार मसान्तमा फास्ट ट्रयाकको भौतिक प्रगति ४२.१३ प्रतिशत पुगेको छ। वित्तीय प्रगति ४४ प्रतिशत छ। सुरुङमार्गको प्रगति पनि आशातीत छन्। त्यसो हुँदा निर्धारित समयभित्रै काम सक्ने गरी सेना लागिरहेको छ,' उनले भने।

■ १३ प्याकेजमा विभाजन गरी निर्माण हुँदै

७०.९७ किमि फास्ट ट्रयाकलाई सेनाले विभिन्न १३ प्याकेजमा विभाजन गरी निर्माण गर्दै आएको छ। जसमध्ये प्याकेज १, २, ३, ४,५, ६, ७, ८(क), ८(ख), ९(क), ९(ख) र १० को काम निर्माणाधीन छ। तर, प्याकेज नम्बर ११ को काम सुरु नै भएको छैन। जसको लम्बाइ करिब ६ किमि छ। यो खण्ड ललितपुरस्थित खोकना-डुकुछाप क्षेत्रमा पर्छ। फास्ट ट्रयाकको प्रस्थानविन्दु मानिएको उक्त खण्डमा हालसम्म मुआब्जासमेत वितरण हुन सकेको छैन। 'यो राजनीतिक रूपमा सल्टिने समस्या हो। यसमा सेनाको कुनै टिप्पणी छैन। सहजीकरणका काम हुँदै छन्। समस्या समाधानउन्मुख रहेकाले काम चाँडै सुरु हुनेछ,' महासेनानी विश्वकर्माले भने।

ललितपुरस्थित खोकनाका स्थानीयले फास्ट ट्रयाकको प्रस्थानविन्दु परिवर्तन गरिनुपर्ने माग राख्दै आएका छन्। उनीहरूले यस विषयमा प्रधानमन्त्री केपी ओलीलाई समेत गत २६ जेठमा भेटेर ज्ञापनपत्र बुझाएका थिए। फास्ट ट्रयाकको प्रस्तावित प्रस्थानविन्दुले खोकनाको परम्परागत सभ्यता र संस्कृति मासिने स्थानीयको दाबी छ।

सुरुङमार्गको भौतिक प्रगति

महादेवटार सुरुङ लम्बाइ- ३३५५ मिटर	बायाँ-३३८६	२२८८
	दायाँ-३३२२	२०२९
धेद्रे सुरुङ लम्बाइ- १६९०	बायाँ-१७२८	ब्रेकथ्रु
	दायाँ-१७५३	ब्रेकथ्रु
लेनडाँडा सुरुङ लम्बाइ- १६२२	बायाँ-१६३३	ब्रेकथ्रु
	दायाँ-१६१२	ब्रेकथ्रु
चन्द्राम भिर	२२५०	१९९
देवीचौर	१०००	पोर्टलको कार्य हुँदै
सिसौटार	३९०	पोर्टलको कार्य हुँदै
मौरी भिर	५९४	पोर्टलको कार्य हुँदै
जम्मा लम्बाइ	१०९०१	
सम्पन्न	५७९९(५३.१९ प्रतिशत)	

त्यसो हुँदा यसको प्रस्थानविन्दु डुकुछाप कायम गरिनुपर्ने उनीहरूको माग छ। डुकुछाप हालको प्रस्तावित विन्दुभन्दा साढे पाँच किमि दक्षिणतर्फ पर्छ। सरकारले चार वर्षमै काम सक्न भन्दै २१ वैशाख ०७४ मा फास्ट ट्रयाकको जिम्मा सेनालाई दिएको थियो। निर्धारित समयमा काम भएको भए फास्ट ट्रयाक ०७८ मै सञ्चालनमा आउँथ्यो। विस्तृत परियोजना प्रतिवेदन (डिपिआर)मा विवाद, सुरुङ तथा पुल निर्माणमा अन्तर्राष्ट्रिय परामर्शदाता नियुक्तिमा ढिलाइलगायतका कारणले फास्ट ट्रयाक निर्माणको गति अघि बढ्न सकेन।

विवादकै कारण करिब दुई वर्ष सेनाले डिपिआरकै काम गऱ्यो। १ भदौ ०७६ मा कोरियन कम्पनीले बनाएको डिपिआर स्वीकृत भयो। त्यसपछि मात्रै सेनाले डिपिआरअनुसार काम गर्दै आएको छ। सेनाले फास्ट ट्रयाक निर्माणको सम्झौता मिति डिपिआर स्वीकृत भएको दिनलाई मानेको छ। त्यसवेला ५५.५ किमि सडक र ७१ वटा पुल निर्माणको लागत रकम एक खर्ब ७५ अर्ब १९ करोड रुपैयाँ लाग्ने भनिएको थियो। सातवटा सुरुङ र १६ पुलको लागत रकम पनि यसैमा समेटिएका थिए। तर, निर्धारित समयभित्र फास्ट ट्रयाक निर्माण नभएपछि लागत रकम बढेर दुई खर्ब ११ अर्ब पुगेको छ।

■ सुरुङमा भने आशातीत प्रगति

फास्ट ट्रयाकमा सेनाले १०.९०१ किमि सुरुङमार्ग निर्माण गरिरहेको छ। जसको ठेक्का चिनियाँ कम्पनीले पाएको छ। सेनाका अनुसार सुरुङमार्गको प्रगति असार मसान्तसम्म ५३.१९ प्रतिशत पुगेको छ। अर्थात् हालसम्म ५.७९९ किमि सुरुङ निर्माण सम्पन्न भइसकेका छन्। जसमध्ये धेद्रे र लेनडाँडा सुरुङमार्गको दुवै खण्ड ब्रेक थ्रु भइसकेका छन्। धेद्रेको लम्बाइ १.६९० किमि छ भने लेनडाँडाको १.६२२ किमि छ। महादेवटार सुरुङमार्गको बायाँ खण्डमा २.२८८ किमि सुरुङ खनिसकिएको छ। सोही सुरुङको दायाँ खण्डमा भने २.०२० किमि खनिएको छ। उक्त सुरुङको कुल लम्बाइ ३.३५५ किमि छ।

चन्द्रामभिरतर्फको सुरुङमार्ग १९९ मिटर खनिसकिएको छ। जसको कुल लम्बाइ २.२५० किमि छ। त्यसबाहेक देवीचौर, सिसौटार र मौरीभिरको सुरुङमार्ग भने भर्खर मात्रै खन्ने चरणमा पुगेको छ। जसको लम्बाइ क्रमशः १ किमि, ३९० मिटर र ५९४ मिटर छ। सेनाका अनुसार फास्ट ट्रयाकमा पर्ने ८९ वटा पुलमध्ये ८५ पुलको निर्माणका लागि खरिद सम्झौता भइसकेका छन्। जसमध्ये अधिकांश पुलको सुपर स्ट्रक्चर र फाउन्डेसन स्ट्रक्चर बनिसकेका छन्। सडक निर्माणतर्फ ९.३ किमि सडकको सबबेस र पाँच किमि सडकको कालोपत्रे भइसकेको छ।

फास्ट ट्रयाक

असार मसान्तसम्म प्रगति

- भौतिकतर्फ ४२.१३%
- वित्तीयतर्फ ४४%

जम्मा निर्माण प्याकेज १३

- प्याकेज १, २, ३, ४, ५, ६, ७, ८(क), ८(ख), ९(क), ९(ख) र १० निर्माणाधीन
- ११ प्याकेज ठेक्का लाग्न बाँकी

पूर्वराष्ट्रपति भण्डारी पक्षको फरक मत पनि सचिवालयमा छलफल गरिने

नयाँ पत्रिका

एमालेले पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीको राजनीतिमा प्रवेश गर्ने ढोका बन्द गर्दै सदस्यता नवीकरण नगर्ने केन्द्रीय कमिटीको निर्णयमाथि असहमति राख्ने नेताहरूको मतमाथि केन्द्रीय सचिवालयमा छलफल चलाउने भएको छ। केन्द्रीय सचिवालयको बिहीबार डाकिएको बैठकमा केन्द्रीय कमिटीको निर्णयमाथि फरक मत राख्ने उपाध्यक्षद्वय सुरेन्द्र पाण्डे र युवराज ज्ञवालीले राखेको 'नोट अफ डिसेन्ट'मा छलफल गर्ने एमालेले तयारी गरेको हो। निर्णयमाथि वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलले पनि असन्तुष्टि जनाउँदै आएका छन्। उनले सचिवालयको बिहीबारकै बैठकमा आफ्नो फरक मत राख्ने तयारी गरेका छन्। शुक्रबारबाट सुरु हुने विधान महाधिवेशनको तयारीका लागि छलफल गर्न एमालेले सचिवालय बैठक बोलाएको हो।

महासचिव शंकर पोखरेलले बुधबार आयोजित पत्रकार सम्मेलनमा केन्द्रीय कमिटीमा दुई उपाध्यक्षले पूर्वराष्ट्रपति भण्डारीको निर्णयका सन्दर्भमा राखेको फरक मतलाई विधान महाधिवेशन कि राष्ट्रिय महाधिवेशनमा छलफलमा लैजान दिने विषयको निरूपण केन्द्रीय सचिवालय बैठकले गर्ने बताए। 'केन्द्रीय कमिटी बैठकमा केही फरक मतका रूपमा प्रकट भयो भन्ने तपाईंहरूले थाहा पाइसक्नुभएको छ। फरक मतका रूपमा दुईजना उपाध्यक्ष युवराज ज्ञवाली र सुरेन्द्र पाण्डेले पूर्वराष्ट्रपति पार्टी राजनीतिमा फर्कनुहुँदैन र उहाँको सदस्यता नवीकरण गर्ने कुरा अस्वीकार गर्नुपर्दछ भन्ने विषयमाथि असहमति राख्नुभएको छ। कसलाई सदस्यता दिने वा नदिने भन्ने विषय दस्ताबेजको विषय होइन, त्यसकारण त्यो विषय दस्ताबेजको फरक मत हो कि होइन भन्ने अर्थमा जिज्ञासा हो भने दस्ताबेजमाथिको फरक मत होइन,' पोखरेलले भने, 'निर्णयमाथिको फरक मत हो। निर्णयमाथिको फरक मत विधानतः अधिवेशनमा छलफल गर्ने कि, राष्ट्रिय महाधिवेशनमा छलफल गर्ने भन्ने विषय सचिवालय बैठकले निरूपण गर्ला। किनकि कुनै विन्दुमा राष्ट्रिय महाधिवेशन निर्णयहरूका सन्दर्भमा छलफल गर्न पाइन्छ।'

पोखरेलले दुई उपाध्यक्षले पार्टीको वैचारिक विषयमा भन्दा पनि निर्णयमाथि असहमति मात्र राखेको बताए। 'मतका हिसाबले दस्ताबेजमाथि फरक मत नभएकाले दस्ताबेजमाथि छलफल हुने विधान अधिवेशनमा त्यसलाई प्रस्तुत गर्ने कि पछि गर्ने भन्ने कुरा सचिवालयमा बसेर छलफल गरेर टुंगो लाग्ला, तर मतका हिसाबले निर्णयमाथिको असहमति हो। विचारमाथिको असहमति होइन। विचार र निर्णयको भिन्नतामाथि बुझ्नुपर्छ,' उनले भने।

ओलीको राजनीतिक प्रतिवेदनमा के छ ?

विधान महाधिवेशनमा अध्यक्ष केपी ओलीले राजनीतिक प्रतिवेदन, उपाध्यक्ष विष्णु पौडेलले विधान मस्यौदा प्रतिवेदन र महासचिव शंकर पोखरेलले सांगठनिक प्रस्ताव पेस गर्नेछन्। ओलीले प्रस्तुत गर्ने राजनीतिक प्रतिवेदनले विकसित राष्ट्रिय-अन्तर्राष्ट्रिय परिस्थितिको विश्लेषण गर्दै आजका मुख्य चुनौती, पार्टीको कार्यदिशा र कार्यभार स्पष्ट गर्ने प्रचार विभाग प्रमुख राजेन्द्र गौतमले बताए। उनले राजनीतिक प्रतिवेदनमा

विधान महाधिवेशन प्रतिनिधिलाई पूर्वराष्ट्रपति भण्डारीले अपिल गर्ने



पूर्वराष्ट्रपति विद्या भण्डारीले विधान महाधिवेशन प्रतिनिधिहरूका लागि अलग्गै अपिल जारी गर्ने भएकी छिन्। पार्टी निर्णयले राजनीतिमा फर्किने ढोका बन्द भएर महाधिवेशन प्रतिनिधि बन्न वञ्चित भएकी पूर्वराष्ट्रपति भण्डारीले पार्टीको पूर्वउपाध्यक्षको हैसियतमा शुक्रबार बिहानसम्म अपिल जारी गर्न लागेकी हुन्। भण्डारीको स्वकीय सचिवालयका अनुसार उनले विधान महाधिवेशनमा सहभागी हुने प्रतिनिधिलाई जनताको बहुदलीय जनवादको मार्गदर्शनमा एमालेलाई देशकै निर्णायक र ठुलो शक्ति निर्माण हुने गरी राम्रो कार्यदिशा र विधान निर्माणका लागि आह्वान गर्नेछिन्। त्यस्तै, उनले विधान महाधिवेशन प्रतिनिधिलाई विवेकसम्मत ढंगले पार्टीभित्रको आन्तरिक समस्याबारे खुलेर छलफलका लागि पनि आह्वान गर्ने पनि तयारी गरेकी छिन्।

जनताको बहुदलीय जनवादको मार्गदर्शनमा समाजवादको आधार निर्माण गर्न र नेपाली विशेषतासहितको समाजवाद स्थापना गर्ने विशेष राजनीतिक प्रस्ताव तथा समृद्ध नेपाल र सुखी नेपालीको राष्ट्रिय आकांक्षालाई पार्टीको गन्तव्यका रूपमा अगाडि बढाउने रोडम्याप (मार्गचित्र) प्रस्तुत गरेको पनि जानकारी दिए।

उपाध्यक्ष पौडेलले प्रस्तुत गर्ने विधान संशोधनसम्बन्धी प्रस्तावमा समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय गन्तव्य र नेपाली विशेषतासहितको समाजवाद स्थापना गर्ने विषय थप गरिएको छ। साथै, पार्टीमा दुईखाले पार्टी सदस्यहरूको व्यवस्था, ७० वर्षे उमेरहद नरहने, पार्टीका जिल्ला कमिटीलाई कार्यकारी रूपमा कायम गर्ने, २५१ सदस्यीय केन्द्रीय कमिटी, त्यसको एकतिहाइ पोलिटब्युरो र १५ जना केन्द्रीय पदाधिकारीको स्थायी कमिटी रहनेलगायत नयाँ व्यवस्था प्रस्ताव गरिएको छ भने पदाधिकारीमा एकजना महिला अनिवार्य गरिएको छ।

महासचिव पोखरेलद्वारा प्रस्तुत संगठनात्मक प्रस्तावमा पार्टी निर्माणका क्षेत्रमा देखापरेका समस्या र समाधानका उपाय, पार्टी निर्माणका क्षेत्रमा आजसम्मका विकसित सर्वस्वीकार्य मान्यताका आधारमा निर्णायक राष्ट्रिय शक्ति निर्माणको मार्गचित्र प्रस्तुत गरिएको एमालेले जनाएको छ। प्रस्तावमा मुलुकमा राजनीतिक स्थायित्व, राष्ट्रिय हित र स्वाभिमानको रक्षा तथा समृद्धि र सुशासनलाई निर्वाध अगाडि बढाउन राष्ट्रिय शक्तिको निर्माण अपरिहार्य रहेको कुरामा जोड दिइएको छ।

एमालेले विधान महधिवेशन सफल पार्न आठवटा विभिन्न समितिले काम गरिरहेको जानकारी दिँदै सम्पूर्ण तयारी पूरा भएको जनाएको छ। शुक्रबारबाट सुरु हुने महाधिवेशनको उद्घाटन बिहान ११ बजे ललितपुरको गोदावरीमा अध्यक्ष तथा प्रधानमन्त्री ओलीले गर्नेछन्। विधान महाधिवेशनमा २०२६ जना प्रतिनिधि र आयोजकका हैसियतमा ३१५ जना थप गरी कुल २३ सय ४१ जना सहभागी हुनेछन्। एमालेले विधान महाधिवेशनको मूल नारा 'निर्णायक राष्ट्रिय शक्ति निर्माण हाम्रो संकल्प, समृद्ध नेपाल सुखी नेपाली राष्ट्रिय गन्तव्य' भन्ने तय गरेको छ।

संक्षेप

वामपन्थी दलहरूबिच छिट्टै एकता हुन्छ : प्रचण्ड

काठमाडौं/ माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले वामपन्थी दलहरूबिच एकताको छलफल भइरहेको बताएका छन्। अखिल नेपाल महिला संघ (क्रान्तिकारी)को सातौं राष्ट्रिय सम्मेलनलाई राजधानीमा बुधबार सम्बोधन गर्दै उनले छिट्टै एकता घोषणा हुन सक्नेसमेत बताए। 'विभिन्न वामपन्थी र कम्युनिस्ट घटकबिच एकताका लागि छलफल भइराखेको छ। एकता भएपछि छिट्टै अर्को सम्मेलन हुन सक्छ। आठौं सम्मेलन वा एकताको सम्मेलन पनि हुन सक्छ। त्यसका लागि तयार भएर बस्न आग्रह गर्छु,' प्रचण्डले भने। माओवादी, एकीकृत समाजवादी, नेकपा, नेसपा, आजपालगायत दलहरूबिच एकताको विषयमा छलफल चलिरहेको छ। शीर्ष नेताहरूबिच एकता छलफल बाकिलएको छ। तर, एकताको ठोस सहमति भने भइसकेको छैन। विचार र सिद्धान्तमा एकमत भएपछि संगठनात्मक विषयमा प्रवेश गर्ने र एकता घोषणा गर्ने तयारी रहेको नेताहरू बताउँछन्। प्रतिक्रान्ति रोक्न फेरि क्रान्ति गर्नुपर्ने अवस्था आएको उनले बताए। प्राप्त उपलब्धिको रक्षा गर्न र नयाँ क्रान्ति समाजवादमा मुलुकलाई डोहोऱ्याउन लाग्नुपर्ने उनको भनाइ थियो।

सर्पदंशका बिरामीको मृत्यु भएपछि चिकित्सकमाथि कारबाहीको माग गर्दै प्रदर्शन

लहान/ सिराहास्थित प्रादेशिक अस्पतालमा सर्पदंशका बिरामीको उपचार नगरी रेफर गरिँदा मृत्यु भएको भन्दै स्थानीयले प्रदर्शन गरेका छन्। सिराहा विकास मञ्चको आयोजनामा बुधबार दिउँसो सदरमुकामको बजार क्षेत्र र अस्पतालपरिसरमा भएको प्रदर्शनमा उनीहरूले सर्पदंशका बिरामीको उपचार नगरी रेफर गर्ने चिकित्सकलाई कारबाहीसहित अविलम्ब सर्पदंश उपचारको व्यवस्था, अस्पतालमा आइसियू र भेन्टिलेटरको व्यवस्था गरिनुपर्ने माग गरे। मञ्चका संयोजकसमेत रहेका सामाजिक अभियन्ता रामरिझन यादवले एक्काइसौं शताब्दीमा पनि जिल्ला सदरमुकामजस्तो ठाउँमा सर्पदंशका बिरामीको उपचार सेवा नहुँदा गरिब, निमुखा किसानको ज्यान गइरहेको आरोप लगाउँदै ड्युटीमा रहेका चिकित्सकलाई दण्डित गरिनुपर्ने माग गरे।

सुमोचालकमाथि भरुवा बन्दुक ताक्ने कांग्रेस नेता राईविरुद्ध मुद्दा दर्ता

खोटाङ/ कांग्रेस खोटाङका जिल्ला सदस्य श्यामकुमार राईविरुद्ध डाँका उद्योगसम्बन्धी मुद्दा दर्ता भएको छ। दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका- ११ खार्मीबाट आउँदै गरेको सुमोका चालक सविन तामाङमाथि बन्दुक ताकेको आरोपमा उनीविरुद्ध बुधबार जिल्ला प्रहरी कार्यालय खोटाङमा मुद्दा दर्ता भएको हो। राईले आफूहरूले दिक्तेल-खार्मी सडक मर्मत गरेको भन्दै जबर्जस्ती सहयोग रकम माग गर्दै आफूमाथि भरुवा बन्दुक ताकेर ज्यान मार्ने प्रयास गरेकाले कानुनी कारबाहीको माग गर्दै जिल्ला प्रहरी कार्यालय खोटाङमा मुद्दा दर्ता गरेको तामाङले बताए। खार्मीस्थित बाँझोबारी घर भएका राईले आफ्नै घरअगाडि सडकमा बाँस तथा मुढा तेर्स्याएर सडक अवरोध गर्दै आक्रमणको प्रयास गरेको भिडियो क्लिप्समा देखिएको छ।

अवैध युरिया मल राख्ने चौधरी पक्राउ

उदयपुर/ उदयपुरको कटारी बजारमा अवैध रूपमा युरिया मल राख्ने गोदाममालिक दिलीप चौधरी पक्राउ परेका छन्। गत १२ भदौमा उदयपुरका सहायक प्रमुख जिल्ला अधिकारी विक्रमप्रसाद पाण्डेयको नेतृत्वको अनुगमन टोलीले कटारी बजारमा रहेको चौधरीको आशुतोष सप्लायर्स एन्ड ट्रेडर्स तथा जय माँ काली प्रालिबाट दुई सय बोरा अवैध युरिया मल बरामद गरेको थियो। कटारी नगरपालिकाकी उपमेयर गीता खड्काको नेतृत्वमा बनेको छानबिन समितिलाई चौधरीले युरिया मलको स्रोत दिन नसकेपछि उनलाई सोमबार पक्राउ गरिएको हो। सहायक प्रमुख जिल्ला अधिकारी पाण्डेयका अनुसार मंगलबार जिल्ला अदालत गाईघाटबाट म्याद थपी उनीमाथि अनुसन्धान सुरु गरिएको छ। 'पक्राउ परेका चौधरी हाल इलाका प्रहरी कार्यालय कटारीमा छन्,' उनले भने। पाण्डेयका अनुसार जफत गरिएको दुई सय बोरामा गणना गर्दा १७५ बोरा मात्र फेला परेको छ। बरामद मल किसानलाई वितरण गरिएको छ।

■ धर्नामा मिटरब्याजपीडित



जाली तमसुक खारेजी, जग्गा फिर्ता, मिटरब्याजीलाई कारबाहीलगायत मागसहित ६ दिनदेखि माइतीघर मण्डलामा धर्नामा बसेका पीडित। आफ्ना माग सरकारले सुनुवाइ नगरे २३ भदौमा मधेशका आठ जिल्लाबाट पीडित ल्याएर काठमाडौंकेन्द्रित आन्दोलन गर्ने उनीहरूको तयारी छ। तस्बिर : दिपेन्द्र ढुंगाना/नयाँ पत्रिका

■ निजामती अस्पताललाई विशिष्टीकृत अस्पतालमा रूपान्तरण गरिँदै

चीनले १० अर्बमा थप दुई सय शय्या थपिदिने

● **डा. मोहनचन्द्र रेग्मी**
कार्यकारी निर्देशक, सिभिल अस्पताल



अहिले हामीले चाहेर पनि सेवालाई बढाउन सकेका छैनौं, किनभने हामीसँग सीमित स्रोत-साधन र पूर्वाधार छ। अब भने दुई वर्षभित्र अस्पतालको सेवा विस्तारका साथै विशिष्टीकृत अस्पतालका रूपमा रूपान्तरण गर्दैछौं। चिनियाँ पक्षले दुई महिनासम्म हामीसँग बसेर अस्पतालको निर्माण योजना र विस्तारबारे कार्ययोजना तयार गरिसकेको छ, अब छिट्टै काम थाल्दै छ।

शिवहरि धिमिरे/नयाँ पत्रिका

निजामती (सिभिल) अस्पताललाई विशिष्टीकृत अस्पतालमा रूपान्तरण गरिने भएको छ। हाल सीमित स्रोत-साधन र पूर्वाधारभित्र सेवा लिँदै आएको अस्पतालको शय्या संख्या थपिएपछि विशिष्टीकृत अस्पतालका रूपमा परिणत गरिनेछ। दुई महिनाअघि नेपाल आएको चिनियाँ पक्षले अस्पताललाई सातदेखि १० अर्बसम्मको नयाँ संरचना बनाइदिने प्रतिबद्धता जनाएको छ। दुईपक्षीय सम्झौतासमेत भएर चिनियाँ पक्षले केही समयमै काम सुरुवात गर्ने तयारी गरेको छ।

चाइना इन्टरनेसनल डेभलपमेन्ट कर्पोरेसन (सिआईडिसिए)का प्रमुख लुओ चाओहुई र अर्थमन्त्री विष्णु पौडेलबिच गत ४ साउनमा दुईपक्षीय लिखित सम्झौता भएको थियो। नेपालले डिपिआर पेस गरेपछि सम्झौता भएको थियो। चिनियाँ पक्षले पनि अस्पतालको डिजाइन पेस गरिसकेको छ। यसअघिकै जस्तै भवनको शैलीमा नयाँ भवन निर्माण हुनेछ। अब चिनियाँ पक्षले छिट्टै ग्लोबल टेन्डर आह्वान गर्नेछ।



अस्पतालका कार्यकारी निर्देशक डा. मोहनचन्द्र रेग्मीले चिनियाँ पक्षले छिट्टै ग्लोबल टेन्डर आह्वान गरेर सम्झौताअनुसार काम थाल्ने जानकारी दिए। निजामती अस्पताल हाल २५० शय्याको छ। इमर्जेन्सी उपचार कक्ष पनि साँघुरो छ। चिनियाँ पक्षले दुई वर्षभित्र दुईवटा भवन (सर्भिस ब्लक र एकेडेमिक ब्लक) निर्माण गरिदिने भएको छ। त्यसपछि अस्पतालको सेवा प्रवाह फराकिलो बन्ने विश्वास लिइएको छ। 'अहिले हामीले चाहेर पनि सेवालाई बढाउन सकेका छैनौं, किनभने हामीसँग सीमित स्रोत-साधन र पूर्वाधार छ। अब भने दुई वर्षभित्र अस्पतालको सेवा विस्तारका साथै विशिष्टीकृत अस्पतालका रूपमा रूपान्तरण गर्दैछौं,' रेग्मीले भने, 'चिनियाँ पक्षले दुई महिनासम्म हामीसँग बसेर अस्पतालको निर्माण योजना र विस्तारबारे कार्ययोजना तयार गरिसकेको छ, अब छिट्टै काम थाल्दै छ। दुई वर्षमा काम सकिन्छ, त्यसपछि अस्पतालको सेवा पनि विस्तार भइहाल्छ।'

रेग्मीका अनुसार हाल अस्पतालमा ओपिडी सेवा लिन दैनिक एक हजार बिरामी आउँछन्। एक हजार बिरामी आउने अस्पतालमा शय्या संख्या कम्तीमा पनि पाँच सय चाहिने उनले बताए। 'अब अस्पतालको सेवा बढाउने, प्रविधि र ल्याब भित्र्याउने हो,' उनले भने, 'हामीले सकेसम्म पाँच सय शय्या पुऱ्याउनुपर्छ भनेर प्रस्ताव गरेका छौं, चिनियाँ पक्षले दुई सयदेखि २५० शय्याको संरचना बनाइदिने बाचा गरेको छ।'

नयाँ दुईवटा भवन निर्माणको हाल मुख्य भवनको दायाँबायाँ रहेका साना भवन हटाइनेछ। अस्पतालको पछाडि रहेको बर्गैंचा तथा ग्रिनरीलाई थप व्यवस्थित पारिनेछ। खुला र बर्गैंचाको क्षेत्र नमासीकन पुराना साना भवन भत्काएर त्यही ठाउँमा आधुनिक भवन निर्माण गरिनेछ। बनेका दुईवटा भवनमध्ये एउटामा शैक्षिक तथा अनुसन्धानका कार्यक्रम गरिनेछ भने अर्को भवनबाट सेवा प्रवाह गरिनेछ। अब बन्ने भवनमा अन्डरग्राउन्ड पार्किङसहित व्यवस्था गरिनेछ। भवन पाँच तलासम्मको बन्नेछ।

यसअघि यो अस्पतालको अधिकांश संरचना पनि चिनियाँ पक्षले नै निर्माण गरेको थियो। बिचबिचमा आएर मर्मतसम्भारसमेत चिनियाँ पक्षले गरिरहेको छ। अस्पतालले सेवा विस्तारका लागि नयाँ भवन बनाउने प्रस्ताव राखेपछि चिनियाँ पक्ष तयार भएको हो। नयाँ भवन बनेपछि वीर अस्पताल, त्रिवि शिक्षण अस्पताललगायत संघीय अस्पतालले दिँदै आएका विशिष्टीकृत सेवा निजामती अस्पतालले सञ्चालन गर्नेछ।

हाल अस्पतालले चिकित्सक तथा कर्मचारीको दरबन्दी संख्या कम भएको भन्दै तीन सय दरबन्दी कायम गर्न माग गर्दै ओएनएम सर्भेको रिपोर्ट सामान्य प्रशासन मन्त्रालय र स्वास्थ्य मन्त्रालयमा पठाइसकेको छ। हाल यो अस्पतालमा स्वास्थ्य बिमा सुविधा छैन। तैपनि बिरामीको भिड लाग्ने गरेको छ। निजामती कर्मचारीलाई लक्षित गर्दै खोलिएको यो अस्पतालमा अहिले कर्मचारीभन्दा अन्य सर्वसाधारण उपचार गर्न आउने गरेका छन्। तर, ल्याब शुल्क महँगो भएको सेवाग्राहीको गुनासो छ। अस्पताल विशिष्टीकृत अस्पतालमा रूपान्तरण भएपछि शुल्कसमेत निर्धारण गरिनेछ। निजामती कर्मचारीलाई मात्रै नभएर अन्य सर्वसाधारणलाई समेत सहज हुने गरी उपचार शुल्क निर्धारण गर्ने लक्ष्य राखिएको कार्यकारी निर्देशक रेग्मीले बताए।

नयाँ भवन बनेपछि उपचारमा आधुनिक उपकरण पनि भित्र्याइनेछ। उपकरणहरू पनि चिनियाँ पक्षले नै ल्याइदिने भएको छ। क्यान्सर रोगको सर्जरीका लागि आधुनिक मेसिन, क्याथ ल्याब, जेनेटिक ल्याबगायत उपकरण थपिनेछन्। यसो भएपछि अन्य संघीय अस्पतालमा हुने चाप घट्ने अस्पतालमा कार्यकारी निर्देशक डा. रेग्मीको भनाइ छ।

भाषणमा सीमित सरकारको एक वर्ष

सातबुँदे सहमतिमार्फत सरकार गठन गर्दा आशा जगाउन खोजिए पनि भाषणले जनता झुक्याउने काम मात्र भइरहेको छ



● बलराम केसी

अग्रलेख

प्रजातन्त्र र खुला अर्थतन्त्रमा विश्वास गर्ने पहिलो ठुलो दल कांग्रेस र दोस्रो ठुलो दल एमाले परस्परविरोधी विचारधाराका भए पनि सत्तास्वार्थले गर्दा दुवै ०८१ साउनमा गठबन्धन बनाएर सरकार गठन गरे । दुवै दलका नेताले एक स्वरमा 'दुई ठुला दलको गठबन्धन असफल भए झन् ठुलो निराशाको जोखिम हुन्छ' पनि भने ।

असोजमा ७ पृष्ठ लामो 'सरकारको साझा संकल्प तथा नीतिगत प्रतिबद्धता' नामको कागजी लेखोट सार्वजनिक पनि गरे । संकल्प सातबुँदे सम्झौताको पूरक थियो । संकल्पमा आठ शीर्षक राखिए । 'संकल्प'का अधिकांश कुरा संविधान र कानुनबाट सारिएका थिए । सारिए पनि अक्षरशः लागू गरिएको भए भ्रष्टाचारी डराउँथे । नयाँले गर्दैनथे । धेरै भ्रष्टाचारी आज मुद्दा चलेर थुनामा या तारेखमा हुन्थे ।

संकल्पमा राम्रा कुरा नपरेका होइनन् । विकास गर्ने, भ्रष्टाचार नियन्त्रण गर्ने र सुशासन कायम गर्ने राम्रा कुरा हुन् । अक्षरशः लागू होला भन्ने आस थियो । संकल्पले केही हानि गरेको थिएन । देशको समस्या र संकट भ्रष्टाचारले गर्दा सिर्जिएको हो । संकल्पको नं. २ को आफ्नै शब्दमा 'संविधानको संशोधन' र नं. ३ को 'भ्रष्टाचारजस्ता सार्वजनिक चर्चामा रहेका काण्डहरूको स्वतन्त्र, निष्पक्ष र विश्वसनीय छानबिन गरिनेछ' भन्ने लेखिएको थियो, जुन स्वागतयोग्य कुरा हुन् । एक वर्ष नाघ्यो, तर कार्यान्वयन गरिएन । कार्यान्वयन गर्ने सुरसारै देखिएन । कार्यान्वयन गर्न राजनेता चाहिन्छ । राजनेता ६ गुणले सम्पन्न हुनुपर्छ । शुद्ध आचारण, त्याग, नैतिकता, जवाफदेहिता, भिजन र इमानदारी । बिपी कोइराला, गणेशमान सिंह, कृष्णप्रसाद भट्टराई, मनमोहन अधिकारीलगायत नेता ६ गुण सम्पन्न थिए । तिनको आचरण शुद्ध थियो । तिनले प्रधानमन्त्री पदको लोभ गरेनन् । त्यागी थिए । लक्ष्य प्रजातन्त्रको थियो । महान् भिजन थियो । पदका लागि राजासँग पनि सौदा गरेनन् । नैतिकवान् थिए । इमानदारिता थियो । भ्रष्टाचारका लागि राजनीति गरेका थिएनन् । बेदाग दिवंगत भए । देश, जनता र प्रजातन्त्रप्रति सदा समर्पित र इमानदार थिए । सातबुँदे सम्झौताले जन्माएको 'संकल्प लागू गर्न शुद्ध आचरणको, त्यागी, भिजन भएको, नैतिकवान्, जवाफदेही र इमानदार' नेताको हातमा नेतृत्व हुनुपर्थ्यो । तर, नेतृत्वकर्तामा राजनेताको गुण नभएकाले एक वर्ष बित्यो, आफैंले जारी गरेको संकल्प लागू गरिएन ।

सातबुँदे सम्झौता र संकल्प ०८४ को चुनावसम्म कांग्रेस र एमाले पालैपालो प्रधानमन्त्री बन्ने षड्यन्त्रको ललिपप हो । अन्य दल एकढिक्का भएर सरकार ढाल्लान् भन्ने डरले राष्ट्रिय सहमतिको सरकार गठन गर्ने भनियो । दुई दल अप्रिय भएकाले अप्रियता लुकाउन 'संविधान संशोधन'को नारा दोहोऱ्याइयो । पहिलो शीर्षकमा जनतालाई 'इमोसनल ब्याकमेल' गर्न राष्ट्रहित संरक्षणअन्तर्गत राष्ट्रियता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता, स्वतन्त्रता, स्वाभिमान, राष्ट्रहितको रक्षा गर्ने लोकप्रिय कुरा लेखियो । संविधानको प्रस्तावना, धारा ५ को राष्ट्रिय हित, राज्यको निर्देशक सिद्धान्त धारा ५२ को राज्यको दायित्व र धारा ८० को शपथ र राष्ट्रहितविपरीत सन्धि गर्न नहुने व्यवस्थाले संविधान पालना गरेपछि ती स्वतः भइहाल्ने कुरा हुन् । त्यसलाई संकल्पमा लेख्नुपर्ने थिएन ।

संकल्पमा संविधानका कुरा नै दोहोऱ्याइए । संकल्प लागू गर्नकै लागि दुई दल मिलेको नारा दिइयो । सरकारले गर्ने काम प्रत्येक वर्ष राष्ट्रपतिलाई धारा ९५ अनुसार संसद्मा सम्बोधन गराइन्छ र त्यही आधारमा धारा ११९ लगायत धाराअन्तर्गत सरकारले बजेट पाउने हो । संवैधानिक परम्परा, संविधान र संवैधानिक संस्कारलाई यसरी ध्वस्त पारियो कि राष्ट्रपतिको सम्बोधनको नीति तथा कार्यक्रमलाई कर्मकाण्डी बनाइयो र नीति तथा कार्यक्रम खारेज गर्दै संसद् छलेर संकल्प जारी गरिने परम्परा बन्यो ।

आज कांग्रेस र एमालेको सरकार छ । दुई वर्षको अवधिमा चार सरकार बने । तीनवटा नीति तथा कार्यक्रम संसद्मा पेस भए । तर, संकल्प र न्यूनतम साझा कार्यक्रमले ती सबै खारेज गरिए । धारा ९५ को राष्ट्रपतिको सम्बोधन अमेरिकी राष्ट्रपतिको 'स्टेट अफ द युनियन'को सम्बोधनजस्तै हो । तर, हामीकहाँ त धारा ९५ को राष्ट्रप्रमुखको सम्बोधन लागू नगरी संकल्पले खारेज गर्ने परम्परा विकास गरियो ।

विपक्षी शून्य पारेर ठुला दलले सरकार बनाउनुपर्ने कुनै आकस्मिक र असामान्य परिस्थिति सिर्जना भएको थिएन । संविधान मिचेर सरकार बनाइयो । संविधान संशोधन दुई ठुला दल मिलेर मात्र हुँदैन, सबै दल मिल्नुपर्छ । पदमा टिक्नका लागि संविधान संशोधनको नारा दिइए पनि त्यसका लागि दुवै सदनको दुईतिहाइ बहुमत चाहिन्छ । दुई दलले त्यो पुऱ्याउन सक्दैनन् । माओवादी केन्द्र 'किङ मेकर' बनेको छ । संविधान संशोधनको नारा दिएर एमाले र कांग्रेसले 'दुस्मनका दुस्मन दोस्त' बनेर सातबुँदे सम्झौता गरे । सम्झौता ०८४ को चुनावसम्म सत्ताका लागि गरिएको थियो । जनताले नपत्याउने डरले संविधान संशोधनको नारा दिइएको प्रमाणित हुँदै छ ।



शीर्षक नं. ३ को 'सुशासन र गुणस्तरीय सेवा प्रवाह' हेर्दौं । शीर्षकमा चार प्रकरण छन् । पहिलो र दोस्रो प्रकरण 'खोक्रो नारा' हुन् । सुशासन र गुणस्तरीय सेवा दिन किन, कसले, कसरी रोक्यो ? एक वर्ष बित्दा पनि कार्यान्वयन नगर्ने भए कहिले गर्ने ? जनता कार्यान्वयन होस् भन्ने चाहन्छन् । तेस्रो प्रकरणमा भ्रष्टाचार आर्थिक अनियमितता, अख्तियार दुरुपयोगजस्ता सार्वजनिक चर्चामा रहेका सबै काण्डको स्वतन्त्र निष्पक्ष र विश्वसनीय छानबिन गरिनेछ भन्ने उल्लेख छ ।

> दुई ठुला दलको गठबन्धनले सरकार गठन गर्दा गरेको संकल्प कार्यान्वयनमा चासो नदिँदा अन्तर्राष्ट्रिय समुदायको आँखामा नेपाल 'असफल राष्ट्र' हो भन्ने परिसकेको छ, छाप लाग्न मात्र बाँकी छ

तीन करोड नेपाली, राष्ट्र संघ र ट्रान्सपरेन्सी इन्टरनेसनलले चाहेकै यही हो । भ्रष्टाचार नियन्त्रण गर्न संकल्प किन चाहियो ? लागू गर्ने हो भने दुई ठुला दल होइन, १३८ संख्याको संसद्को जादुगरी नम्बर नघाएको झिनो समर्थनले बनेको सरकार पनि लोकप्रिय बन्छ । सोही कारणले सरकार ०८४ को चुनावसम्म टिक्ने थियो ।

नेपाललाई भ्रष्ट देश बनाइयो । भ्रष्टाचारकै कारण विदेशी डराउँछन् । दातृ राष्ट्र नेपालमा ऋण दिन हिचकिचाउँछन् । गिरिबन्धु टी स्टेट, नक्कली भुटानी शरणार्थी, हालैको एयरपोर्ट सेटिङ काण्ड, भिजिट भिसा, वाइड बडी, पासपोर्ट छपाइ काण्ड, कम्बोडियालगायत दर्जनौं काण्डमा दुई ठुला दलका नेता र आसेपासे, मन्त्रीको नाम आएको छ । छानबिन होइन, अख्तियारबाटै अनुसन्धान हुनुपर्ने काण्ड हुन् । सायद आत्मघाती गोल हुने डरले कार्यान्वयन गरिएन । राष्ट्र निर्माणका लागि इच्छाशक्ति, भिजन, शुद्धता, नैतिकता, जवाफदेहिता र इमानदारी आवश्यक पर्छ, जुन आजका नेतामा छैन । भाषणले झुक्याउने काम भइरहेको छ । भिजनको कुरा गर्दा भक्तपुरको गुन्डुमा ५० हजार क्षमताको रंगशाला बनाउने भनिएको छ । साँचो हो भने सरकार गलत बाटो जाँदै छ । भिजन भइदिएको भए 'ओभर क्राउडेड' उपत्यकामा भक्तपुरको इँटा-टायल कारखाना मासेर रंगशाला बनाउने थिएन । रंगशाला प्लटिङ गरेर बेच्न लागिएको उपत्यकाबाहिरको गिरिबन्धु टी स्टेटजस्ता जग्गामा बनाउनुपर्थ्यो । उपत्यका थप प्रदूषित र भिडभाड हुने थिएन । भिजन भइदिएको भए स्कुलका ससाना बच्चालाई भक्तपुरमा रंगशाला बनाइदिन्छु खेल भन्दैनथे । भारतको प्रसिद्ध 'इन्डियन इन्स्टिच्युट अफ टेक्नोलोजी' (आइआइटी) जस्तो नेपालको आफ्नै एनआइटी बनाइदिन्छु, त्यहाँ प्राविधिक उच्च शिक्षा पढ नानीबाबुहरू हो, भन्नुपर्थ्यो । स्वास्थ्योपचारका लागि भारतको 'अल इन्डिया इन्स्टिच्युट अफ मेडिकल साइन्स' (एम्स) जस्तो नेपाली 'एम्स' बनाइदिन्छु, त्यहाँ पढ, डाक्टर बन र बिरामीको सेवा गर भन्नुपर्थ्यो ।

त्यसै त उपत्यकामा 'कंक्रिटको जंगल' ठडिएको छ । आपत् पर्दा खुला ठाउँ छैन । एक व्यक्तिको सनकमा देश चलाइएको छ । हराभरा जग्गा मासेर भ्यू टावर बनाउने, रंगशाला बनाउने, काम भइरहेछ । इटली जी-७ को धनी र विकसित राष्ट्र हो । इटली फुटबलको देश हो । इटलीको रंगशाला देखेर उपत्यकामा रंगशाला बनाइदिन्छु भन्नु गलत सोच हो । कसरी रोजगारी सिर्जना हुन्छ ? अन्तर्राष्ट्रिय क्षेत्रमा पनि नेपाल असफल बन्यो । हमासले बन्धक बनाएका विपिन जोशीका आमा र बहिनीलाई इजरायली सरकारले आफ्नो अगुवाइमा इजरायल लग्यो । संयुक्त राष्ट्र संघका लागि अमेरिकी भिसा दिलाउन पहल गऱ्यो । तर, नेपालले केही गर्न सकेन । दुई दलको सरकार असफल भइसक्यो । अब उपाय के त ?

गणतन्त्रको बदनामी जनता वा संविधानले गरेका होइनन् । गणतन्त्रयता तीनजना आलोपालो प्रधानमन्त्री भइरहे । तर, तिनले नेतृत्वदायी भूमिका निर्वाह गर्न सकेनन् । पदका लागि हानथाप र दाउपेच मात्र चल्यो । आजको सरकार पनि दाउपेचकै उपज हो । संकल्प लागू गर्न नसकेको कारण नै यही हो । नेपालको समस्या गरिबी वा भूपरिवेष्ठितता होइन, भ्रष्टाचार हो । भ्रष्टाचारले गर्दा नेपालको बदनाम भयो । भ्रष्टाचार नियन्त्रण गर्ने हो भने ५० प्रतिशत समस्या समाधान हुन्छ र सुशासनको सुरुवात हुन्छ । नेपालको गिरिबन्धु, नक्कली भुटानी शरणार्थी, एयरपोर्ट सेटिङ काण्डलगायत दर्जनौं काण्डबाट विश्व परिचित छ । अमेरिकाले नेपाली सरकारी डेलिगेसनलाई नै पनि सेटिङवाला र सरकारबाटै मानव तस्कर हुने देशको टोली ठान्छ । यति हुँदाहुँदै पालैपालो प्रधानमन्त्री बन्ने दुई ठुला दलका नेता भ्रष्टाचार नियन्त्रण गर्नुपऱ्यो भन्ने आँट गर्दैनन् । 'भ्रष्टाचार' शब्दको त नामै लिन पनि डराएको देखिन्छ । सुशासन प्रवाह गर्ने भनेर समिति बनाएर प्रधानमन्त्री आफैं समितिको अध्यक्ष बन्नुभएको छ । भ्रष्टाचार नियन्त्रण गरेपछि सुशासन स्वतः कायम हुँदै आउँछ । सुशासन आयोगको नाटक किन ?

अन्त्यमा, ३ असोज ०८१ मा प्रकाशित र प्रचारित सरकारको 'संकल्प' कार्यान्वयन गर्दैन । अरू नभए पनि नम्बर ३ को सुशासन र गुणस्तरीय सेवा प्रवाह शीर्षकको प्रकरण ३ का लागि नागरिक समाजका निष्पक्ष व्यक्तिको शक्तिशाली समिति गठन गरेर गिरीबन्धुलगायत दर्जनौं काण्डको छानबिन गराउनुपर्थ्यो । कार्यान्वयन गर्न सरकार कानुन, संविधान, नैतिकता, इमानदारी र संकल्पले विबन्धित छ । एक वर्षअगाडि ७ साउन, ०८१ मा प्रकाशित दुई ठुला दलको गठबन्धन असफल भए भनै ठुलो निराशाको जोखिम हुन्छ भन्नेमा प्रधानमन्त्रीको ध्यान जाओस् । सरकार असफल भइसक्यो । अन्तर्राष्ट्रिय समुदायको आँखामा नेपाल 'असफल राष्ट्र' हो, छाप लाग्न मात्र बाँकी छ । अब गणतन्त्र नेपाल होइन, 'बनाना रिपब्लिक अफ नेपाल' बन्दै छ भन्ने महसुस गरेर नयाँ पुस्तालाई सत्ता हस्तान्तरण गर्नुपऱ्यो । सातबुँदेका 'आर्किटेक्ट' २ नेताले यो नभुलून्, प्रजातन्त्रमा कुनै पनि व्यक्ति अपरिहार्य हुँदैन । प्रजातन्त्र भनेको एक नेतालाई अर्को नेताले प्रतिस्थापन गर्ने विधि हो । प्रधानमन्त्री नभए देश र दल चल्दैन भन्ने सोच कसैले पनि नराखौं ।

(केसी सर्वोच्च अदालतका पूर्वन्यायाधीश हुन्)

---

३ प्रश्न

एकीकृत समाजवादीका उपाध्यक्ष एवं प्रचार विभाग प्रमुख **प्रकाश ज्वालाल**ाई



माओवादी केन्द्रसँग एकताको पूर्वतयारी कहाँ पुग्यो ?

खासै त्यस्तो तयारी नै त भएको छैन । तर, प्रदेशस्तरका निश्चित नेताबिचको भेलामा एक चरणको छलफल सकिएको छ । छलफलमा दुई पार्टीबिच समस्या भए क्रमशः सुधार्दै जाने सहमति भएको छ । दुई पार्टीबिचको सम्बन्धलाई बलियो बनाउँदै जाने र दुवै दलबिचको सहकार्य बढाउँदै जाने समझदारी पनि भएको छ । तर, औपचारिक र ठोस रूपमा चाहिँ खासै त्यस्तो उल्लेख्य केही भएको छैन ।

विचार र सिद्धान्तमा के-के अन्तर छन्, मिलनबिन्दु के हुन सक्छ ?

सामान्यतया दुई पार्टी एकतामा जाँदा माओवादलाई मार्गदर्शक सिद्धान्त नबनाउने, माओवादी नाम छाड्ने र समाजवादी कार्यदिशा अँगालेर जाने मोटामोटी सहमति अलि पहिले भएको हो । त्यसबाहेक अहिले कुनै नौलो सहमति या ठोस निर्णय केही भएको छैन ।


माओवादी र एकीकृत समाजवादीको एकतापछि कस्तो पार्टी बन्ला ?

दुई दलबिच वैचारिक राजनीतिक कार्यदिशा र एजेन्डामा सहमति भयो भने एकताको चरणसम्म पुग्ने गरी अनौपचारिक संवाद भइरहेका छन् । हामीबिच एकता भयो भने संसद्मा एउटा बलियो शक्ति खडा हुनेछ । एकीकृत दल संसद्को 'थर्ड पोल'का रूपमा स्थापित हुनेछ । दुवै दलका अनुभवी पुराना र युवा नेता तथा जुझारु कार्यकर्ता एक ठाउँमा रहँदा राष्ट्रिय राजनीतिमा एउटा बेग्लै रौनक र सिंगो पार्टीपंक्तिमा ऊर्जा थपिनेछ । जसले गर्दा ०८४ को स्थानीय र संसदीय निर्वाचनमा त्यसको निकै सकारात्मक प्रभाव देखिनेछ ।

प्रेरक प्रसंग

स्वामी रामातीर्थ र जापानी वृद्ध

यो त्यति वेलाको कुरा हो, जब स्वामी रामातीर्थ जापानको यात्रा गरिरहेका थिए । भारतबाट जापान जाँदा उनी पानीजहाजबाट यात्रा गरिरहेका थिए । त्यही पानीजहाजमा एक जापानी वृद्ध पनि थिए, जसको उमेर लगभग ९० वर्ष हाराहारीको हुँदो हो । ती जापानी वृद्धका हातखुट्टा थरथर कामिरहेका थिए र आँखा पनि निकै कमजोरजस्ता देखिन्थे । तर, त्यति वृद्ध भइसक्दा पनि उनी चिनियाँ भाषा सिक्नका लागि चिनियाँ भाषासम्बन्धी किताब पढिरहेका थिए ।



स्वामी रामातीर्थ ती जापानीको लगन देखेर प्रभावित भए । उनी ती जापानी वृद्धको प्रयास देखेर चुपचाप बसिरहन सकेनन् । उनले ती वृद्धलाई सोधे, 'यति वृद्धि भएर पनि तपाईं चिनियाँ भाषा सिक्न खोजिरहनुभएको छ । चिनियाँ भाषा त संसारकै कठिनतम् भाषामध्ये एक हो । यो भाषा राम्ररी सिक्नका लागि तपाईंहामीजस्ता तेस्रो भाषाभाषीलाई निकै वर्ष लाग्छ । अनि तपाईं यस्तो कठिन भाषा कहिलेसम्ममा सिकिसक्नुहुन्छ र कहिले यसको उपयोग गर्न पाउनुहोला ?'

उनको यो भनाइ सुनिसकेपछि ती वृद्ध जापानीले स्वामी रामातीर्थलाई कमजोर आँखाले ध्यान दिएर यसो हेरे र भने, 'जबसम्म म जिउँदो हुन्छु, तबसम्म मैले केही न केही सिकिरहनुपर्छ, नत्र मलाई आफ्नो जीवन बेकारको लाग्छ । मर्नु त एक दिन छ नै । यो कुरा सबैलाई थाहा पनि छ । तर, यदि मानिसले मृत्युबारे मात्र सोचिरह्यो भने उसले जीवनमा केही काम गर्न सक्दैन । त्यसैले नयाँ कुरा सिक्न उमेरलाई कहिल्यै बाधक ठान्नु हुँदैन ।'

उनको जवाफ सुनेर स्वामी रामातीर्थ हर्षविभोर भए र ती जापानी वृद्धलाई झुकेर अभिवादन गरी आफ्नो स्थानमा गएर बसे ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

मन्त्रीको दादागिरीको पराकाष्ठा



खानेपानी मन्त्री प्रदीप यादव युवा भएर पनि अति साँघुरो सोच बोकेर हुर्केका रहेछन् । जनताका प्रश्न सुन्नुपर्ने ठाउँमा पुगेपछि जनताले प्रश्न गर्छन् र ती प्रश्नको यथोचित जवाफ दिनुपर्छ भन्ने पनि नबुझी उनी राजनीतिमा हामफालेका रहेछन् । थोरै मात्र संयम भइदिएको भए उनले आफूलाई प्रश्न गर्ने नागरिकका गुनासा सुनेर तिनको सम्बोधनको प्रयास गर्ने थिए । यसरी दादागिरी गरेर मन्त्रीको रुवाफ हामी जनतालाई नदेखाऊँ है मन्त्रीज्यू !

● **मोहन विक**, बनेपा-५, काभ्रेपलाञ्चोक

मधेशका बाहुबलीहरू हुन्, जे मन लाग्छ त्यही गर्छन् । अभै भोट दिएर जिताउनुहोला, साउथ इन्डियन फिल्ममा जस्तो तपाईंहरूका घरजग्गालगायत सबै कब्जा गर्नेछन् ।

● **मोहन चाम्लिङ राई**

देशैभरि नेताहरूको ज्यादती बढ्दै छ । यस्तो हुँदा पनि जनताका आँखा खोलिएनन् भने जिन्दगीभर दुःख पाउने निश्चित छ ।

● **सुदन सुब्बा**

अहिले नेपालमा जनताको भलो गर्ने, जनताको दुःखसुख सुन्ने नेता र मन्त्री कहाँ छन् र हो ? अहिले गणतन्त्रमा कुनै न कुनै अपराधमा मुछिएका नेताको मात्र हालीमुहाल छ ।

● **विष्णु खत्री**

रैती भएर मन्त्रीलाई प्रश्न गर्न नपाइँदो र'च । पररै देउवालाई सोध्दा सागर ढकालले पनि बेस्कन गाली पाएका थिए ।

● **केदार ढकाल**

खोइ त कानुन ? खोइ मानव अधिकारवादीहरू ? सत्तामा हुँदाको दम्भ धेरै नदेखाऊ । भोलि जनताले सडकमा घिसार्नेछन्, हेक्का रहोस् ।

● **पुष्प साउद**

भोलि भोट माग्न आउँदा लखेट्ने वातावरण बनाइयोस्, त्यहाँका जनताबाट ।

● **प्रकाशसिंह विश्वकर्मा**

(नयाँ पत्रिका फेसबुक पेजबाट)

अनुदानमा कटौती किन ?

सरकारले यसअघि दिँदै आएको उखुकिसानको अनुदानमा आधा कटौती गरेको छ । जुन सरासर गलत छ । यसअघि प्रतिक्विन्टल ७० रुपैयाँ दिँदै आएको अनुदानमा अहिले ३५ रुपैयाँ मात्र दिने भनिएको छ । नेता, मन्त्रीले खाने तलबभत्ताचाहिँ जहिले बढाउनुपर्ने, दुःखी किसानलाई दिने अनुदानमा चाहिँ कटौती गर्नुपर्ने यो कहाँको कानुन हो सरकार ? केही पनि काम नगरी तलबभत्ता खाने मन्त्री । सांसदको तलबभत्ताचाहिँ कटौती गर्नुपर्छ भनेर अर्थ मन्त्रालयले किन निर्णय गर्न सक्दैन ? यस्तो निर्णय गऱ्यो भने आफूले पनि खान पाइन्न, अनि अर्थ मन्त्रालयले किन गर्थ्यो ?

वर्षभरि काम गरेर खाने किसानलाई मार्न पाइँदैन । अर्थ मन्त्रालयले बजेट अभावमा उखुकिसानको अनुदान कटौती गरेको भन्ने समचार सुन्दा अचम्म लाग्छ । चुवाहट र भ्रष्टाचार नरोक्ने राज्यले उठाउनुपर्न बक्यौता नउठाउने, बिचौलियालाई पोस्ने अनि देशमा बजेट अभाव भयो भन्न लाज लाग्दैन ? उखुकिसानले आन्दोलन गरेपछि सरकारले साढे ७५ करोड अनुदान दिने निर्णय गरेको सुनियो । जनताले अन्दोलन नै नगरी नसुन्ने कस्तो सरकार होला । कम्तीमा दिनुपर्ने अनुदान समयमा दिए भएन ?

● **पुरुषोत्तम घिमिरे**, जोरपाटी, काठमाडौं
ghimirepuru@gmail.com

सधैं विपत्को जोखिममा किन छ पाकिस्तान ?

संस्थाबिचको कमजोर समन्वय, कमजोर पूर्वचेतावनी प्रणाली र वित्तीय स्रोतको अभावका कारण पाकिस्तानको विपत् तयारी अझै सीमित छ



देश/विदेश

● पिन्टुकुमार महला

दक्षिण एसियाका किसान गर्मीयाममा मनसुनी वर्षामा निर्भर छन् । तर, पछिल्ला वर्षमा यस क्षेत्रमा भइरहेको अत्यधिक मनसुनी वर्षा विनाशकारी र घातक साबित भएको छ । सन् २०२५ को ग्रीष्मकालीन मनसुनमा अविरल वर्षा र त्यसपछिको बाढीले पाकिस्तानमा ७०० भन्दा बढीको मृत्यु भयो । वर्षाका कारण करिब दुई करोड मानिस बसोवास गर्ने बन्दरगाह सहर कराँचीका सडक डुबानमा परे । पछिल्लो बाढीपहिरोले सन् २०२२ को अपूरणीय क्षतिलाई सम्झाएको छ, जतिवेला मनसुनी बाढी देशैभर फैलिँदा ८० लाखभन्दा बढी मानिस विस्थापित भएका थिए ।

पाकिस्तानमा प्राकृतिक प्रकोपको लामो इतिहास छ । घातक गर्मीको लहरदेखि अचानक आरीघोप्टे वर्षापछिको विनाशकारी बाढीसम्म । विश्वव्यापी तापक्रम बढ्दै जाँदा देशमा चरम वर्षा, अकस्मात् बाढी र हिमनदी पग्लने जोखिम बढ्दै छ । दक्षिण एसियामा हुर्केको म लामो समयदेखि पानी सुरक्षाका मुद्दामा काम गर्छु । जलवायु परिवर्तनको प्रभावले पारिस्थितिक प्रणाली, मानव समुदाय र भौतिक वातावरणमा व्यापक प्रभाव पार्छ । बढ्दो तापक्रमले वाष्पीकरण र वायुमण्डलमा आर्द्रताको मात्रा दुवै बढाउँछ, जसले गर्दा शक्तिशाली वर्षा हुन्छ । त्यति नै वेला पहाडमा तापक्रम बढ्दै जाँदा हिमनदी पग्लने गति बढ्छ । हिमनदी पग्लँदा नदीमा बहाव बढ्छ र हिमनदी फुट्न सक्छन् ।

सन् २०२५ को अगस्ट २२ मा पाकिस्तानको उत्तरी गिलगिट-बाल्टिस्तान क्षेत्रमा भएको हिमनदी विस्फोटले ठुलो खतरा निम्त्यायो । त्यसपछिको बाढीले दर्जनौं घरमा क्षति पुऱ्यायो र अस्थायी रूपमा नदी अवरुद्ध गऱ्यो । नदी अवरुद्ध भएपछि पानी जम्मा हुँदा फराकिला ताल बने । यी तालले तल्लो तटीय समुदायमा थप बाढीको जोखिम निम्त्यायो । सावधानीका रूपमा दर्जनौं विद्यालयलाई खाली गरियो । केही साताअघि सोही क्षेत्रमा भएको मुसलधारे वर्षापछिको बाढीपहिरोमा २०० मानिस अलपत्र परे ।

पृथ्वीको क्रायोस्फियर (यसको हिमनदी, बरफको पत्र, समुद्री बरफ र हिउँको आवरण) ग्रहको जलवायु प्रणालीको एक प्रमुख भाग हो । हिउँ र बरफले ढाकिएको सतहले सूर्यको प्रकाश ८० देखि ९० प्रतिशतसम्म परावर्तित गर्न सक्छ । तापक्रम बढ्दै जाँदा परावर्तित हिउँ र बरफको सतहको क्षतिले तापक्रमलाई अझ तीव्र बनाउन मद्दत गर्छ । हालैका दशकमा हिमालय क्षेत्रमा तापक्रम तीव्र गतिमा बढिरहेको छ । २०औं शताब्दीको सुरुमा प्रतिदशक लगभग ०.१८ डिग्री फरेनहाइट (०.१० सेल्सियस) को दरले बढेकोमा २१औं शताब्दीको सुरुमा प्रतिदशक लगभग ०.५८ डिग्री फरेनहाइट (०.३२ सेल्सियस) को दरले तापक्रम वृद्धि भइरहेको छ । जुलाईमा पाकिस्तानमा कीर्तिमानी गर्मी भयो । पहाडी चिलासमा ११९ डिग्री फरेनहाइट (४८.५ डिग्री सेल्सियस) तापक्रम पुग्यो, जसले गर्दा वर्षाको मौसममा बाढी आएको हुन सक्छ । जब गर्मीको लहर आउँछ, विशेषगरी सिन्धु नदीको तल्लो भागमा हिउँ पग्लिएर ठुलो बाढी आउन सक्छ ।

पाकिस्तानको चुनौतीमा द्रुत गतिमा बढ्दो जनसंख्या पनि हो, जुन १९८० देखि तीन गुणाभन्दा बढीले वृद्धि भएर २५ करोड नाघेको छ । जनसंख्याको ठुलो हिस्सा (लगभग नौ करोड ६० लाख) पानीको ठुलो बहाव भएका नदी किनार र सुकेका नदी किनार दुवै स्थानमा बस्छन् । ती क्षेत्रमा समथल र उर्वर जमिन भए पनि बाढीको जोखिम उच्च छ । बढ्दो जनसंख्यासँगै समथल क्षेत्रमा तीव्र रूपमा वन फँडानी



हुने गरेको छ । जसका कारण शीतलता हटेको छ र बाढीको जोखिम तीव्र बनेको छ । मुख्यतया बन फँडानीका कारण सन् २००१ देखि २०२४ सम्म पाकिस्तानले आफ्नो रुखको आवरणको लगभग आठ प्रतिशत क्षेत्र गुमाएको छ ।

विगत दुई दशकमा मौसमसँग सम्बन्धित विपत्तिबाट सबैभन्दा बढी प्रभावित देशमध्ये पाकिस्तान पनि पर्छ । तर, नोट्रे डेम ग्लोबल एडप्टेसन इनिसिएटिभको मूल्यांकनअनुसार विपत्तिसँग जुध्न तयार हुने सन्दर्भमा भने यो विश्वव्यापी रूपमा १९२ देशमध्ये १५०औं स्थानमा छ । पाकिस्तान राष्ट्रिय विपत् व्यवस्थापन प्राधिकरणको हालैको राष्ट्रिय विपत् जोखिम न्यूनीकरण रणनीति (२०२५-२०३०) ले सन् २००६ देखि विपत् जोखिम व्यवस्थापनमा सुधारबारे छलफल गरेको छ । तर, संस्थाबिचको कमजोर समन्वय, धेरै कम पूर्वचेतावनी प्रणाली र पर्याप्त वित्तीय स्रोत नभएका कारण पाकिस्तानको विपत् तयारी अझै पनि सीमित छ ।

पुरानो पूर्वाधार, प्रायः कमजोर जल निकासी र सहरी योजनाले गर्दा विपत्बाट मानवीय जोखिम झनै बढेको छ, जुन मेरो विचारमा विपत् जोखिम न्यूनीकरणमा मात्र निर्भर रहनु पर्याप्त छैन । पाकिस्तानमा राजनीतिक अस्थिरताले पनि विपत् प्रतिक्रियालाई खासै प्रभावकारी बनाउन सकेको छैन । देशले विपत्लाई राम्रोसँग सामना गर्न पूर्वाधार डिजाइन गरेर, प्रारम्भिक चेतावनी सञ्जाल विस्तार गरेर, जोखिम न्यूनीकरणलाई शिक्षा र नीतिको हिस्सा बनाएर र सामुदायिक तालिम र जागरुकता कार्यक्रममा सुधार गर्न सक्छ । त्यसका लागि रकम जुटाउन आवश्यक छ । प्राकृतिक र मानव निर्मित प्रकोपविरुद्ध दीर्घकालीन सुरक्षाका लागि प्रकृतिमा आधारित रणनीतिले पनि मद्दत गर्न सक्छ । उदाहरणका लागि भूक्षय र पहिरोको जोखिम कम गर्न बारम्बार वृक्षरोपण गर्ने र बाढी-प्रभावित क्षेत्रमा निर्माणका गतिविधि हुनबाट जोगाउन वा नयाँ बाढी जोखिम क्षेत्रको घोषणा वा भूमि-उपयोग योजना सुधार गर्नुपर्छ । जलवायु परिवर्तनलाई प्रेरित गर्ने हरितगृह ग्यास उत्सर्जन घटाएर विश्वले पाकिस्तानलाई मद्दत गर्न सक्छ ।

(महला एरिजोना विश्वविद्यालयको जलस्रोत अनुसन्धान संस्थानका अनुसन्धान सहयोगी हुन्)
स्क्रोलबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

कम गहिराइमा केन्द्रविन्दु रहने भूकम्पले किन निम्त्याउँछ धेरै विनाश ?

आइतबार पाकिस्तानको सीमानजिक अफगानिस्तानको भूमिमा ६ म्याग्निच्युडको भूकम्प गयो । यस प्राकृतिक प्रकोपका कारण सोमबार रातिसम्म कम्तीमा ८०० जनाको मृत्यु भएको छ भने दुई हजार ५०० जना घाइते भएका छन् । भूकम्पको केन्द्रविन्दु जमिनको सतहबाट करिब आठ किलोमिटर गहिराइमा रहेको अमेरिकाको भूगर्भीय सर्वेक्षण गर्ने संस्था युनाइटेड स्टेट्स जियोलोजिकल सर्वे (युएसजिएस)ले जनाएको छ ।


भूकम्पविद्का अनुसार जमिनको सतहबाट कम गहिराइ भूकम्पको केन्द्रविन्दु हुँदा जमिन बढी हल्लिने हुन्छ । परिणामस्वरूप क्षति भन् विनाशकारी हुन्छ । विशेष कमजोर घर तथा संरचना सहजै भत्कने भएकाले हताहती पनि बढ्ने गर्छ । प्रायः धेरै भूकम्पको केन्द्रविन्दु सतहबाट कम गहिराइमै हुन्छन् । आखिर उस्तै म्याग्निच्युडका भूकम्पमा पनि सतहनजिकका भूकम्प किन बढी विनाशकारी हुन्छन् ?

भूकम्प कसरी हुन्छ ?

सरल शब्दमा भन्नुपर्दा पृथ्वी हल्लिएको अवस्थालाई भूकम्प भनिन्छ । पृथ्वीको सबैभन्दा माथिल्लो पत्र 'क्रस्ट' कैयौं किलोमिटर मोटो कडा चट्टानबाट बनेको हुन्छ । यो विभिन्न 'टेक्टोनिक प्लेट' भनिने चलायमान टुक्रा-टुक्रामा विभाजित रहेको हुन्छ । टेक्टोनिक प्लेट क्रस्टभन्दा मुनि 'म्यान्टल' भनिने तातो, तरल पदार्थ 'समुद्र'माथि रहेकाले थोरै-थोरै सरिरहेको हुन्छ । यसरी सर्ने प्लेटले छेउमा रहेका अन्य प्लेटलाई धक्का दिने गर्छ वा निरन्तर ठेलिरहेको हुन्छ । अलग-अलग टेक्नोनिक प्लेटहरू जोडिएको भागका भूसतहमा भूकम्प र ज्वालामुखी जाने गर्छन् ।

तलको तातो तरल पदार्थले गर्दा प्लेटहरू प्राविधिक रूपमा हलचल गर्न त सक्छन् । तर, छेउको अर्को प्लेटले 'लक्ड' गरेकाले व्यावहारिक रूपमा भने स्थिर हुन्छ । जब तलको तातो तरल चट्टानको पत्रमा 'फल्ट' भनिने चट्टानको लामो धाजा पैदा हुन्छ, तब माथि प्लेटहरूको हलचल बढ्छ । त्यस क्रममा उत्पन्न हुने दबाबले प्लेटमा अलि ठुलो हलचल हुन्छ र त्यो ऊर्जा वरपरको चट्टानमा विस्फोट हुन्छ ।

वैज्ञानिकहरूले सिस्मोग्राफमार्फत जमिन हल्लेको तीव्रता मापन गर्छन् । पहिले हल्लने सुईका रूपमा रहने सिस्मोग्राफ आजकल डिजिटल संस्करणमा पाइन्छ । हिजोआज सिस्मोग्राफको विश्वव्यापी सञ्जाल निर्माण गरिएको छ । त्यसअतिरिक्त स्थानीय र क्षेत्रीय सञ्जाल पनि बनाइएको छ । यी सञ्जालको तथ्यांक प्रायः सबैको पहुँचमा रहने व्यवस्था गरिएको छ । कम्तीमा तीनवटा मापन मिलाएर यस प्रणालीले भूकम्प कहाँ गएको हो, कुन समयमा गएको हो र यसको तीव्रता कति हो भनेर नक्सांकन गर्न सक्छ ।



तस्बिर : अल जजिरा

उसो त भूकम्प मापन गर्ने धेरै तरिका छन् । तर, सबैभन्दा सामान्य स्केलले तिनको समग्र तीव्रतालाई जनाउँछ । मापनको प्रत्येक एकाइमा वृद्धि हुँदा भूकम्पको शक्तिमा दश गुणा वृद्धि हुने गर्छ । त्यस्तै भूकम्पको शक्तिमा गहिराइ पनि एक प्रमुख कारक हुने गर्छ ।

कम गहिराइबाट गएको भूकम्प किन बढी विनाशकारी हुन्छ ?

समान म्याग्निच्युड भएका दुईवटा भूकम्पको समेत केन्द्रविन्दु जमिनको सतहबाट कति मुनि छ भन्ने कुराले तिनले कति क्षति पुऱ्याउँछन् र सतहमा कति बलियो धक्का महसुस हुन्छ भन्ने कुरामा ठुलो फरक पार्न सक्छ । कम गहिराइमा केन्द्रविन्दु रहेको भूकम्प धेरै विनाशकारी हुनुको मुख्य कारण भूकम्पको ऊर्जा छिट्टै भवन वा अन्य पूर्वाधारमा पुग्नु हो ।

तर, जमिनबाट धेरै गहिराइमा केन्द्रविन्दु रहेको भूकम्पको ऊर्जा चट्टानको विभिन्न तह हुँदै सतहसम्म आइपुग्दा धेरै नष्ट भइसकेको हुन्छ । यसविपरीत, सतहको नजिकै केन्द्रविन्दु भएको भूकम्पले आफ्नो ऊर्जा जमिननजिक छोड्छ । यसले गर्दा बलियो कम्पन र घना बस्ती भएका क्षेत्रमा भए बढी क्षति हुन्छ । केन्द्रविन्दुको गहिराइका आधारमा भूकम्पलई सामान्यतया तीन समूहमा वर्गीकरण गरिन्छ- 'स्यालो फोकस' (सतहदेखि ७० किमि गहिराइमा केन्द्रविन्दु रहेको) , 'इन्टरमेडियट फोकस' (सतहदेखि ७० देखि ३०० किमिमा केन्द्रविन्दु रहेको) र 'डिप फोकस' (३०० किमि गहिराइदेखि ७०० किमि गहिराइसम्म केन्द्रविन्दु रहेको) ।

अफगानिस्तानमा किन धेरै भूकम्प जान्छ ?

अफगानिस्तान पृथ्वीको सबैभन्दा सक्रिय भूकम्पीय क्षेत्रमध्ये एक हो । हिन्दुकुश पर्वत शृंखला कम गहिराइ र धेरै गहिराइ केन्द्रविन्दु हुने दुवैखाले भूकम्प जाने क्षेत्र हो । दुईवटा टेक्टोनिक प्लेट, भारतीय प्लेट र युरेसियन प्लेटबिचको टक्करको कारण यो क्षेत्रमा भूकम्प अत्यधिक सक्रिय छ ।

दुई टेक्टोनिक प्लेटबिच सिर्जना हुने विशाल दबाबले 'क्रस्ट'लाई नै मोड्ने र भाँच्नेसम्म गर्छ । यस क्रममा माथिको क्रस्ट (लिथोस्फियर)का भाग म्यान्टलसम्म ठेलिएका छन् । यस प्रक्रियामा उत्तरी अफगानिस्तानको पामिर-हिन्दुकुश क्षेत्रले २०० किलोमिटरसम्मको गहिराइमा केन्द्रविन्दु रहने भूकम्प आउने गरेको छ, जुन विश्वमै दुर्लभ घटना मानिन्छ । यसविपरीत, सुलेमान पर्वतमाला (पश्चिमी पाकिस्तान र दक्षिणपूर्वी अफगानिस्तान) र मुख्य पामिर थ्रस्टनजिक जाने भूकम्प भने सामान्यतया कम गहिराइमा केन्द्रविन्दु हुने र विनाशकारी हुन्छन् ।

अलजजिराबाट

अफगान भूकम्पमा हताहती हुनेको संख्या बढ्न सक्ने संयुक्त राष्ट्र संघको आकलन

काबुल / अफगानिस्तानका लागि संयुक्त राष्ट्रसंघीय मानवीय संयोजक इन्द्रिका रतवाट्टेले हताहतीको संख्या उल्लेख्य बढ्न सक्ने बताएकी छिन् । 'भूकम्प प्रभावितको संख्या लाखौं पुग्ने हाम्रो अनुमान छ,' रतवाट्टेले काबुलबाट जेनेभामा पत्रकारलाई सम्पर्क गर्दै बताइन् ।उता,आधिकारिक तथ्याङ्कमा भने आइतबार गएको ६ म्याग्निच्युडको भूकम्पबाट मर्नेको संख्या कम्तीमा एक हजार ४११ पुगेको बताइएको छ । अफगानिस्तानको तालिबान सरकारका प्रवक्ता जबिहुल्लाह मुजाहिदलले सामाजिक सञ्जाल 'एक्स'मा पोस्ट गर्दै मुजाहिदले प्रकोपका कारण तीन हजार १२४ जना घाइते भएको र पाँच हजार ४०० भन्दा बढी घर ध्वस्त भएको बताएका छन् । भूकम्पको प्रभाव सबैभन्दा बढी कुनार प्रान्तमा देखिएको छ । रतवाट्टेले प्रभावित क्षेत्रमा प्रायः माटो र काठका कमजोर घर रहेकाले धेरै क्षति भएको बताइन् । उनले भनिन्, 'भूकम्प गएको ठाउँ न्यून जनघनत्व भएको क्षेत्र हो । तरा घटना मध्यरातमा भएकाले त्यो समय अधिकांश मानिस सुतिरहेका थिए । त्यसैले हताहतको संख्या बढ्ने सम्भावना छ ।' भूकम्पपछि मानवीय सहयोग संस्थाले अफगानिस्तानलाई आर्थिक तथा मानवीय सहयोग बढाउन आह्वान गरेका छन् ।

पुटिन र किमको उपस्थितिमा सीले गरे विशाल सैन्य परेड



बेइजिङ / दोस्रो विश्वयुद्ध समाप्त भएको ८० वर्षगाँठ मनाउन बेइजिङमा आयोजित विशाल सैन्य परेडमा चीनले आफ्नो सैन्य शक्ति प्रदर्शन गऱ्यो । हजारौं सेनाको उपस्थितिमा गरिएको परेडमा बेइजिङले आफ्नो पछिल्लो पुस्ताको लडाकु विमान, तोप र ब्यालिस्टिक क्षेप्यास्त्र प्रदर्शन गऱ्यो । बुधबार बिहान तियानमेन स्क्वायरमा भएको परेडको निरीक्षण चिनियाँ राष्ट्रपति सी जिनपिङले गरेका थिए । सी चिनियाँ कम्युनिस्ट पार्टीका प्रमुखका अतिरिक्त चीनको राष्ट्रिय सेना 'जनमुक्ति सेना'का पनि प्रमुख हुन् ।

रुसी राष्ट्रपति भ्लादिमिर पुटिन र उत्तर कोरियाली नेता किम जोङ उनलगायत विदेशी नेतालाई परेडका लागि स्वागत गरेपछि सीले चिनियाँ सैन्य भेटरान्सलाई स्वागत गरेका थिए । पुटिन र किमसँगै परेडमा २६ विश्व नेताले भाग लिएका थिए, जो प्रायः गैरपश्चिमी देशका सरकार वा राष्ट्रप्रमुख थिए ।

सीले तियानमेन स्क्वारको 'गेट अफ हेभेनली पिस अर्थात् स्वर्गीय शान्तिको ढोका'मा रहेर परेड अवलोकन गरेका थिए । परेडमा जनमुक्ति सेना (पिएलए), नौसेना र वायुसेनाका १० हजार जवानले भाग लिएको बताइएको छ । सैन्य सदस्यलाई सीले सम्बोधन पनि गरे । सम्बोधनका क्रममा सीले चीन शान्तिपूर्ण विकासको मार्गमा लागिरहने बताए ।

'विश्व फासीवादविरोधी युद्ध'मा 'जापानी आक्रमण'माथि चीनको विजयबारे कुरा गर्दा सीले त्यस क्रममा विदेशी सरकारले दिएको सहयोगका लागि धन्यवादसमेत दिए । चीनमा दोस्रो विश्वयुद्ध अन्त्य गर्न अमेरिकाको समेत भूमिका थियो । तथापि, सीले संयुक्त राज्य अमेरिकाको नामै भने लिएनन् ।

उनले भने कि युद्धबाट प्राप्त पाठ अहिले पनि पहिलेजस्तै सान्दर्भिक रहेकोमा जोड दिए । 'विश्वले फेरि शान्ति वा युद्ध, संवाद वा टकराव र विन-विन परिणाम वा एउटालाई हराएर मात्र अर्कोले जित्ने खेलको छनोटको सामना गरिरहेको छ,' सीले आफ्नो भाषणका क्रममा भने ।

'चिनियाँ जनता इतिहासको सही पक्षमा र मानव प्रगतिको पक्षमा दृढतापूर्वक उभिनेछन् । शान्तिपूर्ण विकासको मार्गमा लाग्नेछन् । र, मानवताको साझा भविष्य निर्माण गर्न विश्वका बाँकी देशसँग हात मिलाउनेछन्,' उनले भने । राष्ट्रपति सीले चीनको राष्ट्रिय पुनरुत्थानमा सेनाले महत्त्वपूर्ण भूमिका रहिरहने कुरामा पनि जोड दिए ।

उता सैन्य परेडबारे प्रतिक्रिया दिने क्रममा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले सी र उनको देशलाई सदिच्छा व्यक्त गरे र साथमा दोस्रो विश्वयुद्धमा अमेरिकाले खेलेको भूमिका सीले स्विकार्छन् कि स्विकार्दैनन् भन्ने प्रश्न गरे । 'चीनको जित र सम्मानको लक्ष्यमा धेरै अमेरिकीले ज्यान गुमाएका थिए,' ट्रम्पले भने ।

इतिहासमा आज

सेप्टेम्बर ४



सन् ४७६ : जर्मन सैन्य नेता ओडोएसरले रोमुलस अगस्टुलसलाई अपदस्थ गरे । ओडोएसरले आफूलाई सम्राट् को सट्टा इटलीका राजा मात्रै भन्न थाले । अगस्टुलसको पतनपछि पश्चिम रोमन सम्राज्य पतन भएर युरोपमा मध्य-युग सुरु भएको मानिन्छ ।

सन् १८६१ : 'ब्रिटिस एसोसिएसन फर द एड्भान्समेन्ट अफ साइन्स'ले आफ्नो ३१औं वार्षिक भेलामा विद्युतीय मापनका एकाइमा एकरूपता ल्याउन 'भोल्ट', 'ओहम'जस्ता एकाइ प्रस्ताव गऱ्यो ।

सन् १८७० : फ्रान्स तेस्रोपटक गणतन्त्र घोषणा भयो । निर्वाचनमार्फत राष्ट्रपति बनेका नेपोलियन बोनापार्टका भतिज नेपोलियन तृतीयले आफूलाई साम्राट् घोषणा गरेर दोस्रोपटक आएको गणतन्त्र मासेका थिए । तर, प्रुसियासँगको युद्धमा हार भोगेपछिको अलोकप्रियतामाझ उनी अपदस्थ गरिएसँगै देशमा पुनः गणतन्त्र फर्कियो ।

सन् १९१९ : कन्स्ट्यान-टिनोपलस्थित सरकार मित्रशक्तिका प्रस्तावअनुरूप अटोमन साम्राज्यलाई टुक्र्याउन सहमत भएको सन्दर्भमा राष्ट्रवादी समूहले 'सिभास कंग्रेस' सुरु गरे । यस भेलालाई टर्कीलाई स्वतन्त्र राख्ने संग्रामको महत्त्वपूर्ण विन्दु मानिन्छ ।

सन् १९३३ : क्युबामा राष्ट्रपति कार्लोस म्यानुयल क्वेसादा सैन्य कुबाट हटाइए । यसले भावी तानाशाह फुलजेन्सियो बाटिस्टाको उदयको बाटो खोलिदिएको थियो ।

सन् १९७५ : इजिप्ट र इजरायलले जेनेभामा दोस्रो सिनाई सम्झौतामा हस्ताक्षर गरे । सम्झौताअनुरूप सिनाई कब्जा गरेर बसेको इजरायली फौज थप पछि हटेको थियो ।

सन् १९९८ : ब्रिटेनको आइटिभीमा रियालिटी टिभी सो 'हु वान्ट्स टु बी ए मिलिनियर ?' को पहिलो संस्करण प्रसारण भयो । यही ब्रान्ड भारतमा 'कौन बनेगा करोडपति' नाममा सञ्चालित छ ।

सन् १९९८ : स्ट्यानफोर्ड विश्वविद्यालयमा पढिरहेका दुई विद्यार्थी ल्यारी पेज र सर्गेई ब्रिनले गुगलको स्थापना गरे ।

धितोपत्र ऐन, २०६३ र सामुहिक लगानी कोष नियमावली, २०६७ (संशोधन सहित) बमोजिम नेपाल धितोपत्र बोर्डमा दर्ता भएको

कोष प्रवर्द्धक: HIMALAYANLIFE सुरक्षा अटल, भविष्य सबल

योजना व्यवस्थापक/डिपोजिटरी: HIMALAYAN INVESTMENT BANKER LIMITED. A SUBSIDIARY OF HIMALAYAN LIFE INSURANCE LIMITED.

हिमालयन लाइफ इन्स्योरेन्स म्युचुअल फण्ड

अन्तर्गत सञ्चालन हुने

एचएलआई लार्ज क्याप फण्ड (HLI Large Cap Fund)

को

इकाईको सार्वजनिक निष्काशन तथा बिक्री बन्द बारेको सूचना

एचएलआई लार्ज क्याप फण्ड (HLI Large Cap Fund) को प्रति इकाई अंकित मूल्य रु.१०/- दरको ४०,००,००,००० (चालिस करोड) इकाई मध्ये बीज पूँजी वापत ५० प्रतिशत अर्थात २०,००,००,००० (बीस करोड) इकाई कोष प्रवर्द्धक हिमालयन लाइफ इन्स्योरेन्स लिमिटेडको लागि सुरक्षित राखी बाँकी न्यूनतम २०,००,००,००० (बीस करोड) इकाइको मिति २०८२ भाद्र १५ गते देखि निष्काशन तथा बिक्री खुल्ला गरिएकोमा **आज मिति २०८२/०५/१५ गते (बैंकिङ्ग समय पश्चात्)** सो इकाईका लागि आवेदन लिने कार्य बन्द गरिने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि सूचित गरिन्छ ।

यस निष्काशन कार्यमा संलग्न सम्पूर्ण आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरु र तिनका शाखा कार्यालयहरुले यसै सूचनालाई आधिकारिक मानी इकाईका लागि दरखास्त बुझिलिने कार्य **आज मिति २०८२/०५/१५ गते (बैंकिङ्ग समय पश्चात्)** बन्द गर्नुहुन अनुरोध गर्दछौं ।

यस निष्काशन कार्यमा सहयोग तथा सद्भाव प्रदान गर्नुहुने सम्पूर्ण शुभेच्छुकहरु, लगानीकर्ता आवेदकहरु, नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त गरेका सम्पूर्ण आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरु र तिनका शाखा कार्यालयहरु, नियमन निकाय तथा सम्बन्धित सबैमा धन्यवाद ज्ञापन गर्दछौं ।

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक

HIMALAYAN INVESTMENT BANKER LIMITED. A SUBSIDIARY OF HIMALAYAN LIFE INSURANCE LIMITED.

हिमालयन इन्भेष्टमेन्ट बैंकर लिमिटेड

वडा नं.: १०, बानेश्वर, काठमाडौं, नेपाल, फोन नं.: ०१-५९२०३४२

Email: info@himalayaninvest.com

Website : www.himalayaninvest.com

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको

ऋणकर्जा चुक्ता भुक्तान गर्न जारी गरेको ३५ (पैंतिस) दिने सूचना

प्रकाशित मितिः २०८२/०४/१९

यस बैंकको शाखा कार्यालय फत्तेपुर, सप्तरीबाट तपाई ऋणीले उपभोग गर्नु भएको ऋणकर्जाको भुक्तानी सम्बन्धी सम्झौताका शर्त अनुसार तिर्न बुझाउन पर्ने साँवा, ब्याज आदि नियमानुसार लाग्ने रकम नतिरी नबुझाई बस्नु भएकोले कर्जा बापत तिर्न बुझाउन पर्ने साँवा तथा ब्याज तिर्ने सम्बन्धमा मौखिक तथा लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत उक्त ऋणकर्जा रकमको सम्पूर्ण साँवा, ब्याज तथा हर्जना रकम चुक्ता भुक्तान नगरी यस बैंकसँग भएको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लङ्घन गर्नु भएकोले ऋणकर्जा सुविधा बापत बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नु हुन यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्रमा पनि ऋणकर्जा सुविधा बापत तिर्न बुझाउन पर्ने साँवा, ब्याज र सो को हर्जना आदि सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अन्तर्गत यस बैंकलाई कर्जा सुरक्षण वापत लेखिदिएको चल/अचल सम्पत्ति लिलाम बिक्री वा अन्य कुनै व्यवस्था गरी बैंकले आफ्नो लेना रकम असुल गरी लिने र प्रचलित नियम बमोजिम ऋणीहरु तथा जमानीकर्ताहरुलाई कर्जा सूचना केन्द्र लिमिटेडमा कालोसूचीमा समावेश गरिने व्यहोरा समेत यसै सूचना मार्फत् जानकारी गराईन्छ ।

तपसिल

ऋणीको नाम र ठेगाना

श्री लक्ष्मी ठाकुर/श्रीमती कमली देवी ठाकुर की छोरी, श्री कमल नारायण ठाकुरकी पत्नी सप्तरी जिल्ला, घोघनपुर गा.वि.स. वडा नं.४ स्थाई ठेगाना भई हाल सप्तरी जिल्ला कंचनरुप न.पा. वडा नं. ६ बस्ने श्रीमती **धनेश्वरी देवी ठाकुर** (ना.प्र.नं. ३२८१३३९८, जारी मिति वि.स. २०४५/०१/२९, जि.प्र.का.सप्तरी)

जमानीकर्ताहरुको नाम र ठेगाना

१. श्री पुहुप लाल ठाकुर/श्रीमती चतुर देवी ठाकुर को छोरा, श्रीमती धनेश्वरी देवी ठाकुर को पति सप्तरी जिल्ला, घोघनपुर गा.वि.स. वडा नं.५ स्थाई ठेगाना भई हाल सप्तरी जिल्ला कंचनरुप न.पा. वडा नं. ६ बस्ने श्री **कमल नारायण ठाकुर** (ना.प्र.नं. ३४७१, जारी मिति वि.स. २०४६/०२/१९, जि.प्र.का.सप्तरी)

२. श्री कमल नारायण ठाकुर/श्रीमती धनेश्वरी देवी ठाकुर को छोरा, सप्तरी जिल्ला, घोघनपुर गा.वि.स. वडा नं.५ स्थाई ठेगाना भई हाल सप्तरी जिल्ला कंचनरुप न.पा. वडा नं. ६ बस्ने श्री **अजित नारायण ठाकुर** (ना.प्र.नं. १६२००६/९८, जारी मिति वि.स. २०४९/११/०६, जि.प्र.का.सप्तरी)

३. श्री कमल नारायण ठाकुर/श्रीमती धनेश्वरी देवी ठाकुर को छोरा, सप्तरी जिल्ला, कंचनरुप न.पा. वडा नं. ६ स्थाई ठेगाना भई हाल सप्तरी जिल्ला कंचनरुप न.पा. वडा नं. ६ बस्ने श्री **मनिल कुमार ठाकुर** (ना.प्र.नं. १६-०२-७८-०१९२६, जारी मिति वि.स. २०७८/०६/२४, प्रथम प्रतिलिपी मिति वि.स.२०८०/०१/२४, जि.प्र.का.सप्तरी)

मुख्य कार्यालय: पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल, फोनः ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४५२७०४४ इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८

Citizens Bank

THE BANKER BANK OF THE YEAR 2024 NEPAL

एन आई सी एशिया बैंक लिमिटेड

रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११

फोन नं.: +९७७-१-५१११९७०/७८/८८, फ्याक्सः +९७७-१-५१११९८०, टोल फ्री नं.: १६६०-०१-७७०७०१

सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।


सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

गैर बैकिङ्ग सम्पति बिक्री बारे ७ (सात) दिने शिलबन्दी बोलपत्र आह्वान

यस बैंकको नाममा दर्ता रहेको तपसिलमा उल्लेखित गैर बैंकिङ्ग सम्पति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्रबाट बिक्री गरिने भएकोले यो सूचना प्रकाशित गरिएको छ । तसर्थ उक्त सम्पति खरिद गर्न ईच्छुक व्यक्ति/फर्म/कम्पनी/संघ संस्थाहरुले निम्न लिखित शर्त बन्देजहरुको अधीनमा रही यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन (उक्त दिन सार्वजनिक विदा परेमा कार्यालय खुलेको दिन) भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ ।

तपसिल

क्र.सं.	गैर बैकिङ्ग सम्पतिको विवरण
१.	बारा जिल्ला, पिप्रा सिमरा गा.वि.स. वडा नं. २ घ (हाल बारा जिल्ला, जीतपुर सिमरा उ.म.न.पा. वडा नं. २) स्थित कित्ता नं. १५८४, १५८५ र ८१० को क्षेत्रफल क्रमश ०-०-९८, ०-०-१८-० र ०-०-५-३ (विगाह) को घरजग्गा ।
२.	झापा जिल्ला, अनारमनी गा.वि.स वडा नं. ३ (हाल विर्तामोड न.पा वडा नं. ५) स्थित कित्ता नं. ११२ र ११३ को क्षेत्रफल क्रमशः ३०४.७४ र ३०८.९७ व.मि) को घरजग्गा ।
३.	ललितपुर जिल्ला, लामाटार गा.वि.स. वडा नं. १/१ङ (हाल महालक्ष्मी न.पा. वडा नं. २) स्थित कित्ता नं.४२२ को क्षेत्रफल ४-४-३-१ (रोपनी) को जग्गा ।
४.	ललितपुर जिल्ला, लामाटार गा.वि.स. वडा नं. १ ङ (हाल महालक्ष्मी न.पा. वडा नं. २) स्थित कित्ता नं. ७४, ७८ र ९२ को क्षेत्रफल क्रमशः ०-१५-२-०, २-८-०-० २०-१०-०-० (रोपनी) को जग्गा।
५.	ललितपुर जिल्ला, लामाटार गा.वि.स. वडा नं. १ङ (हाल महालक्ष्मी न.पा. वडा नं. २) स्थित कित्ता नं. ६२, ६३ र २४८ को क्षेत्रफल क्रमशः ०-१३-२-०, १-७-०-० र १-८-२-० (रोपनी) को जग्गा।
६.	पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा नं. १३ (हाल वीरगंज म.न.पा. वडा नं. १०) स्थित कित्ता नं. २०५, १०५, २०७, ३०५, २८८/३३१, २५२ र २५९ को क्षेत्रफल क्रमशः ६४.५५, ८५.००, ८४.६५, ८४.६५, ११८.५१, १३५.४४ र ३५९.७६ (व.मी) को घर/जग्गा ।
७.	चितवन जिल्ला, पंचकन्या गा.वि.स. वडा नं. ८ क (हाल रत्ननगर न.पा. वडा नं. १२) स्थित कित्ता नं. ३२६१, ३३५३, ४८९, ३३५१, ४८७, ३२५९, २७१, ४८८, ४९०, ३२५७ र ३२६५ को क्षेत्रफल क्रमशः ८६७.५४, ८०९.७४, ७६१.९१, १२५२.६८, ६७७.२६, १२१७.८१, ७२८.०५, ६७७.२६, ७६१.९१, ७८९.७५ र ७८७.३५ (व.मि) को जग्गा ।



तपसिल नं. १ मा उल्लेखित सम्पति	तपसिल नं. १ मा उल्लेखित सम्पति	तपसिल नं. २ मा उल्लेखित सम्पति	तपसिल नं. ३ मा उल्लेखित सम्पति
बिक्रिमा रहेको घर/जग्गाको स्थान पहिचानको लागि Google Map/ Location Map	बिक्रिमा रहेको घर/जग्गाको स्थान पहिचानको लागि Google Map/ Location Map	बिक्रिमा रहेको घर/जग्गाको स्थान पहिचानको लागि Google Map/ Location Map	बिक्रिमा रहेको घर/जग्गाको स्थान पहिचानको लागि Google Map/ Location Map

तपसिल नं. ४ मा उल्लेखित सम्पति	तपसिल नं. ५ मा उल्लेखित सम्पति	तपसिल नं. ६ मा उल्लेखित सम्पति
बिक्रिमा रहेको घर/जग्गाको स्थान पहिचानको लागि Google Map/ Location Map	बिक्रिमा रहेको घर/जग्गाको स्थान पहिचानको लागि Google Map/ Location Map	बिक्रिमा रहेको घर/जग्गाको स्थान पहिचानको लागि Google Map/ Location Map

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रीय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंबाट रु. १,०००।- (रुपैंया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ ।

२. लिलाम हुने सम्पति निरीक्षण गर्नुपरेमा वा लिलाम बिक्री सम्बन्धी विस्तृत जानकारीको लागि बैंकको केन्द्रीय कार्यालय (कर्जा असुली विभाग), राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला ।

३. माथि उल्लेखित लोकेशन म्याप केवल बिक्री गरिने सम्पतिको स्थान पहिचानका लागि मात्र उल्लेख गरिएको हो। बिक्री गरिने सम्पतिको नक्सा, फिल्ड नक्सा, क्षेत्रफल, नेपाल सरकार तथा सो मातहतका निकायले तोकेको मापदण्ड आदिको बारेमा बोलपत्रदाता स्वयम्ले नै यकिन गरी बोलपत्र पेश गर्नु पर्नेछ ।

४. बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको ३ बजे (उक्त दिन सार्वजनिक बिदा परेमा कार्यालय खुलेको दिन सोही समय) यस बैंकको केन्द्रीय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने जानकारी गराईन्छ ।

५. बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लाग्नु हुनेछन् ।

अर्थ पत्रिका
नयाँ पत्रिका
बिहीबार १९ भदौ ०८२

दुग्ध किसानलाई दसैँअघि पौने दुई अर्ब भुक्तानी दिने सहमति

साढे तीन अर्ब बक्यौता माग्दै आन्दोलनको कार्यक्रम घोषणा गरेका दुग्ध किसानसँग सरकारी अधिकारीको रोहवरमा उद्योगीले गरे सहमति



दसैँ खर्च धान्ने गरी पैसा पाउने सुनिश्चित भएको छ



● **अमर कुँवर**, अध्यक्ष, केन्द्रीय दुग्ध सहकारी संघ

६ महिनादेखि दुध बेचेको पैसा नपाएपछि भोलिदेखि आन्दोलन गर्ने कार्यक्रम घोषणा गरेका थियौँ, तर सरकारी पहलमा दसैँअघि ५ असोजसम्म असारसम्मको बक्यौता चुक्ता गर्ने सहमति भएको छ। यो भनेको करिब पौने दुई अर्ब पाउने सुनिश्चत भएको हो। त्यसपछि बाँकी भुक्तानी गर्ने समय तोकेका छौँ। सहमतिअनुसार डिडिसी र निजी उद्योगीले पैसा दिने अपेक्षा छ। हामीले आन्दोलनको कार्यक्रम ६ भदौमा जारी गरेका थियौँ। बुधबारको सहमतिले किसानको दसैँ पनि खल्लो नहुने सुनिश्चित भएको छ।

अजित अधिकारी/नयाँ पत्रिका

देशभरका दुग्ध किसानलाई दसैँअघि पौने दुई अर्ब रुपैयाँ भुक्तानी दिन उद्योगीले सहमति गरेका छन्। ६ महिनादेखि दुध बेचेको साढे तीन अर्ब बक्यौता माग गर्दै केन्द्रीय दुग्ध सहकारी संघले शुक्रबारबाट आन्दोलन थाल्ने कार्यक्रम अघि सारेपछि कृषि तथा पशुपक्षी विकास मन्त्रालयको अग्रसरतामा दसैँअघि भुक्तानीको सुनिश्चितता गरिएको हो। बुधबार सहमति भएपछि आन्दोलनको कार्यक्रम पनि दुग्ध किसानले फिर्ता लिएका छन्।

संघले यसअघि ६ भदौमा पत्रकार सम्मेलन गरेर माग सुनुवाइ नभए १९ भदौबाट काठमाडौँकेन्द्रित आन्दोलन थाल्ने घोषणा गरेको थियो। तर, त्यसअघि नै बक्यौता भुक्तानीका लागि सहमति जुटेको हो। संघले आन्दोलन घोषणा गरेपछि निजी उद्योगीले धमाधम भुक्तानीसमेत गरेको अध्यक्ष अमर कुँवले बताए। 'हामीले आन्दोलन गर्ने कार्यक्रम जारी गरेपछि धेरै उद्योगीले पैसा दिए, जसकारण बक्यौता पनि घटेको छ,' उनले भने।

बुधबार दिउँसो मन्त्रालयका सहसचिव पशुपति ढुंगानाको रोहवरमा संघका अध्यक्ष कुँवर, डेरी उद्योग संघका अध्यक्ष राजकुमार दाहाल र डेरी एसोसिएसनका अध्यक्ष प्रह्लाद दाहालले दसैँअघि भुक्तानी गर्ने सहमतिमा हस्ताक्षर गरेका छन्। संघ अध्यक्ष कुँवरले बुधबारको सहमतिले दसैँअघि किसानको आधाभन्दा बढी बक्यौता भुक्तानी सुनिश्चित भएको बताए। उनका अनुसार साउन महिनाको बक्यौता ३० असोजसम्म र भदौमा बिक्री हुने दुधको रकम कात्तिक मसान्तसम्म तिरिसक्नुपर्ने सहमति भएको छ। उद्योगी र दुग्ध विकास संस्थानले सहमति पालना गरेर किसानलाई नियमित भुक्तानी दिने अपेक्षा राखेको उनले बताए।

'दुधको पैसा पाउने भएपछि हामीले घोषित आन्दोलनका कार्यक्रम पनि फिर्ता लिएका छौँ,' उनले भने, 'त्यसैले आउँदा दिनमा झुक्याउने होइन, सहमतिअनुसार किसानलाई पैसा दिनुपर्छ।' किसानको बक्यौता राख्नेमा सरकारी स्वामित्वको डिडिसी सबैभन्दा अधि छ। डिडिसीको कम्तीमा डेढ अर्ब रुपैयाँ बक्यौता रहेको किसान प्रतिनिधिको भनाइ छ।

डिडिसीले भुक्तानी दिन सुरु गरे निजी उद्योगीले पनि पैसा दिन थाल्ने कुँवरको भनाइ छ। 'सबैभन्दा ठुलो बदमासी डिडिसीबाट भएको छ, डिडिसीले पैसा दिन थाले अरूले पनि खुरुखुरु दिन थाल्छन्,' उनले भने। कृषि मन्त्रालयले दसैँअघि डिडिसीलाई करिब एक अर्ब रुपैयाँ भुक्तानीका लागि दबाब बढाइरहेको छ। सहमतिपत्रमा किसानबाट सरकारले तोकेको समर्थन मूल्य प्रतिलिटर ६५ रुपैयाँभन्दा नघटाई दुध खरिद गर्ने पनि उल्लेख छ। केही उद्योगीले किसानको दुध नै नउठाउने धम्की दिएर तोकिएभन्दा थोरै मूल्य दिने गरेको गुनासो उठेको थियो। त्यसपछि समर्थन मूल्यमा दुध खरिद गर्ने सहमति भएको हो।

■ सहमतिका सात बुँदा

- असारसम्मको भुक्तानी ५ असोजसम्म गर्ने
- साउन महिनाको भुक्तानी ३० असोजभित्र र भदौमा खरिद गर्ने दुधको भुक्तानी कात्तिकसम्म गरेर त्यसपछि नियमित भुक्तानी गर्ने
- किसानबाट खरिद गर्ने दुधको परिमाण नघटाई उद्योगीले लिने
- सरकारले तोकेकै मूल्य प्रतिलिटर ६५ रुपैयाँका दरले किसानबाट दुध खरिद गर्नुपर्ने
- उद्योगमा बिक्री नभई थन्किएर बसेको धुलो दुध तथा बटरको विवरण १० दिनभित्र पठाउने
- वार्षिक रूपमा उत्पादन हुने धुलो दुधको परिमाण यकिन गर्ने
- सम्झौताअनुसार कसैले भुक्तानी नदिए उद्योगीको संघ र डिडिसीले जिम्मेवारी लिनुपर्ने

सरकारले दिएको म्यादभित्र सम्पर्कमा आएनन् फेसबुक, एक्सलगायतका सामाजिक सञ्जाल

सञ्चार मन्त्रालयमा सूचीकृत नभए पनि कर कार्यालयमा भने भइसकेका छन् दर्ता

आज बिहान १० बजे बस्ने मन्त्रालयको बैठकले निर्णय गर्नेछ

● **रवीन्द्रप्रसाद पौडेल**, सूचना अधिकारी, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय



बुधबार राति १२ बजेसम्म सूचीकरणका लागि समय दिइएको हो। बिहीबार बिहान १० बजे मन्त्रीज्यूसँग यो विषयमा आवश्यक निर्णय लिने गरी बैठक तय भएको छ। बैठकले आवश्यक निर्णय लिएपछि कार्यान्वयनमा जानेछ। मन्त्रिपरिषद्ले सूचीकरणमा नआएका सामाजिक सञ्जाललाई निष्क्रिय बनाउन निर्देशन दिने निर्णय गरिसकेको छ। भोलिको छलफलपछि मात्रै के निर्णय लिने भन्ने थाहा हुन्छ।

सार्वजनिक रूपमा आलोचना हुन थालेपछि सरकार डरायो

● **प्रा.डा. गान्धी पण्डित**, वरिष्ठ अधिवक्ता



सरकारले कसरी हुन्छ सामाजिक सञ्जाललाई नियन्त्रण गर्नैमै केन्द्रित छ। अन्तर्राष्टिय अभ्यासअनुसार अरु देशले कसरी नियमन गरिरहेका छन् भन्ने अध्ययन नगरी यस्ता कानुन बनाउने गरेको छ। सीधै जनतामा सञ्चार हुने भएको र सरकारले आफ्नो आलोचना बढी हुने गरेको भएर डराएर पो सामाजिक सञ्जालमा नियन्त्रण गर्न खोजेको हो कि भन्ने शंका बढाएको छ। सामाजिक सञ्जाल नहुने भयो भने भ्रामकता र मिथ्या सूचना फैलिने जोखिम पनि छ।

पवन तिमिल्सिना/नयाँ पत्रिका

सूचीकरणका लागि मन्त्रिपरिषद्बाट निर्णय गर्दा पनि फेसबुक, एक्सजस्ता सामाजिक सञ्जाल सञ्चालन गर्ने अन्तर्राष्ट्रिय टेक कम्पनीले बेवास्ता गरेका छन्। बुधबारसम्म सूचीकरण गर्नुपर्ने भन्दै सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले सार्वजनिक सूचना जारी गर्दा पनि ती कम्पनी सम्पर्कमै नआएको मन्त्रालयले जानकारी दिएको छ।

बुधबार कार्यालय समय साँझ ५ बजेसम्म सामाजिक सञ्जाल सूचीकरणसम्बन्धी नयाँ निवेदन नआएको मन्त्रालयका सूचना अधिकारी रवीन्द्रप्रसाद पौडेलले जानकारी दिए। उनले भने, 'बुधबार राति १२ बजेसम्म सूचीकरणका लागि समय उपलब्ध छ। बिहीबार बिहान १० बजे मन्त्रीज्यूसँग यो विषयमा आवश्यक निर्णय लिने गरी बैठक तय भएको छ। बैठकले आवश्यक निर्णय लिएपछि कार्यान्वयनमा जानेछ। मन्त्रिपरिषद्ले सूचीकरणमा नआएका सामाजिक सञ्जाललाई निष्क्रिय बनाउन निर्देशन दिने निर्णय गरिसकेको छ। भोलिको छलफलपछि मात्रै के निर्णय लिने भन्ने थाहा हुन्छ।'

गत ९ भदौको मन्त्रिपरिषद्को बैठकले सात दिनभित्र सूचीकरण हुन नआउने वा सूचीकरणका लागि सम्पर्कमा समेत नआउने सामाजिक सञ्जाललाई क्रमशः नेपालभित्र निष्क्रिय गराउन र सूचीकरण गरेमा सोही क्षणबाट ती सामाजिक सञ्जाललाई पुनः सक्रिय गराउन सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमार्फत नेपाल दूरसञ्चार प्राधिकरणलाई निर्देशन दिने निर्णय गरेको थियो। सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित गर्ने निर्देशिका, ०८० तथा सर्वोच्च अदालतको आदेशबमोजिम सामाजिक सञ्जाल सञ्चालकलाई जिम्मेवार तथा जवाफदेही बनाउन खोजिएको मन्त्रिपरिषद्ले जनाएको थियो। अदालतको अवहेलनासम्बन्धी मुद्दामा सर्वोच्च अदालतको पूर्ण इजलासले स्वदेशी वा विदेशी उत्पत्तिका अनलाइन तथा सामाजिक सञ्जाल प्लाटफर्मलाई सञ्चालनपूर्व अनिवार्य रूपमा सम्बन्धित साधिकार निकायमा सूचीकरण गर्न तथा गराउन नेपाल सरकारको नाममा निर्देशनात्मक आदेश दिएको थियो।

१२ भदौमा मन्त्रालयले नेपालभित्र सम्पर्क बिन्दु, आवासीय गुनासो सुन्ने अधिकारी तथा स्वनियमन परिपालनको निगरानी गर्ने अधिकारी तोकनसमेत आह्वान गरेको थियो। सात दिनभित्र सूचीकरण नगर्ने वा सूचीकरणको प्रयोजनका लागि सम्पर्कमा समेत नआउने सामाजिक सञ्जाल प्लाटफर्मलाई क्रमशः नेपालभित्र निष्क्रिय गराउने र सूचीकरण गरेमा सोही क्षणदेखि पुनः सक्रिय गराउने गरी नेपाल दूरसञ्चार प्राधिकरणलाई निर्देशन दिइएको जनाएको थियो।

हाल टिकटक, भाइबर, निम्बज, विटक र पोष्पोलाइभ मन्त्रालयमा सूचीकृत भइसकेका छन्। २७ कात्तिक ०८० मा सरकारले सर्वदलीय सहमतिका आधारमा टिकटकमाथि प्रतिबन्ध लगाएको थियो। प्रतिबन्ध फुकुवा गराउन टिकटकका प्रतिनिधिले नौ महिनासम्म मन्त्रालय धाएका थिए। ६ भदौ ०८१ मा मन्त्रिपरिषद्ले सूचीकरण हुने सर्तसहित टिकटकमाथिको प्रतिबन्ध फुकुवा गरेको हो। गएको २ साउनमा टेलिग्राममाथि सम्पत्ति शुद्धीकरणको माध्यम बनेको उजुरी बढेपछि सरकारले प्रतिबन्ध लगाएको छ। अहिले टेलिग्राम पनि सूचीकरण गरेर प्रतिबन्ध फुकुवा गराउन सम्पर्कमा आइरहेको उनले जानकारी दिए। टिकटकसरह मेटालाई पनि गलाएर सूचीकरण गराउन सञ्चारमन्त्री पृथ्वी सुब्बा गुरुङ लागिपरेका हुन्।

सरकारको कामकाजप्रति असन्तुष्ट सर्वसाधारणले सामाजिक सञ्जालमा व्यापक आलोचना गर्ने प्रवृत्ति बढेपछि त्यसबाट डराएर बन्द गर्ने अवस्थामा पुग्न खोजेको जानकारहरू बताउँछन्। वरिष्ठ अधिवक्ता प्रा. डा. गान्धी पण्डितले सीधै जनतामा सञ्चार हुने भएको र सरकारले आफ्नो आलोचना बढी हुने गरेको भएर डराएर सामाजिक सञ्जालमा नियन्त्रण गर्न खोजेको हो कि भन्ने शंका बढाएको बताए।

■ करमा दर्ता भएका सामाजिक सञ्जाल

सञ्चार मन्त्रालयमा सूचीकृत नभए पनि कर कार्यालयमा भने सामाजिक सञ्जाल दर्ता भइसकेका छन्। हालसम्म गुगल एसिया प्यासिफिक प्रालि, गुगल आयरल्यान्ड, गुगल डिजिटल इंक, लिंकडइन सिंगापुर प्रालि, एनसिएस पिअर्सन इन्कर्पोरेसन, अमेजनडटकम सर्भिस एलएलसी र अमेजन वेभ सर्भिस इन्कर्पोरेसन, इब्स्को इन्टरनेसनल इन्कर्पोरेस, मेटा प्लाटफर्म्स आयरल्यान्ड लिमिटेड, माइक्रोसफ्ट रिजनल सेल्स प्रालि, एडब सिस्टोम्स सफ्टवेयर आयरल्यान्ड लिमिटेड, नेटफ्लिक्स प्राइभेट लिमिटेड, जो हो कर्पोरेसन प्रालि, प्रोमेट्रिक जापान कम्पनी लिमिटेड, एसोसिएसन अफ चार्टर्ड सर्टिफाइड अकाउन्टेन्ट्स (एसिसिए), पिअर्सन एजुकेसन, एप्पल डिस्ट्रिब्युसन इन्टरनेसनल लिमिटेड र एप्पल सर्भिस प्रालि ठुला करदाता कार्यालयमा दर्ता छन्। उनीहरूले सरकारलाई डिजिटल सेवा कर (डिएसटी) र मूल्य अभिवृद्धि कर (भ्याट)समेत तिरिरहेका छन्।

■ सामाजिक सञ्जाल र ओटिटी नियमन गर्न सर्वोच्चको परमादेश

इजाजतविना नेपालमा सञ्चालनमा रहेका सामाजिक सञ्जाल र ओटिटी (ओभर दी टप) एप्समाथि नियमन गर्न सर्वोच्च अदालतले परमादेश जारी गरेको छ। बुधबार न्यायाधीशहरू टेकप्रसाद ढुंगाना र शान्तिसिंह थापाको इजलासले सामाजिक सञ्जाल र प्रसारण क्षेत्र नियमन गर्न परमादेश जारी गरेको हो। ६ पुस ०७७ मा अधिवक्ता विश्वेश्वरप्रसाद गौतमले दायर गरेको रिटमा सर्वोच्चले पाँच वर्षपछि परमादेश जारी गरेको हो। रिटमा विदेशी विज्ञापनसहित अनधिकृत रूपमा नेपालमा प्रसारण भइरहेका युट्युब च्यानल, सामाजिक सञ्जाल, ओटिटी एप्स सञ्जाललाई प्रतिबन्ध लगाउन माग गरिएको थियो।



युरोपमा निर्यात बढाउन सहकार्य

काठमाडौं/ युरोपमा नेपाली वस्तुको निर्यात बढाउन तथा नेपालमा युरोपको लगानी भित्र्याउन दुई संस्थाले सहकार्य गर्ने भएका छन्। नेपाल निर्यातकर्ता उद्यमी महासंघ (फिन) र नेपाल-जर्मन उद्योग वाणिज्य संघ (एनजिसिसिआई)ले युरोपसँगको निर्यात-व्यापार वृद्धि तथा लगानी प्रवर्द्धनका क्षेत्रमा सहकार्य गर्ने भएका हुन्।

नेपाल निर्यातकर्ता उद्यमी महासंघ (फिन) निर्यात क्षेत्रका उद्यमीहरूको छाता संगठन हो। आठवटा वस्तुगत संघ र व्यक्तिगत निर्यात उद्यमी आबद्ध निर्यात महासंघले नेपालको मौलिक उत्पादनको प्रवर्द्धन, निर्यातजन्य उत्पादनको उत्पादनशीलता वृद्धि, र विश्वव्यापी बजार पहुँच सुनिश्चित गर्न विभिन्न प्लाटफर्ममार्फत कार्य गर्दै आएको छ। नेपाल-जर्मन उद्योग वाणिज्य संघ (एनजिसिसिआई) एक गैरसरकारी संस्था, जसले जर्मनी-युरोपसँग व्यापारिक सम्बन्ध विस्तार गरी आर्थिक कूटनीतिकमार्फत निर्यात क्षेत्रको उत्थानमा ३५ वर्षअघि काम गर्दै आएको छ।

बिमा कम्पनीले सरकारी ऋणपत्रमा गर्नुपर्ने लगानीको सीमा बढ्यो

काठमाडौं/ अब बिमा कम्पनीहरूले सहायक कम्पनी र अन्य बिमा कम्पनीमा लगानी गर्दा मात्रै नियामक निकाय नेपाल बिमा प्राधिकरणको स्वीकृति लिए पुग्ने भएको छ। अन्य क्षेत्रमा भने तोकिएको सीमामा रहेर कम्पनीले सीधै लगानी गर्न सक्ने व्यवस्था गरिएको हो। प्राधिकरणले बुधबार 'बिमक लगानी निर्देशन, २०८२' जारी गर्दै सहायक कम्पनीमा लगानी गर्न पाउने व्यवस्थालाई थप व्यवस्थित बनाएको छ।

अब जीवन बिमा तथा लघुबिमा कम्पनीले पोर्टफोलियोअनुसार लगानी व्यवस्थापन गर्नुपर्ने भएको छ। एकभन्दा बढी पोर्टफोलियोबाट एकै क्षेत्रमा लगानी गर्न पनि कडाइ गरिएको छ। 'बिमकले एकभन्दा बढी पोर्टफोलियोबाट एकै सम्पत्ति खरिद गरेको वा लगानी गरेको अवस्थामा प्रत्येक पोर्टफोलियोबाट भएको खरिद रकम वा लगानी रकम खुल्ने गरी सम्पत्ति वा लगानीको हिसाब-किताब राखुपर्नेछ,' निर्देशनमा भनिएको छ।

प्राधिकरणका उपनिर्देशक विरोध वाग्लेले बिमा कम्पनीको लगानीलाई थप व्यवस्थित बनाउन नयाँ व्यवस्था गरिएको बताए। कम्पनीलाई सरकारी सुरक्षणपत्र र नेपाल राष्ट्र बैंकबाट जारी हुने ऋणपत्रमा लगानी गर्न कुने प्रकारको बन्देज र सीमा लागू नहुने उनले बताए।

निर्देशनअनुसार अब बिमा कम्पनीले आफ्नो प्रकृतिअनुसार सरकार र नेपाल राष्ट्र बैंकको बचत तथा ऋणपत्रमा न्यूनतम ३० प्रतिशत र ३५ प्रतिशत लगानी गर्नुपर्ने भएको छ। यसअघि जीवन, लघु जीवन र लघु निर्जीवन बिमा कम्पनीले यसमा न्यूनतम २५ प्रतिशत लगानी गर्नुपर्ने व्यवस्था थियो। निर्जीवन र पुनर्बिमा कम्पनीले भने २० प्रतिशतको अनुपातमा लगानी गर्नुपर्ने व्यवस्था थियो। वाणिज्य बैंकको मुद्दती निक्षेपमा गर्नुपर्ने लगानीको सिमा भने यथावत् राखिएको छ। सबै प्रकृतिका कम्पनीले वाणिज्य बैंकको निक्षेपमा न्यूनतम ३० प्रतिशतको अनुपातमा लगानी गर्नुपर्छ।

कर्णाली प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
प्रदेश अस्पताल
वीरेन्द्रनगर, सुर्खेत

अस्पताल फार्मेसीको लागी औषधी तथा सर्जिकल सामाग्री खरिदका लागि विद्युतिय बोलपत्र आव्हानको सूचना PH/Karnali/NCB–०१/०८२-८३

सूचना प्रकाशन मिति २०८२/०५/१९ (4th September 2025)

अस्पतालको फार्मेसीमा सम्झौता मिति देखि एक वर्षका लागि तपसिलमा उल्लेखित औषधी तथा सर्जिकल जन्य सामाग्रीहरु विद्युतीय बोलपत्र माध्यमबाट खरीद गर्नुपर्ने भएकोले सो सम्बन्धी कार्य गर्न योग्यता पुगेका इच्छुक कम्पनी, कम्पनीको आधिकारीक बिक्रेता, आपूर्तिकर्ताबाट अद्यावधिक गरेको इजाजत प्रमाण पत्र, औषधी व्यवस्था विभागमा दर्ता भएको प्रमाण पत्र (औषधिका लागि), WHO–EU–GMP/ISO प्रमाणपत्र, मूल्य अभिवृद्धि कर प्रमाण पत्र, आ.व. ०८०/०८१ को करचुक्ता प्रमाण पत्रको स्क्यान प्रति सहित विद्युतीय बोलपत्र (e–Bid) आव्हान गरिएको छ। विद्युतीय बोलपत्र सम्बन्धी सूचना, बोलपत्रका शर्तहरु आदि बारे सार्वजनिक खरिद अनुगमन कार्यालयको बोलपत्र सम्बन्धी वेबसाईट www.bolpatra.gov.np/egp मा राखिएको छ। बोलपत्रमा संलग्न विस्तृत सूचनाको शर्त को परिधि भित्र रही विद्युतिय बोलपत्र मिति २०८२/०६/१९ गते अपरान्ह १२:०० बजे सम्म पेश गर्न सूचित गरिन्छ साथै पेश भएका बोलपत्रहरु मिति २०८२/०६/१९ गते अपरान्ह १:३० बजे खोलिने व्यहोरा जानकारी गराईन्छ।

बैकको नामः राष्ट्रिय वाणिज्य बैंक, शाखा सुर्खेत
कार्यालयको नामः प्रदेश अस्पताल, सुर्खेत — राजश्व नं. १४२२९
कार्यालय कोडः ३५००२६८०३६ — खाता नं. १०००१००२०१०१०००६
तपसिलः

IFB No.	Description	Price of Bid Document	Bid Security	Remarks
PH/Karnali/NCB-01/082-83	Procurement of Medicine & Surgical Items for Hospital Pharmacy.	3000.00	Package No.1 Medicine NRs. 10,00,000.00	Item wise
			Package No.2 Surgical & Related Items NRs. 4,00,000.00	Item wise

अस्पताल निर्देशक

शिव श्री हाइड्रोपावर लिमिटेड
Shiva Shree Hydropower Limited
रजिष्टर्ड कार्यालय : का.म.न.पा , वडा नं. १०, बुद्धनगर, काठमाण्डौं
फोन : ०१–४७९६३४६, इमेल: info@shivashreehydro.com.np, वेवसाइटः www.shivashreehydro.com.np
को

हकप्रद शेयर निष्काशन तथा बिक्री खुला बारेको सूचना !

शिव श्री हाइड्रोपावर लिमिटेडको मिति २०८२/०४/१६ गतेभन्दा अघिल्लो दिनसम्म कायम शेयरधनीहरुको लागि १ कित्ता साधारण शेयर बराबर १ कित्ता शेयर (१:१) को अनुपातमा रु.१००/– अङ्कित दरको १,४७,६४,००० कित्ता हकप्रद साधारण शेयरको निष्काशन तथा बिक्री खुला **आज मिति २०८२ भदौ १९ गतेदेखि मिति २०८२ असोज ०८ गतेसम्म** (बैंकिङ्ग समयसम्म) गरिने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

क्र.सं.	दरखास्त फारम प्राप्त गर्ने र बुझाउने स्थान
१	श्री सिटिजन्स क्यापिटल लिमिटेड, डिल्लीबजार, काठमाण्डौं।
२	श्री सिटिजन्स बैंक इन्टरनेशनल लिमिटेडको शाखा कार्यालयहरु : कुमारीपाटी, ठीमी, बिराटनगर, बिर्तामोड, बिरगंज, सुर्खेत, जनकपुर (भानुचोक), नेपालगंज, नारायणगढ, धनगढी, पोखरा (न्यूरोड), बुटवल र हेटौडा।
३	श्री नेपाल धितोपत्र बोर्डबाट अनुमति लिई आस्वा (ASBA) सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरुबाट सि आस्वा (CASBA) प्रणाली मार्फत समेत आवेदन दिन सकिनेछ तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट निर्माण गरिएको सफ्टवेयर "मेरो शेयर" अनलाइन प्रयोग गरी सिआस्वा (CASBA) प्रणाली मार्फत आवेदन दिन सकिनेछ।

उपरोक्त स्थानहरुको अलावा अन्य माध्यम मार्फत दरखास्त दिन चाहने सात्विक शेयरधनीहरुले हकप्रद शेयरको बिक्री बन्द हुनु भन्दा अघिको मितिमा सिटिजन्स क्यापिटल लिमिटेडको नाममा खिचिएको एकाउण्टपेयी ड्राफ्ट साथ हकप्रद शेयर खरिदका लागि दरखास्त फारम सिधै हुलाक वा कुरियर द्वारा सिटिजन्स क्यापिटल लिमिटेड, डिल्लीबजार, काठमाण्डौमा पठाउन सकिनेछ। हकप्रद शेयरको बिक्री बन्द भएको ७ (सात) दिन पछि प्राप्त ड्राफ्ट र दरखास्त फारमलाई शेयर बाँडफाँडमा समावेश गरिने छैन।

दरखास्त फारमको हकमा निष्काशनकर्ता कम्पनी तथा निष्काशन तथा बिक्री प्रबन्धकको वेवसाइटबाट समेत डाउनलोड गरी भरेर बुझाउन सकिनेछ। शेयरधनीहरुले आफ्नो हक सम्बन्धी विवरण निष्काशनकर्ता कम्पनी श्री शिव श्री हाइड्रोपावर लिमिटेडको वेवसाइट www.shivashreehydro.com.np तथा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक श्री सिटिजन्स क्यापिटल लिमिटेडको वेवसाइट www.citizenscapital.com.np मार्फत हेर्न सक्नेछन्।

अन्य विस्तृत जानकारीका लागि **मिति २०८२/०५/०१ गतेको नयाँपत्रिका राष्ट्रिय दैनिकमा** प्रकाशित कम्पनीको हकप्रद शेयर निष्काशन सम्बन्धी सूचना हेर्नुहुन अनुरोध गर्दछौं। साथै, उक्त सूचना धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको वेवसाइट: www.citizenscapital.com.np वा निष्काशन कम्पनीको वेवसाइट:www.shivashreehydro.com.np मा हेर्नुहुन समेत अनुरोध गर्दछौं।

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक
सिटिजन्स क्यापिटल लिमिटेड
Citizens Capital Ltd.
(A Subsidiary Of Citizens Bank International Limited)
बाटुलेधर, डिल्लीबजार, काठमाडौं, नेपाल फोन नं. ०१–४५१७३२३/४५१७४५७
इमेलः info@citizenscapital.com.np, वेवसाइटः www.citizenscapital.com.np

गायक सुशान्त केसी भायानेटको ब्रान्ड एम्बास्डर

काठमाडौं/ भायानेट कम्युनिकेसन लिमिटेडले गायक तथा गीतकार सुशान्त केसीलाई ब्रान्ड एम्बास्डर घोषणा गर्दै नयाँ अभियान इन्टरनेट अफ ड्रिमर्सको सुरुवात गरेको छ। अभियानमार्फत भायानेटले डिजिटल युगमा सपना देख्ने युवा, सिर्जनाकर्मी र डिजिटल माध्यमबाट केही गर्न चाहने व्यक्तिहरूलाई प्रेरणा दिने लक्ष्य राखेको छ।

आफ्ना गीत अनलाइनमै राखेर चर्चित बनेका केसी नेपाली संगीत क्षेत्रका लोकप्रिय कलाकार बनेका छन्। भायानेटले



सुशान्तकै जस्तो सपना देख्ने अन्य युवालाई साथ दिने उद्देश्यले यो अभियान ल्याएको जनाएको छ। यस अभियानले कन्टेन्ट क्रिएटर तथा डिजिटल क्षेत्रमा लाग्न चाहने इच्छुकहरूलाई भायानेटसँगै ठुला सपना देख्न र इन्टरनेटको सही प्रयोग गरी ती सपना साकार गर्न प्रोत्साहित गर्ने लक्ष्य राखेको छ।

भायानेटले सुशान्त केसीसँगको सहकार्यलाई गौरवको रूपमा लिएको उल्लेख गरेको छ। केसीको संगीतप्रतिको समर्पण, दृढता र लगावले नेपाली युवापुस्तामा ऊर्जा र आत्मविश्वास भरेको कम्पनीको भनाइ छ।


सिद्धार्थ बैंकका ग्राहकलाई हिमालयन फ्रन्ट होटेलमा छुट

काठमाडौं/ सिद्धार्थ बैंक र हिमालयन फ्रन्ट होटेलबिच बैंकका ग्राहकलाई विभिन्न सेवामा छुट प्रदान गर्नेसम्बन्धी सम्झौता भएको छ।

सम्झौताअनुसार पोखरास्थित हिमालयन फ्रन्ट होटेलमा बैंकका ग्राहकहरूले कार्ड वा मोबाइल बैंकिङ प्रयोग गरी भुक्तानी गर्दा २० प्रतिशतसम्मको छुट प्राप्त गर्न सक्नेछन्।

यस सम्झौताले ग्राहकलाई छुटको सुविधा उपलब्ध गराउनुका साथै नगद कारोबारबाट डिजिटल कारोबारमा जान पनि उत्प्रेरित गर्ने विश्वास बैंकले लिएको छ।

एनएमबि बैंक र बेस्ट वेस्टर्नबिच साझेदारी



काठमाडौं/ एनएमबि बैंकले बेस्ट वेस्टर्न प्लस काठमाडौं होटेलसँग नयाँ साझेदारी गरेको छ। साझेदारीमार्फत एनएमबि बैंकका कार्डवाहकहरूले बेस्ट वेस्टर्न प्लस होटेलमा कोठा बुकिङ गर्दा २० प्रतिशत छुट पाउनेछन्। यो समझदारीले बैंकका ग्राहकहरू तथा कर्मचारीको बसाइ अझ किफायती र सहज हुने बैंकको भनाइ छ। त्यस्तै, बैंकका ग्राहक तथा कर्मचारीहरूले रेस्टुरेन्ट, सनराइज क्याफे र ला भिस्टा रुफटप क्याफेमा खानामा, बेकरीका सबै सामानमा तथा होटेलको स्विमिङ पुल प्रयोगमा १० प्रतिशत छुट पनि प्राप्त गर्ने जनाइएको छ।

जोरपाटीमा कजरिया टाइल्सको नयाँ सोरुम



काठमाडौं/ कजरिया टाइल्सको काठमाडौंको जोरपाटीमा अत्याधुनिक सोरुमको उद्घाटन संघीय सांसद सन्तोष चालिसेले गरेका छन्। जिएनएस ट्रेडर्सद्वारा सञ्चालित यस नयाँ सुविधाले उच्च गुणस्तरका टाइलको बढ्दो मागलाई पूरा गर्ने कम्पनीको भनाइ छ। उद्घाटन गर्दै सांसद चालिसेले भने 'यो सुरुवात केवल एउटा व्यावसायिक उद्घाटन मात्र होइन, यो आधुनिक र सुसज्जित काठमाडौंको हाम्रो दृष्टिकोणतर्फ एक ठुलो कदम हो। कजरियाको उपस्थिति यहाँको स्थानीय बजार र हाम्रा जनताप्रति राखिएको विश्वासलाई प्रतिबिम्बित गर्दछ।'

कजरिया रमेश टाइल्स लिमिटेडका निर्देशक हिमांशु अग्रवालले कम्पनीले नवप्रवर्तन र ग्राहक सन्तुष्टिलाई प्राथमिकता दिएको बताए। 'काठमाडौंमा नयाँ सोरुम खोल्दै, हामी उत्कृष्ट डिजाइन, टिकाउपन र केही नयाँ ग्राहकसम्म ल्याउँदै छौं। कजरिया सधैं गुणस्तरका लागि चिनिएको छ, र यो नयाँ सोरुम त्यसैको प्रमाण हो। हामी नेपालजस्तो विकासोन्मुख देशको यात्रामा सहभागी हुन पाउँदा खुसी छौं र यहाँका ग्राहकसँग लामो सम्बन्ध बनाउने आशा राखेका छौं,' उनले भने। जोरपाटीमा अवस्थित नयाँ सोरुममा उच्च गुणस्तरका टाइलहरूको व्यापक संग्रह प्रदर्शित गरिएको उनको भनाइ छ।

दुसित होटेल्सको आइपिओ बिक्री प्रबन्धक सिटिजन्स क्यापिटल

काठमाडौं/ ओमस्टोन होटेल्स लिमिटेड (दुसित थानी हिमालयन रिसोर्ट) र सिटिजन्स क्यापिटल लिमिटेडबिच साधारण सेयर निष्कासन तथा बिक्री प्रबन्धक नियुक्तिसम्बन्धी सम्झौता भएको छ।

सम्झौतामा ओमस्टोन होटेल्सको तर्फबाट प्रबन्ध निर्देशक रमेशकुमार हमाल र सिटिजन्स क्यापिटल लिमिटेडका प्रमुख कार्यकारी अधिकृत सबिर बादे श्रेष्ठले हस्ताक्षर गरेका हुन्।

सम्झौताअनुसार सिटिजन्स क्यापिटलले दुसित थानी हिमालयन रिसोर्ट (ओमस्टोन होटेल्स लिमिटेड)को प्राथमिक सेयर सार्वजनिक निष्कासनका लागि बिक्री प्रबन्धकको कार्य गर्नेछ।

• GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL •

ऋणी राम बहादुर श्रेष्ठलाई कर्जा चुक्ता गर्न आउने सम्बन्धी ३५(पैतिस) दिनको अत्यन्त जरुरी सूचना

प्रकाशित मिति: २०८२/०५/१९

यस गुडविल फाइनान्स लिमिटेड (वित्तीय संस्था)को प्रधान कार्यालयबाट तपाई ऋणीले कर्जा लिनु भएकोमा उक्त कर्जाको लिखत बमोजिम यस वित्तीय संस्थामा बुझाउनु पर्ने मासिक किस्ता लगायतका अन्य रकम समेत नबुझाई ऋण कर्जा सम्बन्धी शर्त एवं बन्देज उल्लंघन गर्नु भएको र सो सम्बन्धमा तपाईलाई पटक पटक लिखित, मौखिक तथा घर ठेगानामा समेत आई तरताकेता गर्दा समेत सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धमा कुनै चासो नदेखाई बेवास्ता गर्नु भएकोले सो ऋण कर्जाको सम्पूर्ण रकम चुक्ता भुक्तान गर्न आउनु हुन सम्बन्धित ऋणी तथा व्यक्तिगत जमानी बस्ने समेतको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५(पैतिस) दिन भित्र तपाईले यस वित्तीय संस्थामा सम्पर्क राखी उक्त ऋण कर्जाको सम्पूर्ण रकम अविलम्ब चुक्ता भुक्तान गर्नु होला अन्यथा संस्थाको नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ एवं प्रचलित कानून बमोजिम वा अन्य कुनै ब्यवस्था गरी यस संस्थाको लेना रकम असुल उपर गरिने तर्फ कारवाही गरिने र उक्त कर्जा असुल उपर हुन नसकेमा प्रचलित कानून बमोजिम सम्बन्धित ऋणी तथा जमानीकर्ताको चल अचल जायजेथा सम्पत्तिबाट असुल उपर गरिने व्यहोरा सम्बन्धित ऋणी तथा जमानीकर्तालाई सूचित गरीन्छ। साथै नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम ऋणी तथा सम्बन्धित व्यक्तिको नाम कर्जा सूचना केन्द्र लिमिटेडको कालो सूचिमा समावेश गरिने ब्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ।

तपसिल

ऋणीको विवरण:
नाम: राम बहादुर श्रेष्ठ, ना.प्र.नं.: ५९४८-६०४८२, जारी मिति: २०५७-१२-२२, जि.प्र.का. काठमाडौं, ठेगाना: का.जि. का.म.न.पा. वडा नं. १४, स्थायी ठेगाना भई हाल ऐ.ऐ.,बस्ने, बाजे: धनमान श्रेष्ठ, बाबु: चन्द्र बहादुर श्रेष्ठ, कर्जा: पेशागत।

व्यक्तिगत जमानीकर्ता:
नाम: सीता महर्जन, ना.प्र.नं.: ५४७९, जारी मिति: २०६१/०८/०७, जि.प्र.का. काठमाडौं, ठेगाना: का.जि. का.म.न.पा. वडा नं. १४, स्थायी ठेगाना भई हाल ऐ.ऐ. बस्ने, बाजे: भुयुचा महर्जन, बाबु: कृष्ण बहादुर महर्जन, पति: राम बहादुर श्रेष्ठ

गुडविल फाइनान्स लिमिटेड (वित्तीय संस्था)
GOODWILL FINANCE LIMITED
नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको इजाजतप्राप्त राष्ट्रियस्तरको संस्था

केन्द्रिय कार्यालय
हात्तीसार, काठमाण्डौं, पो.ब.नं. ८८६७
फोन: ४५४४०३५, फ्याक्स: ४५४३४१४
इमेल: info@goodwill.net.np

• GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL •

एन आई सी एशिया बैंक लिमिटेड
NIC ASIA
एन आई सी एशिया बैंक लि.
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०, टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

